वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन सम्बन्धी
सूचना तथा परामर्श केन्द्रका परामर्शदाताहरूका लागि

# सहयोगी निर्देशिका







SaMi
Safer Migration Project

SAFE
Safe Migration
for Migrant Workers

वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन सम्बन्धी
सूचना तथा परामर्श केन्द्रका परामर्शदाताहरुका लागि

# सहयोगी निर्देशिका







SaMi
Safer Migration Project

SAFE
Safe Migration for Migrant Workers

**प्रकाशक:**
सुरक्षित आप्रवासन परियोजना (सामी), हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपाल र कोलम्बो प्रोसेस सदस्य राष्ट्रहरुमा पुनरावृत्तिका लागि बंगलादेश, इन्डोनेसिया, नेपाल र फिलिपिन्समा श्रम आप्रवासन व्यवस्थापनको क्षमता सुदृढीकरण - सेफ, अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम)

संयोजनः सुरक्षित आप्रवासन परियोजना (सामी), हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपाल
**सर्वाधिकार** : प्रकाशकमा सुरक्षित रहने छ ।
यो निर्देशिकामा व्यक्त भएका विचारहरुले सहयोगी संस्थाहरुको संस्थागत विचारलाई प्रतिनिधित्व गरेको मानिने छैन ।

प्रकाशन वर्ष : २०७१
प्रकाशित प्रतिः ५००
**मुद्रण** : क्रियटिभ ईरा

फोन नं. : ४२११९११, ४२११९८४,
४२११६१६, ४२११९६३
फ्याक्स नं. : ९७७-१-४२११८७७
Website : www.mole.gov.np
e-mail : info@mole.gov.np

**नेपाल सरकार**

# श्रम तथा रोजगार मन्त्रालय

सिंहदरवार
काठमाण्डौं, नेपाल

पत्र सख्या. ०७०।७१
चलानी नं :-
प्राप्त पत्र संख्या र मितिः-

मिति : २०७१।१।३

## शुभ-कामना

रोजगारीका लागि नेपाली युवायुवतीहरू वैदेशिक रोजगारमा जाने क्रम वर्षेनी बढ्दो क्रममा छ । सरकारीस्तरबाट आन्तरिक रोजगार सिर्जना र प्रबर्द्धनको लागि नीतिगत र कार्यगत प्रयासहरू हुँदा-हुँदै पनि वार्षिक रूपमा श्रम बजारमा आउने गरेको करीब ४ लाख ५० हजार श्रमशक्ति सबैले स्वदेशमानै रोजगारी पाउने अवस्था नभएको यथार्थता हाम्रो साम् रहेको छ । वैदेशिक रोजगारबाट नेपाली श्रमशक्तिलाई रोजगारी र आय आर्जनको अवसर मिल्नुको साथ साथै राज्यलाई ठूलो मात्रामा विप्रेषणको रूपमा विदेशी मुद्रा प्राप्त भैरहनु पनि अर्को सकारात्मक पक्ष हो । तर वैदेशिक रोजगारीमा जाने बहुसंख्यक जनशक्ति न्यून साक्षर र अदक्ष किसिमका भएको, तिनीहरूमा यथेष्ट जनचेतनाको कमी रहेको, गैरकानूनी रूपमा विभिन्न संघ संस्था तथा व्यक्तिको प्रलोभनमा परी लागत खर्च बढी तिर्नु परिरहेको, तोकिए अनुसारको पारिश्रमिक, आवास सुविधा र सुरक्षा नपाउने जस्ता विसंगति एवम् ठगीका घटनाहरू पनि दिनहुँ वृद्धि भइरहेको स्थिति अर्कोतर्फ देखा परिरहेको छ ।

उल्लेखित यथार्थतालाई हृदयङ्गम गरी स्वीस सरकारको सहयोगमा कार्यान्वयन भैरहेको सुरक्षित आप्रवासन परियोजनाको दोश्रो चरणको अवधि (सन् २०१३ देखि सन् २०१७) सम्म १९ जिल्लामा स्थानीय स्तरसम्म वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई सूचना, सीप र तालीम एवम् न्यायको पहुँच बढाउने, संगसंगै केन्द्रीयस्तरमा सेवा प्रदायक निकायहरू वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड र वैदेशिक रोजगार न्यायाधिकरणको सुदृढीकरण गरी कार्य दक्षता अभिवृद्धि गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन यो परियोजना क्रियाशील रहेको छ । साथै यस मन्त्रालयको सहमति र युरोपियन युनियनको सहयोगमा अन्तर्राष्ट्रिय आप्रवासन संगठन (International Organization for Migration) द्वारा संयुक्त रुपमा सञ्चालन भैरहेको वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षित आप्रवासन कार्यक्रम (SAFE) समेतको सहयोग यस निर्देशिका उत्पादन र प्रकाशनमा रहेबाट मलाई झनै खुसी लागेको छ ।

परियोजनाको अभिन्न कार्यक्रमको रूपमा प्रकाशित प्रस्तुत सूचना तथा परामर्श सम्बन्धी मार्ग निर्देशिकाको कार्यान्वयनबाट परियोजनाले लक्षित गरेका उपलब्धी हासिल गर्न ठोस मद्दत पुग्नेछ भन्ने शुभ-कामना सहित प्रस्तुत सहयोगी निर्देशिका प्रकाशनमा संलग्न सबैलाई हार्दिक धन्यवाद समेत दिन चाहन्छु ।

सुरेश मान श्रेष्ठ
सचिव

# प्रकाशकीय

वैदेशिक रोजगारका लागि सुरक्षित आप्रवासनका सम्वन्धमा समान उद्धेश्य भएका सबै सूचना तथा परामर्श केन्द्रहरुबाट प्रदान गरिने सूचना तथा परामर्शको एकरुपता, कामदार तथा उनीहरुको परिवारहरुको हकहितका लागि ऐकेवद्धता, समन्वय र परस्पर सिकाईलाई अभिवृद्धि गर्ने कार्यमा परामर्शदाताहरुलाई सहयोगी हुने विश्वासका साथ यो निर्देशिका तयार गरी प्रकाशनमा ल्याउँन पाउँदा हामीलाई ज्यादै खुशी लागेको छ ।

यस निर्देशिकालाई पूर्णता प्रदान गर्नका लागि महत्वपूर्ण सुझाव तथा सल्लाह प्रदान गर्नुहुने नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयका सचिव श्री सुरेशमान श्रेष्ठ, सहसचिव श्री वुद्धि वहादुर खड्का, उपसचिव श्री गिरिजा शर्मा, उपसचिव श्री देवराज ढकाल, सुरक्षित आप्रवासन परियोजना समन्वय इकाईका परियोजना संयोजक श्री सूर्य प्रसाद भण्डारी, परियोजनाका प्राविधिक सल्लाहकार श्री वारवरा वेयरस्यान, सामी परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत श्री वसन्त कुमार कार्की, अन्तराष्ट्रिय आप्रवासन संगठन (आईओएम)का नीति तथा कार्यक्रम सल्लाहकार डा. मीना पौडेल, राष्ट्रिय कार्यक्रम अधिकृत श्री प्रविणा गुरुङ तथा कार्यक्रम सहायक श्री पूर्णिमा लिम्वु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

निर्देशिकाको लेखन तथा संयोजन कार्यमा संलग्न कार्यक्रम अधिकृत श्री रोनी प्रधान, तालिम व्यवस्थापन अधिकृत श्री सनत प्रसाद सापकोटा, जिल्ला स्तरमा समन्वय तथा श्रोत संकलन र परिक्षणमा सहयोग गर्नुहुने जिल्ला परियोजना अधिकृतहरु श्री विजय ठाकुर (सर्लाही), श्री भक्त कुमार राई (खोटाङ) र सामी परियोजनाको सर्लाही तथा खोटाङ जिल्लाका परामर्शदाताहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।

प्रस्तुत निर्देशिकाले वैदेशिक रोजगारीमा जाने तथा जाने मनसाय राखेका र वैदेशिक रोजगारको सिलसिलामा समस्यामा परेका व्यक्तिहरु र उनीहरुका परिवारहरुलाई प्रभावकारी सूचना प्रदान गर्न सहयोग पुऱ्याउने र सेवाग्राहीले प्रर्याप्त र प्रभावकारी सूचना तथा जानकारी प्राप्त गरी अधिकतम लाभ प्राप्त गर्न सक्षम हुनेछन् भन्ने आशा गरिएको छ ।

## विषय सूची


| | | | |
|---|---|---|---|
| १. | परिचय | | १ |
| | १.१. | निर्देशिकाबारे छोटो जानकारी | १ |
| | १.२. | सूचना तथा परामर्श केन्द्रले उपलब्ध गराउने सेवाहरू | २ |
| | १.३. | लक्षित समूह | ३ |
| २. | परामर्शदाताले ध्यान दिनुपर्ने आधारभूत कुराहरू | | ५ |
| | २.१. | सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा परामर्श केन्द्र र परामर्शदाताहरूले गर्न हुने र गर्न नहुने कार्यहरू | ६ |
| | २.२. | परामर्शदाताले निर्देशिका प्रयोग गर्ने तरिका | ७ |
| | २.३. | यस निर्देशिकाका सिमितताहरू | ७ |
| ३. | प्रथम भाग : सहभागीहरूको परिचय | | ९ |
| ४. | दोस्रो भाग : पहिलो भेटघाटमा विश्वासको वातावरण सृजना | | ११ |
| ५. | तेस्रो भाग : घरेलु महिला कामदारका लागि परामर्श | | १५ |
| ६. | चौथो भाग: अवस्था अनुसारको व्यक्तिगत परामर्श | | २३ |
| | ६.१. | वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिको अवस्था र प्रदान गर्ने सूचनाको पहिचान | २३ |
| | ६.२. | वैदेशिक रोजगारीमा जाने वा नजाने द्विविधाजनक अवस्था | २६ |
| | ६.३. | पासपोर्ट बनाउने प्रक्रियामा रहेको अवस्था | ३२ |
| | ६.४. | एजेन्टको सम्पर्कमा रहेको अवस्था | ३८ |
| | ६.५. | कुनै व्यक्तिले रोजगार व्यवसायी (म्यानपावर एजेन्सी) भेटेपछिको अवस्था | ४३ |
| | ६.६. | भिषा पाइसकेको अवस्था | ४५ |
| | ६.७. | कुनै व्यक्ति सबै प्रक्रिया पूरा गरि विदेश जाने तयारीमा रहेको अवस्था | ५० |
| ७. | सूचना तथा परामर्श परीक्षण सूची | | ५३ |
| ८. | हाते सामाग्रीहरू | | ६० |

## महत्वपूर्ण केही शब्दहरू:

- **कामदार**: वैदेशिक रोजगार पाएको/पाउने नेपाली नागरिक
- **वैदेशिक रोजगार** : कामदारले विदेशमा पाउने रोजगार
- **वैदेशिक रोजगार व्यवसाय** : वैधानिक रुपमा नेपाली नागरिकलाई विदेशमा रोजगारी उपलब्ध गराउन सञ्चालन गरेको व्यवसाय
- **इजाजतवाला** : वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वैदेशिक रोजगार ऐन २०६४ बमोजिम इजाजतपत्र प्राप्त व्यवसायी
- **गन्तव्य मुलुक** : वैदेशिक रोजगारीका लागि पुग्ने देश
- **परामर्शदाता** : सुरक्षित वैदेशिक रोजगारका लागि स्थापित सूचना तथा परामर्श केन्द्रका परामर्श दिने व्यक्ति
- **सेवाग्राही** : सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रमा सूचना तथा परामर्श सेवा प्राप्त गर्न आउँने व्यक्तिहरु

# १ परिचय



फोटो स्रोत : आईओएम

## १.१ निर्देशिकाबारे छोटो जानकारी:

नेपालबाट प्रति दिन करिब १५०० देखि २००० नेपाली युवाहरू रोजगारीका लागि विदेशिने गरेका छन् । वि.सं. २०७० पुस मसान्तसम्म नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको संख्या ३१,४४,९१७[1] रहेको छ । श्रम स्वीकृति नलिई विदेश गएका, छिमेकी मुलुक भारतमा श्रमका लागि गएका, अमेरिका, युरोपलगायत अन्य देशहरूमा अध्ययन, व्यापार र स्थायी बसोबासका लागि विदेशिएका नेपालीहरू समेतको तथ्यांक हेर्ने हो भने नेपालको जनसंख्याको अनुपातमा सबैभन्दा बढी मानिस आप्रवासनमा जाने देशको रुपमा अनुमान गर्न सकिन्छ ।  वैदेशिक रोजगारीबाट पठाईने विप्रेषण (Remittance) ले देशको कुल गार्हस्थ्य उत्पादनको करिब २२.४ प्रतिशत हिस्सा ओगटेको छ भने करिब ५६ प्रतिशत घरमा विप्रेषण पुगेको छ । तथापी रोजगारीको सिलसिलामा विदेश जाने कामदारहरूमध्ये करिब ८० प्रतिशत व्यक्तिहरू सीप तथा आवश्यक जानकारी प्राप्त नगरी विदेश गएको प्रारम्भिक अनुमान छ । आवश्यक सूचना तथा सीप बिना विदेश जाँदा कामदारहरूलाई भनिएको कामभन्दा फरक काम गर्नु पर्ने, कम ज्याला प्राप्त गर्ने, जोखिमयुक्त कामहरू गर्नु पर्ने, मानसिक तथा शारीरिक कष्ट सहनु पर्ने र अवैधानिक रुपमा बस्न बाध्य हुने, जसले गर्दा थप कानुनी जोखिमहरू सामना गर्नुपर्ने र न्यूनतम मानवअधिकारबाट समेत वञ्चित हुनुका साथै कतिपय अवस्थामा ज्यानै जाने अवस्था पनि देखिएको छ ।

सुरक्षित आप्रवासन परियोजना ( सामी ) नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौता बमोजिम सन् २०१३ जुलाईदेखि २०१७ जुलाईसम्म (दोस्रो चरण)मा कार्यान्वयन भइरहेको छ । नेपाल सरकारका तर्फबाट श्रम तथा

१. वैदेशिक रोजगार विभाग, २०७०

रोजगार मन्त्रालय र हेल्भेटास स्वीस इन्टरकोअपरेसनले संयुक्तरुपमा काठमाडौंसहित १९ वटा जिल्लाहरू[२] छनोट गरी यो परियोजना कार्यान्वयनमा ल्याइएको हो । सम्भावित आप्रवासी कामदार, वैदेशिक रोजगारबाट फर्किएका आप्रवासी कामदार, आप्रवासी कामदारका परिवार, विद्यालयका विद्यार्थीहरू, सञ्चार क्षेत्र तथा समाजका विभिन्न समूहहरूलाई आवश्यकताअनुसार सूचना, सीप, न्यायको पहुँच, मनोसामाजिक परामर्श सेवा, पैरवी, पुर्नस्थापन, क्षमता विकासजस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

सुरक्षित आप्रवासनसम्बन्धी सूचना तथा परामर्श केन्द्रले वैदेशिक रोजगारका लागि प्रोत्साहन निरुत्साहन दुवै नगरी आवश्यक जानकारी तथा सूचनाहरू प्रदान गरी वैदेशिक रोजगारीमा जाने वा नजाने निर्णय लिन सहयोग पुऱ्याउछ । वैदेशिक रोजगारमा जान स्वनिर्णय गरेका व्यक्तिहरू र उनीहरूका परिवारलाई आवश्यक तथा लाभदायक सूचना, जानकारीहरू प्रदान गरी वैदेशिक रोजगारीलाई सुरक्षित तथा अधिकतम उपलब्धीमूलक बनाउन सहयोग गर्ने उद्देश्यका साथ विभिन्न जिल्लाहरूमा सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा परामर्श केन्द्रहरू सञ्चालित छन् । उक्त सूचना तथा परामर्श केन्द्रहरूबाट प्रदान गरिने सूचनाको गुणस्तर, एकरुपता र प्रभावकारिता अभिवृद्धि गरी सबैलाई बढी भन्दा बढी फाइदा उठाउन सहयोग पुग्ने अपेक्षाका साथ यो सहयोगी निर्देशिका तयार गरिएको हो ।

सुरक्षित वैदेशिक रोजगारको साझा उद्देश्य पूर्तिका लागि सहयोग पुग्ने उद्देश्यले अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम)ले नेपालमा सन् २०१० मा आप्रवासी सूचना केन्द्र स्थापना गरेको थियो । उक्त सूचना केन्द्र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा रहेको छ । मानव बेचबिखनमा पर्नबाट बच्न वा श्रम स्वीकृतिको प्रकृयामा नै हुने ठगीबाट जोगिन तथा कामदारले रोजगार व्यवसायी (एजेन्सीहरू)सँग वार्ता गर्नसक्ने क्षमता बढाउन सहयोगका लागि चितवन र झापा जिल्लामा पनि सुरक्षित वैदेशिक रोजगार सूचना केन्द्र स्थापना गरिएका छन् । आईओएमबाट यस्ता केन्द्र अन्य जिल्लाहरूमा पनि विस्तार गर्ने योजना रहेको छ । आईओएमबाट युरोपियन युनियनको सहयोगमा संचालित सेफ प्रोजेक्ट अर्न्तगत यस्ता केन्द्रहरू अन्य जिल्लाहरूमा पनि विस्तार गर्ने योजना रहेको छ ।

यो निर्देशिकालाई अर्थपूर्ण बनाउन सम्बन्धित विषयमा दक्ष व्यक्तिहरू, सुरक्षित आप्रवासन (सामी) परियोजनासँग सम्बन्धित व्यक्तिहरू, जिल्ला परियोजना संयोजक, सूचना केन्द्रका परामर्शदाताहरूसँग प्रत्यक्ष छलफल र सुझावहरू संकलन गरी वैदेशिक रोजगारका लागि आप्रवासनका सबै चरणमा उपयोगी हुने सूचना तथा जानकारीहरू समेटिएका छन् ।

निर्देशिकालाई व्यावहारिक रुपमा सरल र प्रभावकारी बनाउन सामी परियोजनाअन्तर्गत खोटाङ र सर्लाही जिल्लामा सञ्चालित सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रहरूमा यसको नमूना परीक्षण अभ्यास गरिएको थियो । निर्देशिकालाई स्रोत सम्पन्न बनाउन वास्तविक घटनामा आधारित घटना अध्ययनहरू, तस्बीर, जानकारीहरू र हाते सामाग्रीहरूको विकास गरी समावेश गरिएको छ ।

## १.२ सूचना तथा परामर्श केन्द्रले उपलव्ध गराउने सेवाहरू:

- सुरक्षित वैदेशिक रोजगारमा जान चाहनेहरूका लागि भरपर्दो तथा तथ्यमा आधारित आवश्यक सूचनाहरू उपलव्ध गराउने ।
- वैदेशिक रोजगारमा सीप तालिम लिएरमात्र जान अभिप्रेरित गर्ने, साथै निःशुल्क सीप तालिमका लागि सीफारिस गर्ने ।

२. दाङ, कास्की, नुवाकोट, सिन्धुपाल्चोक, उदयपुर, सिराहा, महोत्तरी, सिन्धुली, झापा, खोटाङ, सर्लाही, रामेछाप, नवलपरासी, सुनसरी, कैलाली, धादिङ, धुनषा र सप्तरी

- वैदेशिक रोजगारमा जाँदा लेखबद्ध भएर जान अभिप्रेरित गर्ने र यसका प्रकृयाहरूबारे जानकारी गराउने ।
- बीमा गराउँदा, स्वास्थ्य परीक्षण गराउँदा, करारनामामा हस्ताक्षर गर्दा र वैदेशिक रोजगार व्यवसायी कम्पनी छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरू जानकारी गराउने ।
- नेपाली राजदूतावास, वाणिज्य दूतावास, आप्रवासी नेपाली संघसंस्थाहरू र श्रम सहचारीहरूको जानकारी तथा सम्पर्क नम्बरहरू उपलब्ध गराउने ।
- गन्तव्य मुलुकमा बेपत्ता भएका वा जेलमा परेका नेपाली कामदारहरूको स्थिति पत्ता लगाउन र उद्धार गर्नका लागि सम्बन्धित निकाय, राजदूतावास अन्य सम्बद्ध संघसंस्थामा पत्राचार र अनुरोध गर्ने ।
- ठगी मुद्दाहरूको कानुनी उपचारका लागि सम्बन्धित निकायमा पहुँच बढाउन सहयोग गर्ने ।
- मृत्यु भएका र अङ्गभङ्ग भएका  कामदारको हकमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट क्षतिपूर्ति उपलव्ध गराउन आवश्यकता अनुसार सहजिकरण गर्ने ।
- हप्तामा एक दिन वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित सूचनाहरू अध्यावधिक गर्ने ।
- सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित सामग्रीहरूको उत्पादन र वितरण गर्ने । साथै सरकारी निकाय तथा अन्य सम्बद्ध संस्थाहरूले तयार पारेका सामग्रीहरू पनि आवश्यकता अनुसार वितरण गर्ने ।

## १.३ लक्षित समूहः

- वैदेशिक रोजगारमा जाने उद्देश्यले जिल्ला प्रशासन वा इलाका प्रशासन कार्यालयमा पासपोर्टको लागि फर्म भर्न आउने नागरिकहरू
- स्थानीय स्तरका संस्थाहरू, सामाजिक परिचालक तथा सामुदायिक सहजकर्ताहरूले सीफारिस गरी पठाएका सम्भावित आप्रवासीहरू
- सम्भावित वैदेशिक रोजगार आप्रवासीहरूका साथीहरू तथा उनीहरूका परिवारका सदस्यहरू र आफन्तहरू
- वैदेशिक रोजगारीको सिलसिलामा ठगिएका वा पीडित व्यक्तिहरू
- वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्शका लागि आउने अन्य व्यक्तिहरू

# २ परामर्शदाताले ध्यान दिनुपर्ने आधारभूत कुराहरू



फोटो स्रोत : आईओएम

परामर्शका क्रममा परामर्शदाताले सेवाग्राहीको आवश्यकता, इच्छा र अनुकूलता ख्याल राखी सूचनाहरू प्रष्ट, पर्याप्त र प्रभावकारी तरिकाबाट प्रदान गर्नु पर्दछ । प्रभावकारी रुपमा परामर्श प्रदान गर्दा निम्न कुराहरूलाई ध्यानमा राख्नु पर्दछ :

क) सूचना तथा परामर्श केन्द्रमा आउने व्यक्तिहरूसँग घुलमिल हुनसक्ने, पछिसम्म सम्बन्ध गाढा बनाउन सहयोग पुग्ने व्यवहार, सक्रीयता, आत्मीयता, सहयोगी र स्वागतयोग्य व्यवहार प्रदर्शन गर्नु पर्दछ ।

ख) सूचना तथा परामर्श लिन आउने व्यक्तिको अवस्था र सूचना लिन आउनुको उद्देश्य राम्रोसँग थाहा पाउनु पर्दछ ।

ग) सामाजिक तथा व्यक्तिगत मूल्य मान्यता र भावनामा चोट नपुग्ने तरिकाले परामर्श प्रदान गर्नु पर्दछ ।

घ) कुन व्यक्तिलाई कस्तो सूचना दिने भन्ने कुरा निर्धारण भएपछि मात्र परामर्श सुरु गर्नु पर्दछ ।

ङ) सूचना प्राप्त गर्ने व्यक्तिको सूचना ग्रहण गर्ने क्षमता, शिक्षा तथा अनुभवको आधारमा सूचना प्रदान गर्ने विधिको चयन गर्ने ।

च) धेरै जनालाई एकै पटक परामर्श गर्नुपर्ने अवस्थामा उनीहरूको सरोकार, चासो र चाहना मिल्ने व्यक्तिहरूलाई समूह बनाइ समूहअनुसार फरक फरक परामर्श प्रदान गर्ने ।

छ) सल्लाह सुझाव दिँदा, कुराकानी गर्दा परामर्शदाताले आफ्नोतर्फबाट मात्र कुरा नगरी सेवाग्राहीहरूले सूचना सही तरिकाबाट लिइरहेका छन्, छैनन वा सेवाग्राहीको आवश्यकता सूचनाले पूरा गरेको छ छैन भनेर बीचबीचमा जाँच गर्ने । सहभागीहरूलाई पनि प्रश्न गर्ने, जिज्ञासाहरू राख्ने, शारीरिक हाउभाउको अवलोकन गर्ने र उनीहरूको आवश्यकतालाई बढी ध्यान दिने ।

ज) परामर्श प्रदान गर्दा निर्भिकताका साथ सही, तथ्यमा आधारित, अध्यावधिक सूचनाहरूलाई सम्मानजनक तरिकाबाट प्रदान गर्ने ।

झ) परामर्शका बेला परामर्श मोडिने, बहकिने र सेवाग्राहीको चासो भन्दा बाहिर जाने सम्भावना रहन्छ तसर्थ परामर्शका लागि विकास गरिएका निश्चित सूची तथा निर्देशिका प्रयोग गर्ने ।

ञ) परामर्शको अन्त्यमा परामर्शग्राहीको आवश्यकताअनुसार प्रदान गर्नुपर्ने हाते सामग्रीहरू, सम्पर्क ठेगाना तथा नम्बरहरू प्रदान गर्ने । साथै उक्त हाते सामग्रीहरूमा उल्लेखित जानकारीहरू आफैं अध्ययन गर्न र आफ्नो परिवारका सदस्यहरूलाई पनि जानकारी गराउन परामर्शग्राहीसँग अनुरोध गर्ने ।

ट) भविष्यमा पनि सूचना तथा परामर्श आवश्यक भए सूचना तथा परामर्श केन्द्रमा आउन अनुरोध र उत्प्रेरित गर्ने ।

ठ) विदेश जाने तीव्र इच्छा भएका व्यक्तिहरू, पासपोर्ट बनाउने क्रममा हतारमा रहेका व्यक्तिहरूलाई सूचना प्रदान गर्दा उनिहरूको ध्यान सूचना तथा परामर्श लिनेतर्फ कम हुनसक्छ । ठगी वा धोका दिने मनसाय भएका कुनै व्यक्ति, एजेन्ट, म्यानपावर कम्पनीले उनीहरूलाई सूचना तथा परामर्श केन्द्रले प्रदान गर्ने सूचनामा ध्यान नदिनु भनेका हुनसक्छन् । त्यसकारण परामर्शदाताले सूचना तथा परामर्श केन्द्रलगायत आफ्नो परामर्श शैली आकर्षक र चाखलाग्दो बनाउनु अत्यावश्यक हुन्छ ।

ड) परामर्शदातालाई पूर्ण जानकारी नभएका विषयवस्तु र प्रश्नहरू आउन सक्छन् । त्यस्तो अवस्थामा आफूलाई थाहा नभएका विषयबारे अहिले थाहा छैन । सम्बन्धित व्यक्ति र संस्थासँग सम्पर्क गरी तपाईलाई जानकारी गराउँछु भन्ने र फलोअप (follow up) सूचीमा राखी पछि जानकारी गराउने ।

ढ) सूचना तथा परामर्शग्राही महिला भए वा कुनै व्यक्तिले अन्य व्यक्तिहरूको उपस्थितिमा आफ्नो कुरा राख्ने अवस्था नभएमा, गोप्यरुपमा वा विशेष परामर्शको अनुरोध गरे छुट्टै परामर्श उपलब्ध गराउने ।

## २.१ सुरक्षित आप्रवासन सम्बन्धी सूचना तथा परामर्श केन्द्र र परामर्शदाताहरूले गर्न हुने र गर्न नहुने कार्यहरू:

| गर्न हुने कार्यहरू | गर्न नहुने कार्यहरू |
|---|---|
| • सेवाग्राहीसँग परिचय (मित्रवत व्यवहार) गर्ने ।<br>• सेवाग्राहीको जिज्ञासा र अपेक्षाको पहिचान गर्ने ।<br>• सेवाग्राहीको जिज्ञासा र अपेक्षा राम्ररी सुनेर मात्र सही र निष्पक्ष सूचना प्रदान गर्ने ।<br>• आफूलाई जानकारी नभएको कुराबारे पछि कुनै माध्यमबाट पत्ता लगाएर खबर गर्छौं भनि विनम्र अनुरोध गर्ने ।<br>• सम्बन्धित निकायसँग सत्य तथ्य कुराको पूर्ण जानकारी लिने ।<br>• गैर सरकारी संघ संस्था, वैदेशिक रोजगार प्रर्वद्धन बोर्ड र आप्रवासी सूचना केन्द्रहरूसँग निरन्तर समन्वय गर्ने ।<br>• सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित जानकारी निरन्तर लिने प्रयास गर्ने ।<br>• सेवाग्राहीलाई सही जानकारीद्वारा हौसला प्रदान गर्ने ।<br>• सेवाग्राहीलाई सम्बन्धित निकायमा सीफारिस गर्ने ।<br>• सबै संघ संस्थाहरूसँग सुमधुर संम्बन्ध कायम राख्ने ।<br>• पीडितलाई सम्बन्धित निकायमा कारबाहीका लागि आवेदन दिन प्रोत्साहन दिने । | • झूटा आश्वासन दिने कार्य गर्ने ।<br>• बिना तथ्य अनुमानका आधारमा सूचना दिने ।<br>• श्रम आप्रवासनका लागि उत्प्रेरित वा निरुत्साहित गर्ने ।<br>• कुनै गन्तव्य मुलुकका लागि सीफारिस गर्ने ।<br>• कुनै पनि निर्दिष्ट एजेन्ट, व्यक्ति, रोजगार व्यवसायीमार्फत रोजगारमा जान सीफारिस गर्ने ।<br>• ठगी गर्ने म्यानपावर कम्पनी वा एजेन्टलाई व्यक्तिगत रुपमा कूटपीट गर्ने, धम्क्याउने वा आफैं कारबाही गर्ने ।<br>• वैदेशिक रोजगारका लागि पैसा उठाउने, जमानी बस्ने, कागजात संकलन गर्ने । |

## २.२ परामर्शदाताले निर्देशिकाको प्रयोग गर्ने तरिका:

१. सूचना तथा परामर्श केन्द्र र परामर्शदाताले प्रदान गर्ने सूचना तथा जानकारीहरूको अभिप्राय, उद्देश्य सेवाग्राहीले नबुझेको पनि हुन सक्दछ। त्यसकारण सूचना केन्द्रको छोटो परिचय तथा भूमिका प्रस्तुत गर्ने र व्यक्तिगत परिचय क्रम अगाडि बढाउने ।

२. पहिलो पटक सूचना तथा परामर्श लिन आएका व्यक्तिहरू र थप परामर्शका लागि आएका व्यक्तिहरू पहिचान गर्ने र अवस्थाअनुसार परामर्श उपलब्ध गराउने ।

३. पहिलो पटक सूचना लिन आएका सेवाग्राहीहरूलाई दोस्रो भाग : पहिलो भेंटघाटमा विश्वासको वातावरण सृजनामा उल्लेख भएअनुसार सूचना प्रदान गर्ने ।

४. वैदेशिक रोजगारीको प्रक्रियामा रहेका महिलाहरूलाई छुट्टै परामर्श उपलब्ध गराउनु पर्दछ। घरेलु कामदारका रुपमा वैदेशिक रोजगारमा जाने सोच बनाएका महिलाहरूका लागि तेस्रो भाग : घरेलु महिला कामदारका लागि परामर्शमा उल्लेख भए अनुसार परामर्श उपलब्ध गराउने ।

५. थप परामर्शका लागि आएका सेवाग्राहीहरूलाई उनीहरूको चासो र आवश्यकता पहिचान गरी सूचना तथा परामर्श उपलब्ध गराउने । यसका लागि चौथो भाग : अवस्था अनुसारको व्यक्तिगत परामर्शमा उल्लेख भएअनुसार सूचना प्रदान गर्ने । अवस्था अनुसार महत्वपूर्ण सूचनाहरू नछुटाइ प्रदान गर्न सहयोग पुऱ्याउनका लागि परीक्षण सूची (checklist) को प्रयोग गर्ने ।

६) परामर्शदाताले सूचना तथा परामर्श प्रदान गर्न सहयोग पुग्ने उद्देश्यले विभिन्न घटना अध्ययनहरू, परामर्शका नमूना उदाहरणहरू उल्लेख गरिएका छन्। उक्त विषयहरू अध्ययनपश्चात् व्यावहारिक र सान्दर्भिक तरिकाबाट प्रयोग गरी परामर्शदाताले सूचना तथा परामर्श कार्य प्रभावकारी बनाउने ।

७) परामर्शका क्रममा जति सक्दो बढी दृश्यात्मक र आवश्यकतामा आधारित भएर परामर्श प्रदान गर्ने। साथै निर्देशिकामा उल्लेख भएका तथ्यांकहरूको अद्यावधिकता र सान्दर्भिकतामा ध्यान दिने ।

८) परामर्शदाता अध्ययनशील भई, विषयवस्तुहरूसँग सम्बन्धित संघ संस्थाको गतिविधि, प्रकाशन र सूचनाहरूको जानकारी हासिल गरी अद्यावधिकता कायम राख्ने ।

९) घटना अध्ययनको विषयवस्तु र अन्य सन्दर्भमा कुनै व्यक्तिको नाम उल्लेख गर्नुपर्ने अवस्थामा गोपनीयताको अधिकार ख्याल राख्ने र नाम तथा ठेगाना गोप्य राख्ने ।

१०) अनुसूची तथा स्रोतसामग्रीहरूको आफूले पनि गहन अध्ययन गर्ने र आवश्यकताअनुसार हातेपत्रहरू प्रदान गर्ने। साथै सेवाग्राहीलाई पनि अध्ययन गर्न र सेवाग्राहीको परिवारमा जानकारी बाँड्न प्रोत्साहित गर्ने ।

११) यस निर्देशिकामा उल्लेख गरिएका विधि, प्रक्रियाअनुसार आवश्यक सूचना, परामर्श तथा हाते सामग्रीहरू उपलब्ध गराइसकेपछि सूचना तथा परामर्शका लागि केन्द्रमा आउनु भएकोमा धन्यवाद व्यक्त गर्दै फेरि पनि आउन अनुरोध गर्ने ।

## २.३ यस निर्देशिकाका सिमितताहरू:

- समस्यामा परेका कामदारहरू तथा परिवारका सदस्यहरूलाई गर्नुपर्ने थप परामर्शहरू यो निर्देशिकाले समेट्न नसकेको हुन सक्छ ।
- समय अन्तरालमा निर्देशिकामा उल्लेख गरिएका अवस्थाहरू र जानकारीहरू परिवर्तन हुन सक्छन् ।
- हरेक जिल्लाका विभिन्न समुदायबाट आउने व्यक्तिहरू फरक फरक पृष्ठभूमिबाट आउने हुँदा उनीहरूको संस्कृति, भाषा, भूगोल, बुझाइ, शैक्षिक स्तर फरक फरक हुने भएकाले बुझ्ने र बुझाउने कार्य सहज नहुन सक्छ ।
- थोरै समयमा धेरै महत्वपूर्ण सूचना तथा जानकारीहरू दिनुपर्ने भएकाले उक्त अवस्थामा निर्देशिकामा उल्लेख गरिएका सम्पूर्ण सामग्रीहरूको प्रयोग गर्न समय अभाव हुन सक्छ ।
- परामर्शदाताको व्यक्तिगत क्षमता र स्तर फरक फरक हुने हुँदा प्रभावकारी रुपमा परामर्श दिनु परामर्शदाताका लागि चुनौती हुन सक्छ ।

# सहभागीहरूको परिचय

## प्रथम भाग



फोटो स्रोत : सामी परियोजना, सूचना तथा परामर्श केन्द्र, धनगढी कैलाली

सूचना तथा परामर्श केन्द्रमा आउने व्यक्तिहरू सबैले सूचना तथा परामर्श केन्द्रले के गर्छ ? सूचना तथा परामर्शदाताले किन परामर्श उपलब्ध गराइरहेको छ ? भन्ने नबुझेका हुन सक्छन् । पहिलो भेटघाटमा सूचना तथा परामर्श केन्द्रको उद्देश्य, परामर्शदाताको छोटो परिचय दिएमा सूचना तथा परामर्श केन्द्र र परामर्शदाताप्रति सेवाग्राहीको विश्वास र भरोसा वृद्धि भइ प्रदान गरिएको सूचना तथा परामर्शको प्रभावकारीता बढ्न सक्छ ।

### उद्देश्यः

परामर्शदाताले परामर्श सुरु गर्नुअघि  आपसी परिचय गरी सहभागीसँग आत्मीयता बढाएर सूचना दिने र सेवाग्राहीले सूचना तथा परामर्श सहज रुपमा ग्रहण गर्ने वातावरण सिर्जना गर्ने ।

### आवश्यक सामग्रीहरूः

अनौपचारिक रुपमा परिचय गर्नुपर्ने भएकोले विशेष सामाग्रीहरूको प्रयोग आवश्यक नभए पनि सहज बसाइको व्यवस्था गर्ने र परिचय सुरु गर्ने ।

### परिचय विधिः

यद्यपि परिचय प्रक्रिया अगाडि बढाउन तल नमूना प्रश्नहरू दिइएका छन् । तल उल्लेखित नमूना प्रश्नहरूको आवश्यकता र अवस्थाअनुसार व्यावहारिक प्रयोग गर्न सक्नुहुनेछ ।

**वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरु सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा जानकारी लिन आउँदा सहजकर्ताले छोटकरीमा सूचना तथा परामर्श केन्द्रले सहयोग गर्नसक्ने विषयहरूबारे बताइ दिएर थप प्रश्न पनि सोध्न सक्नुहुनेछ ।**

## क्रियाकलाप उदाहरण:

- आफ्नो परिचय दिने : मेरो नाम चाहीँ ................हो । मेरो घर ..................गाउँ हो । म.......पदमा कार्यरत छु ।
- यो सूचना तथा परामर्श केन्द्रबारे तपाईले के के थाहा पाउनु भएको छ ?.................
  सेवाग्राहीबाट उत्तर पाइसकेपछि सूचना तथा परामर्श केन्द्रले गर्ने मुख्य कामहरूबारे छोटो जानकारी दिने र विषय प्रवेशका लागि अनुमति लिने
- कहाँबाट आउनु भयो ?
- घर कुन गाउँमा हो ?
- तपाईंको नाम के पऱ्यो होला ?
- यहाँ आउन कति समय/दिन लाग्छ ?
- सदरमुकाम चाहीँ के कामले आउनु भएको ?

**जस्तै :**

हामी वैदेशिक रोजगारीमा जानका लागि प्रोत्साहित गर्दैनौं साथै जसले वैदेशिक रोजगारीमा जाने निर्णय गर्नु भएको छ, उहाँहरूलाई निरुत्साहित पनि गर्दैनौं । वैदेशिक रोजगारीका लागि आप्रवासनमा जाने व्यक्तिहरू ठगी तथा जोखिममा नपरुन् र रोजगारीबाट बढी भन्दा बढी उपलब्धि हासिल होस् भन्ने हाम्रो उद्देश्य हो ।

हामी खास गरी सूचना त दिन्छौं नै । सँगसँगै अरु कुराहरूबारे पनि जानकारी दिन्छौं । सूचना दिनका लागि तपाईंसँग पनि केही प्रश्न चाहीँ सोध्छु है ? हुन्छ ?

दोस्रो भाग

# पहिलो भेटघाटमा विश्वासको वातावरण सृजना



फोटो स्रोत : सामी परियोजना, सूचना तथा परामर्श केन्द्र, मलंगवा, सर्लाही

प्रायः वैदेशिक रोजगारमा जाने सम्भाव्य आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको ठूलो भरोसा/विश्वास स्थानीय एजेन्टहरूमाथि हुन्छ । यसका प्रमुख कारणहरूमा एजेन्ट स्थानीय हुनु, आप्रवासी कामदारहरूका घरमा सजिलै पुग्नसक्नु, नागरिकता तथा पासपोर्ट बनाउन सहयोग गर्नु, उनीहरूसँग धेरै समय छलफल/परामर्श गर्नु र कतिपय अवस्थामा ती एजेन्टहरू आप्रवासी कामदारका नातागोताका हुनु वा साइनो गाँसिएका हुनु आदि हुन् । अर्कोतर्फ दिनानुदिन भैरहेको ठगीका घटनाहरू जस्तै, एजेन्टले पासपोर्ट लिइ युवाहरूलाई हैरान पार्नु, समयमा नपठाउनु/नउडाउनु, भनेको जस्तो काम नदिनु, समस्यामा परेका बेला आप्रवासी कामदारहरूले कुरा गर्न खोज्दा एजेन्टले मोबाइलको स्वीच अफ गरेर बसिदिनु र सम्पर्कबाहिर रहनु जस्ता व्यवहारका कारण आप्रवासी कामदार र उनीहरूका परिवारको एजेन्टहरूप्रतिको विश्वास डगमगाइरहेको छ । आप्रवासी कामदार तथा उनीहरूका परिवार अन्य विश्वसनीय संस्था/व्यक्तिहरूको खोजीमा छन् ।

यस्तो अवस्थामा पहिलो पटक सूचना तथा परामर्श केन्द्रमा आउने सेवाग्राहीहरूको विश्वास सूचना केन्द्रले जित्न सक्नुपर्छ । यसो भए सेवाग्राहीहरू पूनः सूचना तथा परामर्श केन्द्रमा आउने वातावरण बन्न सक्छ र विश्वसनीय सूचना प्राप्त गर्ने वातावरण बन्छ । प्रायः सूचना तथा परामर्श केन्द्रमा आउने सेवाग्राहीहरू पासपोर्ट बनाउन वा अन्य कामले आएका बेलामा सूचना तथा परामर्श केन्द्रमा आउने गर्छन् । यस्तो बेला उनीहरूसँग समय थोरै हुन्छ वा अर्को शब्दमा भन्ने हो भने उनीहरूको ध्यान पासपार्ट बनाउने वा अन्य कामतिर हुन्छ । त्यसैले यो भेटघाट प्रायः सानो (५ देखी १५ मिनेटको) हुन्छ र यसमा सूचना तथा परामर्श केन्द्रको राम्रो सञ्चारको कारणले विश्वासको स्थानान्तरण (एजेन्टबाट सूचना तथा परामर्श केन्द्रमा) गर्न सकियो भने मात्रै ती सेवाग्राहीहरू सूचना तथा परामर्श केन्द्रप्रति विश्वस्त भइ सूचना तथा परामर्श केन्द्रको नियमित सम्पर्कमा आउन सक्छन् र सत्य तथ्य सूचना लिइ वैदेशिक रोजगारको सिलसिलामा हुनसक्ने सम्भाव्य ठगी तथा जोखिमहरूबाट आफूलाई जोगाउन सक्छन् ।

तर विश्वास स्थानान्तरण गर्न सहज छैन, त्यसका लागि हाम्रो सूचना र सूचना दिने तरिका सेवाग्राहीको मन छुने खालको भएमात्र यो सम्भव हुन सक्छ। तसर्थ, पहिलो पटक आएका सेवाग्राहीहरूसँग निम्नअनुसार छलफल तथा कुराकानी गरियो भने विश्वासको वातावरण सिर्जना हुन सक्छ।

## नमूना उदाहरण:

- **वैदेशिक रोजगारीको नाममा व्यापक ठगी भैरहेको छ, तपाईं पनि पर्न सक्नुहुन्छ, तसर्थ सतर्क हुनुहोस्**
  दाजुभाइ तथा दिदीबहिनीहरू तपाईंहरू पनि वैदेशिक रोजगारीमा जाने विचारमा हुनुहुन्छ, कोही पासपोर्ट बनाउन आउनुभएको छ भने कोही अन्य कामले, त्यसैले तपाईंहरूको ध्यान पनि त्यसमै छ होला। तर आज एक छिन मात्रै हामी सबैजना छलफल गर्छौं र बाँकी महत्वपूर्ण कुराहरू फेरि अर्को दिन गरौंला। वैदेशिक रोजगारमा व्यापक ठगी भैरहेको के तपाईंहरूलाई थाहा छ ? तपाईंको गाउँका कोही छिमेकी वा आफन्त वा साथीभाइ त्यस्ता ठगीमा परेका छन् ? (सहभागीहरूका तीन चार वटा फरक फरक घटनाहरू सुन्ने र अवस्था अनुसार ती घटनालाई जोड्ने)।

- **ठगी र अरु समस्या त भैरहेको छ, त्यसबाट कसरी बच्ने केही जानकारी छ ?**
  केही जवाफहरू लिइसकेपछि तल उल्लेख गरिएका महत्वपूर्ण सूचनाहरूलाई हाम्रो समुदायमा घटिसकेका घटनाहरूबाट सिक्ने र आफूलाई नै पर्नसक्ने सम्भावित जोखिमहरूप्रति सजग गराउने तरिकाबाट सूचनाहरू उपलब्ध गराउने। तल उल्लेख गरिएका सावधानीहरूलाई छलफलका क्रममा जहाँबाट उठे पनि जोड्दै जोड्दै लाने तर अन्त्यमा सबै जानकारीहरू प्रदान भए नभएको ध्यान राख्ने।

### सतर्कता नं. १, इजाजतवाला रोजगार व्यवसायीमार्फत् श्रम स्वीकृति लिएर मात्र विदेश जाने

यस सम्बन्धमा हामी तपाईंहरूलाई एउटा घटना सुनाउँछौं। यसै निर्देशिकामा उल्लेख भएको घटना अध्ययन नं. ५ को प्रयोग गर्ने।

### सतर्कता नं. २, सम्बन्धित विषयमा सीप तालिम लिएर जाने

वैदेशिक रोजगारीमा सीप तथा तालिमको महत्वसम्बन्धी घटना अध्ययन नं. ३ र ४ को प्रयोग गर्ने।

### सतर्कता नं. ३, हरेक लेनदेनको भरपाई तथा रसिद लिने

पासपोर्ट अथवा रकम बुझाउँदा अनिवार्य रुपमा भरपाई वा रसिद लिनु पर्छ। भरपाईको महत्वसम्बन्धी घटना अध्ययन नं. ५ को प्रयोग गर्दै भरपाई र रसिदमा आफूले तिरेको रकम उल्लेख छ, छैन हेर्नुपर्छ भनी बताउने।

### सतर्कता नं. ४, सबै कागजपत्रहरुको एक प्रति घरमा छोड्ने

वैदेशिक रोजगारीका सिलसिलामा आवश्यक पर्ने कागजपत्रहरू आफूसँग र परिवारका सदस्यहरूसँग राख्दा हुने फाइदा र जोखिमबारे घटना अध्ययन नं.५ को प्रयोग गर्ने।

### सतर्कता नं. ५, सूचना तथा परामर्श केन्द्र तथा अन्य सम्बन्धित सहयोगी निकायहरुको सम्पर्क नं. तथा ठेगाना उपलब्ध गराउने ।

सूचना तथा परामर्श केन्द्र, वैदेशिक रोजगार विभागलगायत अन्य सम्बन्धित सहयोगी निकायहरूको सम्पर्क नम्बर तथा ठेगानाहरू दिने।

**आँखा चिम्लेर  कसैलाई पनि विश्वास नगर्नुस्, हरेक कागजपत्र तथा जानकारी हेर्नुस् र कुनै कुरा नबुझे प्रश्न सोध्नुहोस् ।**

**यदि कसैले तपाईंलाई आश्वासन दिन्छ भने त्यसको प्रमाण माग्ने गर्नुस् । जस्तै,**

| आश्वासन दिनेको भाषा | तपाईंको प्रश्न तथा खोजी |
|---|---|
| तलब धेरै हुन्छ,.............. | कति रुपैयाँ हुन्छ ? एग्रीमेन्ट कहाँ छ ? |
| ओभर टाइम धेरै हुन्छ, .......... | कति घण्टा हुन्छ ? कहाँ लेखिएको छ ? (कम्पनीले नदिन पनि सक्छ ) |
| कम्पनी गजब छ, ........... | खै पहिला को गएको छ ? त्यसको फोन नं. दिनुस् । (यदि फोन पाइयो भने फोन गरेर सोध्ने) |
| अरु कसैलाई नभन नत्र बिग्रन्छ, ................. | कसैलाई नभन्नु भनेमा एकदमै धेरै शंका गर्नुस् र झन् धेरै प्रमाण जम्मा गर्न ध्यान दिनुस्, नत्र ठूलो ठगीमा पर्ने सम्भावना हुन्छ । |

**समापन नोटः** सूचना केन्द्रले यस्ता कामहरू गर्छन् जसले तपाईंहरूजस्ता दाजुभाई दिदीबहिनीहरूको ज्ञान बढोस् र वैदेशिक रोजगारीको यात्रा सजिलो होस् । अरु कसैले तपाईंलाई जोगाउन सक्दैन, तपाईंले मात्र आफूलाई जोगाउन सक्नुहुन्छ र हामी तपाईंका साथी हौं । यदि तपाईंलाई वैदेशिक रोजगारसम्बन्धी कुनै कुरा बुझ्नु पर्‍यो भने हामी कहाँ आउनुस्, फोन गर्नुस् वा विदेश नै पुगिसक्नु भएको छ भने पनि हामी सजिलैसँग पुग्यौं भनी जानकारी गराउनुस् । तपाईं सकुशल भएको सुन्न र हेर्न पाए हामी खुसी हुनेछौं । तपाईंको सधैं उन्नति प्रगति होस् ।

हामीले तपाईंभन्दा पहिले पनि यस्ता परामर्श धेरै जनासँग गरिसकेका छौं । (उदाहरणका लागि ) त्यसै मध्येका एक जना आशिष सर्लाही जिल्लाको पडरिया गाविसका हुनुहुन्छ । विदेश जानुअघि हामीले भनेअनुसार  सावधानी नअपनाउँदा समस्यामा पर्नुभयो र फेरि सूचना केन्द्र आउनुभयो । सूचना केन्द्रले त्यसका लागि कानुनी प्रकृया अपनाएर उहाँलाई राहत दिलायो ।

हामी वैदेशिक रोजगारीलाई उत्साहित पनि गर्दैनौं र निरुत्साहित पनि गर्दैनौं । हाम्रो उद्देश्य वैदेशिक रोजगारीमा जाने निर्णय गरेका व्यक्तिहरूलाई सुरक्षित र धेरै उपलब्धीमूलक रोजगारीका लागि आवश्यक पर्ने सूचना तथा परामर्श प्रदान गर्नु हो । यो सूचना केन्द्र तपाईंको लागि हो र हामी तपाईंहरूका सहयोगी हौं । हामीलाई सम्झिनु होला । आज तपाईंहरूसँग समय थोरै भएकाले हामीले छलफल पनि थोरै गर्‍यौं । तर यससम्बन्धमा अझै धेरै जानकारीहरू लिनुपर्ने हुन्छ, जस्तै कस्तो एजेन्ट छनोट गर्ने, सबै प्रक्रिया पूरा गर्दागर्दै पनि ठगीमा परे न्याय पाउन कहाँ र कसरी सम्पर्क गर्ने, सीपको फाइदा तथा निःशुल्क सीप र कानुनी उपचारका लागि कहाँ सम्पर्क गर्नेजस्ता विषयहरूबारे जानकारी लिन आउँदै गर्नुहोला । हरेक हप्ता साप्ताहिक अभिमुखीकरण कार्यक्रम हुन्छ । कार्यक्रममा हामी भिडियो देखाउँछौं हेर्न आउनुहोला । धन्यवाद ।

## उपलब्ध गराउनु पर्ने न्यूनतम ५ वटा सूचनाहरु

१) इजाजतवाला रोजगार व्यवसायीमार्फत् वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र विदेश जाने ।

२) सीप तालिम लिएर जाने र सीप तालिम लिन आवश्यक सूचनाहरू प्रदान गर्ने ।

३) पासपोर्ट दिँदा र रकम बुझाउँदा बुझिलिएको भरपाई अनिवार्य लिनुपर्ने जानकारी प्रदान गर्ने ।

४) विदेश जानुअघि प्राप्त सबै कागजपत्रहरूको एक प्रति फोटोकपी घर परिवारमा र एक प्रति आफूसँग अनिवार्य रुपमा राख्ने ।

५) सूचना तथा परामर्श केन्द्रलगायत अन्य सम्बन्धित सहयोगी निकायहरूको नाम, सम्पर्क नम्बर र ठेगाना उपलब्ध गराउने ।

# तेस्रो भाग

## घरेलु महिला कामदारका लागि परामर्श



फोटो स्रोत : सामी परियोजना, सूचना तथा परामर्श केन्द्र, नवलपरासी

### घरेलु महिला कामदारका रूपमा वैदेशिक रोजगारीमा जान इच्छुक महिलाहरूका लागि परामर्श:

सेवाग्राही महिला भए उहाँहरूको विषय र सन्दर्भ सार्वजनिक रुपमा प्रस्तुत गर्नु उपयुक्त नहुन सक्छ। महिलासँग सम्बन्धित विषयहरू सामाजिक मूल्य मान्यताका आधारमा सम्वेदनशील हुनुका साथै महिलाले समूहमा आफ्ना कुरा राख्न हिच्किचाउने, लाज, डर मान्ने हुन सक्छ। यस्तो अवस्थामा महिलालाई छुट्टै र विशेष परामर्श सेवा प्रदान गर्नु अत्यावश्यक हुन्छ।

### उद्देश्यहरू:

- घरेलु कामदारका लागि आवश्यक पर्ने सीप, भाषा र व्यवहारको जानकारी प्रदान गर्ने।
- विदेश जाँदा प्रयोग गर्ने विमानस्थल, रोजगार व्यवसाय वा एजेन्टका विषयमा जानकारी प्रदान गर्ने।
- विदेशमा आवश्यक पर्ने सम्पर्क नम्बर, सम्पर्क स्थान र निकायहरूको जानकारी प्रदान गर्ने।
- घरेलु कामको प्रकृति तथा जोखिमहरूबारे जानकारी दिने।

### आवश्यक सामग्रीहरू:

- वैदेशिक रोजगारमा जाने कामदारले जान्नै पर्ने महत्वपूर्ण कुराहरू

- कफला प्रणालीका विशेषताहरू
- गन्तव्य मुलुकबारे जानकारीहरू
- सहयोगी निकायहरूको विवरण
- घरेलु महिला कामदारले बुझ्नु पर्ने कुराहरू

**विधि:**
छलफल, हाते सामग्रीको प्रयोग

## प्रक्रिया:

महिलाहरूका लागि छुट्टै परामर्श शुरु गर्दा कुन देश जान लागेको, को मार्फत् जान लागेको, पारिवारिक अवस्था कस्तो छ, जस्ता कुराहरू नम्र तरिकाबाट सोधी उहाँहरूलाई  बढी भन्दा बढी उहाँहरूका कुराहरू राख्ने मौका दिनु पर्छ। सबै कुरा सुनिसकेपछि मात्र आवश्यक जानकारी तथा हुनसक्ने जोखिमबारे जानकारी प्रदान गर्नु पर्छ।

घरेलु महिला कामदारको रुपमा विदेशमा काम गर्ने महिलाले मूलतः के-के काम गर्नुपर्छ, के-के समस्याहरू परिआउन सक्छन् ? जस्तै– विद्युतीय उपकरणको प्रयोग, लुगा धुने मेसिन चलाउने, खाद्यपदार्थ राख्ने- चिस्याउने फ्रिजको प्रयोग, लुगामा लगाउने इस्त्रीको प्रयोग, भूईं सफा गर्ने, भ्याकुम क्लिनर, भाँडा सफा गर्ने मेसिनको प्रयोग, खाना तताउने मेसिन ओभनको प्रयोग, बालबालिका तथा शिशु हेर्ने र स्याहारसुसार गर्ने, दैनिक १८/१९ घण्टासम्म पनि काम गर्नुपर्ने हुनसक्छ भन्ने जस्ता जानकारी प्रदान गर्नु पर्छ।

## घरेलु कामदारका रुपमा जानेहरूका लागि जोखिमहरू:

- घरेलु कामदारको कार्यसमय बढी हुन्छ। विदेशमा काम गरेर फर्केका महिलाले बताएअनुसार बिहान ४ वा ५ बजेदेखि बेलुका ११ वा १२ बजे रातिसम्म काम गर्नुपर्ने हुन्छ।
- धेरैजसो घरेलु महिला कामदारले हप्ताको एक दिन पनि छुट्टी पाउँदैनन्।
- घरधनी वा रोजगारदाताले आफ्नो घरबाट बाहिर निस्कन नदिने हुँदा, अप्ठेरो परेको बेला राजदूतावासमा गएर आफ्नो गुनासो बताएर उजुरी दिन पनि नपाइने  हुनसक्छ।
- दुर्भाग्यको कुरा, कतिपय घरेलु महिला कामदारलाई घरधनी वा तिनका परिवारका सदस्यले अनावश्यक हैरानी, पीडा र दुःख दिएका, झपारेका, हिंसा गरेका र पिटेका घटनाहरू पनि छन्।

यस्तो परिस्थिति आए तपाईंले कसैबाट सहयोग पाउन ज्यादै कठिन हुन्छ। काम गरिरहेको घरबाट भाग्न पनि मुश्किल हुने वा नपाउने अवस्था हुन्छ। यदि काम गरिरहेको घरबाट भागेर प्रहरीले पक्रिएपछि गैरकानुनी (अनियमित) कामदारका रुपमा कारबाही गरी जेल सजाय हुन्छ। भागेर आफ्नो एजेन्ट, कुनै अर्को एजेन्ट वा एजेन्सीमा पुगे पनि उनीहरू कामदारको गुनासो सुन्न चाहँदैनन्। किनभने एजेन्ट वा एजेन्सीले कामदार ल्याइदिए वापत रोजगारदातासँग मोटो रकम असुल गरेको हुन्छ। त्यो रकम पचाउन पनि ऊ कामदारको उद्धार गर्न चाहँदैन।

- घरेलु काममा महिलालाई धेरै समस्या भएकाले बरु कारखाना, कम्पनी, सरसफाइ वा अन्य प्रकृतिका काम खोजेर जानु राम्रो हुन्छ।

## वैदेशिक रोजगारमा घरेलु कामदारका रुपमा खाडी मुलुकमा जान चाहने महिलाले ध्यान दिनुपर्ने मुख्य कुराहरू:

- नेपाल सरकारको निर्णयअनुसार घरेलु कामदारका रुपमा खाडी क्षेत्रका ४ मुलुक (कुवेत, साउदी अरब, कतार र संयुक्त अरब इमिरेटस्)मा काम गर्न जाने महिलाको उमेर ३० वर्ष पूरा भएको हुनु पर्छ। परिपक्व कामदारमात्र विदेश जाउन भनेर यस्तो व्यवस्था गरिएको हो। तर यसलाई छल्न उमेर बढाएर, भिजिट भिषामा विदेशमा काम गर्न जानु, उमेर नपुगेका महिला कामदार भारतबाट जाने गरेका छन्, जुन कामदारका लागि नै आत्मघाती हुने गरेको छ। यसरी झुक्याएर वा ढाँटेर विदेशमा काम गर्न जानुले समस्या निम्त्याउँछ र उल्टै जेल पर्ने सम्भावनासमेत हुन्छ।
- विदेश पुगिसकेपछि कुनै कारणले काम चित्त बुझेन (जस्तै रोजगारदाता/मालिक मन परेन, जानुअघि भनेको जस्तो काम र तलव भएन, दुर्व्यवहार भयो ) भनेर आफूखुसी करार अवधि नसकी नेपाल फर्किन धेरै गाह्रो छ। विशेषगरी खाडी मुलुकहरूमा करार अवधि समाप्तिपछि विदेशस्थित रोजगारदाता/मालिकको अनुमति लिएरमात्र आफ्नो देश फर्कन पाइने कानुन नै भएकाले करार अवधिभित्र वा करार अवधि नसकी फर्कन पनि रोजगारदाता/मालिकको अनुमति चाहिन्छ। यस्तो अनुमति पाउन पनि रोजगारदाता/मालिकमा नै भरपर्ने भएकाले कामदारले चाहेको बेला नेपाल फर्कन धेरै गाह्रो छ । रोजगारदाता/मालिकले पनि आफूले धेरै रकम तिरेर ल्याएको मान्छे फर्कोस् भन्ने चाहँदैन र नेपाल फर्कने अनुमति हत्तपत्त दिँदैन। त्यसैले धेरै नेपाली घरेलु महिला कामदारहरू श्रम शोषण सहेर करार अवधिभर काम गर्न बाध्य छन्। त्यसैले विदेश जानुअघि नै सबै कुरा बुझेर, इजाजतवाला म्यानपावर एजेन्सीमार्फत् वैदेशिक रोजगार विभागवाट श्रम स्वीकृति लिएर र स्वदेशी विमानस्थलबाट मात्र जानु पर्छ।
- विदेशमा अधिकांश घरेलु काम पनि प्रायः मेसिनले गर्नुपर्छ, जस्तै कपडा धुने (वासिङ्ग मेसिन), बढार्नका लागि भ्याकुम क्लिनर, कपडा सुकाउने मेशिन, फ्रिजआदि। यस्ता घरेलु उपकरण चलाउने सीपसम्बन्धी २१ दिने सीप तालिममा सिकाइने भएकाले हरेक कामदारले यस्ता तालिम अनिवार्य रुपमा लिनु पर्छ। यस्ता तालिम नलिइ नक्कली प्रमाणपत्र बनाएर लाने, नजानेको काम जान्दछु भनेर ढाँटेर वैदेशिक रोजगारीमा जानु हुँदैन। यसो गरे पछि विदेशमा आफैं समस्यामा परिन्छ। यसका अलावा आफू काम गर्नका लागि जान लागेको देशको भाषा जान्नु अनिवार्य हुन्छ। तसर्थ कम्तिमा सामान्य घरायसी काम सम्बन्धी बोलिचालीका शब्दहरू सिकेर जानु उपयुक्त हुन्छ।
- महिला घरेलु कामदारमा पठाउने रोजगार व्यवसायीले गन्तव्य मुलुकको रोजगारदाताबाट कामदार खोजिदिए वापत पहिल्यै रकम पाइसकेको हुन्छ, कुनै पनि शुल्क रकम बुझाउनु पर्दैन।
- कतिपय रोजगारदाताले महिला कामदारलाई तलव नदिने, मानसिक, शारीरिक यातना दिने, यौन शोषण गर्ने गरेको पाइन्छ। त्यसैले तपाईं यदि इजाजतवाला वैदेशिक रोजगार व्यवसायीमार्फत् वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर जानु भएको छ भने यस्तो परिस्थितिमा उजुरी गर्ने, न्याय तथा क्षतिपूर्तिका लागि पहल गर्न सकिन्छ। श्रम स्वीकृति नै नलिइ गैरकानुनी रुपमा जाँदा आफूसँग कुनै कागजात नहुने भएकाले उजुरी गर्न सकिँदैन। उजुरी गरे उल्टै आफैं जेल पर्ने सम्भावना हुन्छ।
- बिना स्वीकृति भारतको बाटो भएर जानु हुँदैन अन्यथा ठगी, हिंसा तथा बेचबिखनमा परिने जोखिम हुन्छ। वैदेशिक रोजगार विभागमा दर्ता भएको वैदेशिक रोजगार व्यवसायीमार्फत् मात्र जानुपर्छ।
- घरेलु काममा जाँदा काम गर्ने निश्चित समय नहुने, दिनको १८/१९ घण्टा पनि काम गर्नुपर्ने, हप्तामा एक दिन पनि बिदा नपाउने, घरबाट बाहिर निस्कन नपाउने, साथीभाइसँग सम्पर्कमा बस्न नपाउने भएकाले श्रम शोषण तथा विभिन्न प्रकारका हिंसाको जोखिम महिलाले लिनुपर्ने हुन सक्छ। घरेलु कामलाई खाडी मुलुकहरूको श्रम कानुनले नसमेट्ने हुँदा महिलाहरू थप जोखिममा पर्ने गरेका छन्। तसर्थ घरेलु काममा भन्दा महिलाहरू अरु

कामहरू जस्तै सरसफाई, फ्याक्ट्रीको काममा जाँदा वैदेशिक रोजगारी बढी सुरक्षित र उपलब्धीमूलक हुन्छ ।

- घरेलु कामदार महिलाले विदेशमा आपतविपत परेका बेला घरमालिकबाट लुकिछिपि भागेर नेपाली राजदूतावासमा आउनुपर्ने हुन्छ र यस्तो बेला कामदारका महत्वपूर्ण कागजातहरू जस्तै पासपोर्ट, भिषा सबै घरमालिकसँग हुने हुँदा नेपाल फर्कन वा सहयोग पाउन कठिन हुन्छ । कामदारले नेपाली राजदूतावासबाट सहयोग प्राप्त गर्न यस्ता कागजातको प्रतिलिपी भए सहयोग पुग्ने भएकाले सबै कागजातहरूको (जस्तै पासपोर्ट, भिषा, सम्झौतापत्र, श्रम स्वीकृति, शुल्क तिरेको भरपाई, बीमाको कागज, मेडिकल रिपोर्ट) को एक प्रति फोटोकपी आफूसँग राख्ने र एक प्रति परिवारमा छोड्नु पर्छ ।
- कुनै समस्या आइपरे सम्पर्क गर्ने निकाय त्यस देशस्थित नेपाली राजदूतावास/वाणिज्य दूतावास नै हो । त्यसैले नेपाली राजदूतावासको र नेपाल तथा सम्बन्धित देशका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर आफ्नो साथमा राख्नुका साथै परिवारलाई पनि दिनु उपयुक्त हुन्छ ।
- वैदेशिक रोजगारीमा जाने प्रकृयामा वा वैदेशिक रोजगारीका क्रममा वा जाने प्रकृयामा कुनै समस्या खेप्नु परे हाम्रो सूचना केन्द्रमा सम्पर्क राख्नुपर्छ ।

(सूचना केन्द्रको ठेगाना भएको कार्ड दिने र कुनै पनि समय थप सूचना र जानकारी चाहिए कुनै पनि बेला सूचना केन्द्र आउन वा सम्पर्क गर्न अनुरोध गर्ने ।)

## घटना अध्ययन[3] नं. : १

### फूलकुमारी विदेशमा घरेलु कामदारका रुपमा काम गर्दाको अनुभव

मेरो घर सर्लाही जिल्ला हो र मैले आफ्ना २ छोरा र ३ छोरी घरमा छाडी घरेलु कामदारका रुपमा कुवेतमा काम गर्न गएकी थिएँ । मलाई कुवेत पुऱ्याउने क्रममा विरगन्ज रक्सौल नाकाबाट २० देखी २२ जना महिलाहरूको समूहमा भारतको मुम्बई हुँदै सुभद्रा नाम गरेकी सागरनाथकी महिला एजेन्टले पुऱ्याएकी थिइन् । जाँच नाकामा प्रवेश गर्ने क्रममा महिला एजेन्टले मलाई बोर्डरमा कसैले सोध्दा, म माईत जाँदैछु र ऊ (एजेन्ट) मेरो दिदी हो भन्नु भनेर सिकाएको थियो । साथै के सचेत गराएको थियो भने, भन्ने क्रममा अकमकायो भने मलाई समातेर राख्छ र मलाई समाते ऊ केही पनि गर्न सक्दिन । मलाई इन्डियाबाट किन लगिँदैछ, मलाई नेपालबाट पठाउँदा हुँदैन, भनि सोद्धा एजेन्टले तँलाई कसै गरी विदेश पुग्नु न छ, त्यो म गर्छु भन्यो । उसले नेपालमा झन्झट धेरै हुन्छ, तिमीलाई जानबाट रोक्न पनि सक्छ, खर्च धेरै लाग्छ र साहूले मुम्बईबाटै टिकट दिएको छ आदि भन्यो । साथै इन्डिया जाँदा बाटोमा पनि विदेशमा खुब कमाइ हुन्छ, कस्तो राम्रो बस्नखान व्यवस्था गरिएको हुन्छ, घरको सम्झनै आउँदैन भनि लोभ्याउँदै सबभन्दा पहिला दिल्लीको एउटा कोठीमा -जहाँ पहिलेदेखी नै अरु नेपाली महिलाहरू रहेका थिए । यसो विचार गर्दा त्यस ठाउँमा नयाँ नयाँ मान्छे आउने बस्ने र केही नचाहिँदा काम भैरहेको जस्तो लाग्यो, (तर आफूचाहीँ त्यस्तोमा परिनँ) । त्यहाँ १२ दिन राखेको थियो र पछि लखनऊको एउटा कोठीमा एक दिन र त्यहाँबाट मुम्बईको एयरपोर्ट हुँदै कुवेत पुऱ्याएको थियो । दिल्लीमा बस्दा अरु महिलाहरूलाई त्यस्तो काममा लगाएको देख्दा मनमा एकदमै डर लाग्थ्यो र बेकार आएँ जस्तो लाग्थ्यो । फेरि कहिलेकाहीँ अब म बाँचेर घर फर्कन सक्दिन कि जस्तो पनि लाग्थ्यो र

३. यस निर्देशिकामा उल्लेख गरिएका घटना अध्ययनहरू वास्तविक हुन तर १, २, ३, ५, ६ मा प्रयोग गरिएका पात्रहरूको नाम परिर्वतन गरि उल्लेख गरिएको छ । यी घटना अध्ययनहरू २०६९ सालमा संकलन गरिएको हो ।

खालि भगवानसँग प्रार्थना गर्थें, हे प्रभु बचाऊ र रुन आउँथ्यो । म राम्री भएको भए मलाई पनि त्यस्तो कार्य गराउँथ्यो होला जस्तो लाग्छ ।

त्यो एजेन्टले मलाई गैरकानुनी रुपमा नेपाल सरकारसँग श्रम स्वीकृति नलिइ कुवेत उडाएको रहेछ । त्यसैले मलाई उसले भारतबाट उडायो । यसरी भारतबाट गैरकानुनी रुपमा नेपाल सरकारसँग श्रम स्वीकृति नलिइ विदेशमा काम गर्न गयो भने बेचबिखनमा पर्ने जोखिम हुन्छ । विदेश जाँदा, इजाजतवाला वैदेशिक रोजगार व्यवसायीमार्फत् वैदेशिक रोजगार विभागवाट श्रम स्वीकृति लिएरमात्र जानुपर्छ । वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलमात्र प्रयोग गर्नुपर्छ । कथम् कदाचित छिमेकी मुलुकबाट जानु पर्‍यो भने रोजगार व्यवसायी कम्पनीले वैदेशिक रोजगार विभागको स्वीकृति लिए नलिएको बुझ्नुपर्छ । वैदेशिक रोजगार विभागले स्वीकृति दिएमा मात्र अन्य देशको विमानस्थल प्रयोग गरी वैदेशिक रोजगारमा जान पाइन्छ । गैरकानुनी रुपमा गएकाले मसँग र मेरो परिवारसँग मेरा महत्वपूर्ण कागजातहरू जस्तै पासपोर्ट, भिषा, सम्झौतापत्र, शुल्क तिरेको भरपाई बीमाको कागज, मेडिकल रिपोर्टहरू केही पनि थिएन । त्यसैले यदि म त्यहाँ कुनै पनि समस्यामा परेकी भए मलाई कसैले पनि सहयोग गर्न गाह्रो हुन्थ्यो ।

कुवेत एयरपोर्ट पुगिसकेपछि एयरपोर्टमा नेपाली महिलाहरू रहेको कोठामा मलाई राख्यो । त्यसपछि कामदारहरू सप्लाई गर्ने अफिसमा लग्यो । जहाँ पनि सबै जना प्रायः नेपालीहरू नै थिए । त्यही अफिसमा मेरो मेडिकल जाँच गरियो । त्यसपछि एउटी कुवेती साहुनीले कामदार लिन आएकी हुँदा त्यहाँ भएका सबै महिलाहरूलाई लाइनमा राखी साहुनीलाई छान्न लगायो र पहिलो दिनमै म छानिएँ । मलाई त्यसपछि एउटी कुवेती साहुनीले आफ्नो गाडीमा राखेर घरमा लानुभयो । त्यहाँ पहिलेदेखी नै अर्की एउटी महिला कामदार जो सिलान (श्रीलंका) भन्ने ठाउँकी थिइन् बसिरहेकी थिइन् । उनी एकदम गोरी र राम्री थिइन्, तर म भद्दा र काली थिएँ । भोलीपल्ट साहुनीले घरका कामहरू जस्तै झाडुपोंछा, कपडा धुने, ट्वाइलेट सफा गर्ने, आइरन गर्ने, बच्चालाई कसरी नुहाउने आफ्नो भाषामा इसारा गरेर सिकाउनु भयो । त्यसै अनुरुप सधैं बिहान ५ बजे सवेरै उठेर सिकाएअनुसार काम गर्थें । पोंछा लगाउँदा मेसिनले लगाइन्थ्यो । जुन मेसिनमा पाङ्ग्रा लागेको थियो, एकातिर लठ्ठीमा कपडा लगाइएको थियो र त्यसैले पोंछा लगाइन्थ्यो । त्यसपछि लुगाधुने काम, लुगाधुने मेसिनमा धुलाइ गरिन्थ्यो । त्यसपछि ट्वाइलेट सफा गर्थें । त्यसपछि म आफैं नुहाइधुवाइ गरी १० बजे खाजा खाएर फेरि धोइसकेका लुगाहरू घाम लागेको ठाउँमा सुकाउँथे र घाम नलागेका बेला लुगा सुकाउने मेसिनमा सुकाउँथे । म काम गर्ने कुवेती घर असाध्यै ठूलो थियो, घरको सरसफाइ मैले नै गर्नु पर्थ्यो । साथै ती कुवेती साहुका ८ वटा बच्चाहरू ( ६ छोरा, २ छोरी ) थिए । म नै उनीहरूको रेखदेख र बच्चा खेलाउने काम गर्थें । बच्चाले भनेको कुरा नगर्दा, नबुझ्दा बच्चा रिसाउने र मलाई पिट्ने, गाली गर्ने गर्थे । दैनिक १८/१९ घण्टा काम गर्नुपर्थ्यो । घरबाट बाहिर कतै जान पाइँदैनथ्यो। बिदा पनि कहिल्यै हुँदैनथ्यो । २ वर्ष लगातार काम गरें । बुर्का लगाएर बस्नु पर्थ्यो । मेरो मासिक तलव ४५ कुवेती दिनार (नेपालीमा १०,००० रुपैयाँ ) हुन्थ्यो । शुरु शुरुमा २/३ महिनासम्म भाषा नबुझ्ने समस्या धेरै भयो । सबै काम इसाराले र साहुनीले सिकाएअनुसार गर्थें । काममा गल्ती भएर होला कहिलेकाहीँ साहुनीले गाली गर्नुहुन्थ्यो, तर म साहुनीले बोलेको केही बुझ्दिनथें, खालि टुलुटुलु उसको मुख हेर्थें र नमस्कार गरेजस्तो हात जोडेर उसको अगाडि उभिरहन्थें । उसको अगाडि म एउटा जनावर उभिएजस्तै, रुनमात्रै आउँथ्यो तीन महिनासम्म । साहुनीले अऱ्हाएको कुरा गर्न नसक्दा धेरै गाली र कहिलेकाहीँ पिट्ने गर्थे । अहिलेसम्म पनि भाषा राम्ररी बुझ्न सकेको छैन । एक दिन कपडामा आइरन गर्दा कपडा जलेकाले १० दिनार जरिवाना तिर्नु पऱ्यो । आइरन गर्न नआएका कारण र महँगो लुगा आइरनले डढेकाले त्यही आइरनले पोलिदिएका घटनाहरू हामीसँग प्रशस्तै छन् ।

विदेशमा घरेलु कामदारका रुपमा जाँदा खाना पकाउने तथा सरसफाइसँग सम्बन्धित मेसिन चलाउने सीप र भाषाको ज्ञान भयो भने काम गर्न सजिलो हुन्छ । काम नजानेको र काम विगारेकोले थप हिंसामा पर्छौं । त्यहाँ हाम्रोजस्तो कुचोले घर सफा गरिँदैन । त्यसका लागि भ्याकुम क्लिनर र पोंछा लगाउने मेसिन हुन्छ, त्यहाँ हातले होइन, मेसिनले लुगा धोइन्छ । पोंछा लगाउने मेसिनमा कपडा भिंजाएर सेट गरी गुडाउनु पर्छ । त्यो गुडाउँदै जाँदा आफैं पोंछा लाग्दै जान्छ । खाना पकाउने अनेक प्रकारका इलेक्ट्रोनिक मेसिन हुन्छन् र ती सबै चलाउन सीप चाहिन्छ । यस्ता मेसिन चलाउने सीप जान्नु महत्वपूर्ण हुन्छ र यी सबै काम सावधानीपूर्वक गर्नुपर्छ नत्र गाली, हिंसाको साथै पैसा तिराउँछन् । घरेलु काममा काम गर्ने निश्चित समय नहुने, दैनिक १८/१९ घण्टा काम गर्नुपर्ने,  बिदा नै नपाउने, घरबाट बाहिर निस्कन नपाउने, साथीभाइसँग सम्पर्कमा बस्न नपाउने भएकाले श्रम शोषण तथा विभिन्न प्रकारका हिंसाको जोखिम महिलाले सहनु पर्ने हुन्छ ।  घरेलु कामलाई खाडी मुलुकहरूको श्रम कानुनले नसमेट्ने हुँदा महिलाहरू थप जोखिममा पर्छन् । तसर्थ घरेलु काममा भन्दा महिलाहरूले अरु कामहरू जस्तै सरसफाई, फ्याक्ट्रीको काममा जादाँ वैदेशिक रोजगारी वढी सुरक्षित तथा उपलब्धीमूलक हुन्छ ।

## महिला घरेलु कामदारहरू वैदेशिक रोजगारमा जान चाहेमा वुझ्नु पर्ने महत्वपूर्ण कुराहरू:

- नेपाल सरकारको निर्णय अनुसार घरेलु कामदारका रुपमा खाडी क्षेत्रका ४ मुलुक (कुवेत, साउदी अरब, कतार र संयुक्त अरब इमिरेटस्)मा जाँदा ३० वर्ष पूरा भएको हुनुपर्छ ।
- भारतको बाटो भएर जानु हुँदैन, इजाजतवाला वैदेशिक रोजगार व्यवसाय कम्पनीबाट मात्र जानु पर्छ ।
- विदेश जानुअघि खाना पकाउने तथा लुगा धुने र सरसफाइ गर्ने मेसिन चलाउने सीप सिक्नुपर्छ । घरेलु कामदारका रुपमा विदेश जाँदा २१ दिने सीप सम्बन्धी तालिम लिनु अनिवार्य छ ।
- घरेलु काममा जाँदा काम गर्ने समय निश्चित नहुने, दिनको १८/१९ घण्टा काम गर्नुपर्ने, बिदा नै नपाउने, घरबाट बाहिर निस्कन नपाउने, साथीभाइसँग सम्पर्कमा बस्न नपाउने भएकाले श्रम शोषण तथा विभिन्न प्रकारका हिंसाको जोखिम महिलाले सहनु पर्ने हुन्छ । घरेलु कामलाई खाडी क्षेत्रका धेरै देशमा श्रम कानूनले नसमेट्ने हुँदा महिलाहरू थप जोखिममा पर्छन् ।
- तसर्थ घरेलु काममा भन्दा महिलाहरूले अरु कामहरू जस्तै सरसफाइ, फ्याक्ट्रीको काममा जाँदा वैदेशिक रोजगारी बढी सुरक्षित तथा उपलब्धीमूलक हुन्छ ।

# घटना अध्ययन नं. : २

## क्लिनिङ (सरसफाई) कम्पनीमा कार्यरत नेपाली महिलाको अनुभव

सुन्तली बास्तोला झापा निवासी महिला हुन् । विगत ४ वर्षदेखि कतारस्थित एउटा क्लिनिङ (सरसफाई सम्बन्धी) कम्पनीमा कार्यरत छिन् । उनी वैदेशिक रोजगार कम्पनीमार्फत् कतारमा सरसफाइ कामका लागि क्लिनिङ भिषामा कतार पुगेकी थिइन् । उनी दैनिक ८ घण्टा काम गर्छिन् । हप्तामा एक दिन उनले बिदा पाउँछिन् । उनी त्यस कम्पनीको महिला होस्टलमा बस्छिन् । उनीसँग त्यस कम्पनीमा काम गर्ने अरु ११६ महिलाहरू पनि त्यही महिला होस्टलमा बस्छन् । तीमध्ये ७० महिलाहरू नेपाली र बाँकी श्रीलंकाली हुन् । कम्पनीले खटाएअनुसार उनले स्कुलहरू, सपिङ सेन्टरहरू र अस्पतालजस्ता ठाउँ सफा गर्ने काम गर्छिन् । यो काम गर्न उनले तालिम लिएकी थिइन् । किनभने कुन केमिकलले के सफा गर्ने, कसरी सफा गर्ने जस्ता कुराको ज्ञान सरसफाइ गर्ने महिलाले जान्नैपर्ने हुन्छ ।

निश्चित काम गर्ने समय, हप्तामा एक दिन बिदा पाउने, सार्वजनिक बिदामा पनि छुट्टी हुने, कहिले काँही काममा टिप्स पनि पाइने, आफूजस्तै धेरै नेपाली दिदीबहिनीहरूसँगै बस्न पाउने र यो कामलाई उनी काम गर्ने देश कतारको श्रम कानुनले समेटेको हुनाले केही समस्या परे त्यहीँ नै कानुनी उपचारका लागि पहल गर्न सकिने भएकाले क्लिनिङलाई सुरक्षित कामको रुपमा लिइन्छ । साथै उनले महिनामा ७०० रियाल कमाउने गर्छिन् । साधारण पढेलेखेका महिलाहरू जो घरेलु कामदारका रुपमा विदेश जाने सोचमा छन् उनीहरूका लागि यो राम्रो विकल्प हुन सक्छ ।

घरेलु कामदारका रुपमा काम गर्ने निश्चित समय नहुने, दिनको १८/१९ घण्टा काम गर्नुपर्ने, बिदा नै नपाउने, घरबाट बाहिर निस्कन नपाउने, साथीभाइसँग सम्पर्कमा बस्न नपाउने भएकाले श्रम शोषण तथा विभिन्न प्रकारका हिंसाको जोखिम महिलाले सहनुपर्ने हुन्छ । घरेलु कामलाई खाडी क्षेत्रका धेरै मुलुकहरूको श्रम कानुनले नसमेट्ने हुँदा घरेलु कामदार महिलाहरू थप जोखिममा पर्छन् । तसर्थ घरेलु काममा भन्दा महिलाहरूले अरु कामहरू जस्तै सरसफाई, फ्याक्ट्रीको काममा जाँदा वैदेशिक रोजगार बढी सुरक्षित हुन्छ ।

# चौथो भाग

## अवस्था अनुसारको व्यक्तिगत परामर्श



फोटो स्रोत : सामी परियोजना, सूचना तथा परामर्श केन्द्र, खोटाङ

### ६.१ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिको अवस्था र प्रदान गर्ने सूचनाको पहिचान:

पहिलो पटक सूचना तथा परामर्श केन्द्रमा आएका सेवाग्राहीलाई न्यूनतम ५ वटा सूचना दिएर विश्वासको वातावरण सृर्जना गरिसकेपछि थप परामर्शका लागि सेवाग्राही इच्छुक भएमा अवस्था अनुसारको व्यक्तिगत परामर्श उपलब्ध गराउन सकिन्छ। सूचना तथा परामर्श केन्द्रप्रति विश्वास राखेर विस्तृत जानकारी तथा परामर्शका लागि सेवाग्राहीहरू पटक पटक आउँछन् र यसरी आउँदा पर्याप्त समय दिएर सूचना तथा परामर्श उपलब्ध गराउन सकिन्छ। सेवाग्राही श्रम आप्रवासनको विभिन्न चरणमा रहेका हुन्छन्, त्यसैले उनीहरूलाई अवस्था अनुसारको परामर्श उपलब्ध गराउनुपर्ने हुन्छ। अवस्था/चरण पहिचान कार्यले समयको व्यवस्थापन र परामर्शको प्रभावकारीता बढाउन सहयोग गर्छ। अवस्था/चरण अनुसारको सूचना तथा परामर्श प्रदान गर्ने कार्य व्यक्तिगत परामर्शको लागि बढी प्रभावकारी हुन्छ। सूचना तथा परामर्श केन्द्रमा आउने व्यक्तिहरूको सूचना, जानकारी तथा परामर्श लिने चाहना वा आवश्यकता फरक, फरक हुन सक्छन्।

परामर्शग्राहीहरू सूचना तथा परामर्श केन्द्रमा एकैपल्ट पाँच सात जनाभन्दा बढी आउने सम्भावना धेरै हुन्छ। यस्तो समूहमा पहिले नै सूचना लिइसकेका र पहिलोपल्ट सूचनाका लागि आएका दुवै खाले व्यक्तिहरू हुन सक्छन्। त्यसकारण पहिले सूचना लिइसकेका व्यक्तिहरूलाई उनीहरूको चासोअनुसार छुट्टै परामर्श गर्नु पर्छ।

- सेवाग्राहीले मलाई यो सूचना आवश्यक छ भनेर सिधै अनुरोध गर्न सक्छन्। यस्तो अवस्थामा उनीहरूले मागेको सूचना र सम्बन्धित सूचनाहरू सकेसम्म बढी उपलब्ध गराइदिनु पर्छ।
- कुनै बेला केन्द्रमा आएका सेवाग्राहीलाई परामर्शदातासँग के सोध्ने, के के जानकारी आफूलाई चाहिन्छ भन्ने थाहा नहुन सक्छ। यस्तो अवस्थामा पनि सेवाग्राहीको आवश्यकता पहिचान गर्नु महत्वपूर्ण हुन्छ।

## उद्देश्य:

आप्रवासनमा जान इच्छुक व्यक्तिको सही अवस्था/चरण पत्ता लगाइ त्यसैअनुसार आवश्यक सूचना र जानकारीहरू प्रभावकारी तरिकाले प्रदान गर्नु ।

## आवश्यक सामग्रीहरू:

प्रश्न सूची,

## विधि:

प्रश्नोत्तर र छलफल

## प्रक्रिया:

वैदेशिक रोजगारीमा जाने विषयसँग सम्बन्धित सूचना, जानकारी तथा परामर्श प्रदान गर्ने कार्यलाई प्रभावकारी र व्यवस्थित वनाउन सहयोग पुग्ने उद्देश्यले केही महत्वपूर्ण प्रश्न सोधी उनीहरूको आवश्यकता पहिचान गर्न सकिन्छ । नमूनाका लागि तल केही प्रश्न उल्लेख गरिएका छन् ।

## उदाहरणका लागि:

- पासपोर्ट के का लागि (रोजगार, शिक्षा, विदेश भ्रमण आदि) बनाउँदै हुनुहुन्छ ?
- विदेश जाने निर्णय गरिसक्नु भयो ?
- कुन देश जाने निर्णय गर्नु भएको छ ?
- के काम गर्न जाँदै हुनुहुन्छ ? कुन काममा जाने विचार छ ?
- सीप विकाससम्बन्धी कुनै तालिम लिनुभएको छ ?
- कसैले वैदेशिक रोजगारीको अवसर दिएको छ कि ?
- पासपोर्ट बनाइसक्नु भयो ?
- तपाईं कसरी कसको सहयोगमा वैदेशिक रोजगारीमा जाने योजना बनाउँदै हुनुहुन्छ ?
- वैदेशिक रोजगार व्यवसायी कम्पनीसँग सम्पर्क भइसक्यो ? कम्पनीको नाम थाहा छ ?
- पासपोर्ट बनाउन एक्लै आउनु भएको हो कि कसैले सहयोग गर्नु भएको छ ?
- एजेन्टको नाम के हो ? कहाँको हो ? नाता पर्छ ? एजेन्टको कार्यालय देख्नु भएको छ ?
- बुझाउनु पर्ने रकम बुझाइ सक्नु भयो ? कति .... रसिद लिनु भयो ?
- भिषा पाइसक्नु भयो ?
- पारिश्रमिक कति पाइन्छ भनेको छ ? वा सुविधाहरू के के छन् ?
- सम्झौता गर्नु भयो ?
- कुन एयरपोर्टबाट जाँदै हुनुहुन्छ ? कहिले जाने निश्चित भएको छ ?
- कागजपत्रको प्रतिलिपि बनाउनु भयो ? एक प्रति कागजपत्रहरू परिवारलाई छोड्नु भयो ?
- सहयोगी निकायहरूको सम्पर्क नाम, ठेगाना तथा सम्पर्क नम्बरको जानकारी छ ?

(सूचना तथा परामर्श माग गर्न आउने व्यक्तिको स्तर, अवस्था र आवश्यकताअनुसार परामर्शदाताले थप प्रश्नहरू पनि सोध्न सक्नुहुनेछ ।)

उपरोक्त प्रश्नहरूको जवाफमा आधारित भएर परामर्शदाताले सूचना तथा परामर्श लिन आएको व्यक्ति कुन अवस्थामा छ भन्ने पहिचान गरी सोहीअनुसार आवश्यक र सही सूचना, जानकारी र परामर्श उपलब्ध गराउनु पर्छ । व्यावहारिक रुपमा सूचना तथा परामर्श प्रदान गर्नुपर्ने धेरै अवस्था/चरणहणरू हुन सक्छन्, हालसम्मको अनुभव र परामर्श केन्द्रमा आएका सेवाग्राहीहरूको अत्यधिक चासोका आधारमा निम्न अवस्था/चरणहरूको पहिचान भएकाले ती अवस्था/चरणहरूमा सूचनाको वर्गिकरण गरिएको छ ।

### १. वैदेशिक रोजगारीमा जाने वा नजाने द्विविधाजनक अवस्था:

पासपोर्ट बनाउने प्रक्रियामा नभए पनि सूचना तथा परामर्श केन्द्रले दिने सूचना तथा परामर्श लिनका लागि सेवाग्राहीहरू आउन सक्छन् । उनीहरूले वैदेशिक रोजगारमा जाने वा नजाने निर्णय गरि सकेका हुँदैनन् । जाने नजाने निर्णय गरि नसकेका र द्विविधामा रहेका यस्ता व्यक्तिहरू पनि सूचना तथा परामर्शका लागि आएको पाइएको छ ।

### २. पासपोर्ट बनाउने प्रक्रियामा रहेको अवस्था:

यस अवस्थाका व्यक्तिहरू वैदेशिक रोजगारमा जाने निर्णयसहित पासपोर्ट बनाउने प्रक्रियामा रहेका हुन्छन् । विदेश जाने निर्णय आफैंले गरेर वा अन्य व्यक्तिहरू जस्तै परिवार, नातागोता वा साथीहरूको दबाब र लहलहैमा पनि पासपोर्ट बनाउन आएका हुन सक्छन् । विदेश जाने मानसिकता तयार भएको तर एजेन्ट वा वैदेशिक रोजगार व्यवसायी कम्पनीसँग भेट नभएका व्यक्तिहरू यस अवस्थामा पर्छन् ।

### ३. कुनै व्यक्ति वा एजेन्टको सम्पर्कमा आइसकेको अवस्था:

वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा एजेन्टको सम्पर्कमा आइसकेका व्यक्तिहरू यस अवस्थामा पर्छन् । व्यक्तिले पासपोर्ट बनाइ सकेको हुनसक्छ, बनाउने क्रममा वा बनाइ नसकेको पनि हुनसक्छ । कुनै न कुनै रुपमा विदेश पठाउन सहयोग गर्छु भन्ने आश्वासन पाइसकेको हुन्छ । साथै वैदेशिक रोजगारसम्बन्धी केही जानकारीहरू पनि प्राप्त भएको हुनसक्छ ।

### ४. वैदेशिक रोजगारीमा पठाउने रोजगार व्यवसायी (म्यानपावर कम्पनी)सँग भेट भएको अवस्था:

वैदेशिक रोजगारीमा जाने सिलसिलामा रोजगारीमा पठाउने व्यवसायीसँग सम्पर्क भइसकेको अवस्थाका व्यक्तिहरू यसमा पर्छन् । यस्ता व्यक्तिले वैदेशिक रोजगार व्यवसायी कम्पनीको नाम, पठाउने देश, काम, सुविधाबारे प्रारम्भिक जानकारी प्राप्त गरेका हुन सक्छन् ।

### ५. प्रवेशाज्ञा (भिषा) पाइसकेको अवस्था:

सूचनाग्राहीले वैदेशिक रोजगारीका क्रममा आफूले भिषा पाएको भनी आवश्यक जानकारी तथा परामर्शका लागि आउने व्यक्तिहरू यस अवस्थामा पर्छन् ।

### ६. सबै प्रक्रिया पूरा गरेर विदेश जाने तयारीमा रहेको अवस्था:

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिइ सकेपछि विदेशयात्राको तयारीमा रहेका व्यक्तिहरू यस अवस्थामा पर्छन् ।

## ६.२ वैदेशिक रोजगारीमा जाने वा नजाने द्विविधाजनक अवस्था

### उद्देश्य:

वैदेशिक रोजगारीमा जाने वा नजाने द्विविधाको अवस्थामा रहेका व्यक्तिहरूका लागि आवश्यक महत्वपूर्ण जानकारी तथा परामर्श उपलब्ध गराउनु ।

### विधि:

छलफल, अन्तर्क्रिया, सम्भव भएसम्मका सफलताका कथा, सन्दर्भ सामग्रीहरूको प्रदर्शन ।

### यस अवस्थामा रहेका व्यक्तिहरूलाई प्रदान गर्नु पर्ने न्युनतम सूचना, जानकारी र परामर्शहरू

- सकेसम्म स्वदेशमा नै रोजगारी गरौं । स्वदेशमा पनि रोजगारीका प्रशस्त अवसर छन् ।
- सीप सिक्नुका फाइदाहरू : विदेश जाने नै भए आवश्यक सूचना र सीप तालिम लिएर मात्र जाऔं ।
- वैदेशिक रोजगारीमा जानका लागि पर्याप्त जानकारी लिई निर्णय गरौं । वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र उपलब्धीमूलक बनाऔं ।

### आवश्यक सन्दर्भ सामग्रीहरू:

- वैदेशिक रोजगारमा जाने कामदारले जान्नै पर्ने महत्वपूर्ण कुराहरू
- सीप सिक्नुका फाइदाहरू
- रकम बुझाउँदा लिनुपर्ने रसिद तथा भरपाईको नमूना फारम

### प्रक्रिया:

स्वदेशमा रोजगारीका विकल्पहरूबारे छलफल गर्ने र वैदेशिक रोजगारीमा जाने वा नजाने कुरामा फेरि एक पटक विचार गर्न अनुरोध गर्ने ।

यस अवस्थाका सेवाग्राहीहरू विदेश जाने वा नजाने निर्णय गरि नसकेको अवस्थाका हुने भएकाले उनीहरूलाई नेपालमा नै रोजगारीका प्रशस्त सम्भावनाहरू रहेको जानकारी उपलब्ध गराउन छोटो छलफल तथा अन्तर्क्रिया गर्नुहोस् ।

### स्वदेशमा नै रोजगारीका प्रशस्त अवसरहरू हुन सक्छन् :

नेपालमा नै बसेर काम गर्नु बढी सुरक्षित र दिगो हुन सक्छ । नेपालमा पनि रोजगारीका प्रशस्त अवसरहरू छन् । स्वदेशमा विभिन्न रोजगारीका लागि रोजगारमूलक परियोजना जस्तै रोजगार कोषजस्ता संस्थाहरूले पनि निःशुल्क सीपसम्बन्धी तालिमहरू सञ्चालन गर्ने गरेका छन् । सिकर्मी, मोबाइल मर्मत, मोटरसाइकल मर्मतजस्ता तालिम लिँदा नेपालमै राम्रो कमाइका अवसर मिल्न सक्छन् ।

**सीप सिक्दा नेपालमै बसेर काम गरे पनि विदेश गए पनि दुवै अवस्थामा फाइदा हुन्छ ।**

परामर्शदाताले सम्बन्धित जिल्लामा के-कस्ता घरायसी सीपसम्बन्धी तालिमहरू सञ्चालनमा रहेका छन् थाहा पाइराख्नु आवश्यक छ । जस्तै : जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, महिला तथा बालबालिका कार्यालय, स्थानीय निकाय, तालिम प्रदायक संस्थाहरूलगायत परियोजनाहरूले प्रदान गर्ने सीप विकास सम्बन्धी तालिमहरू ।

विदेशमा गएर रोजगारी गर्ने नै हो भने पनि वैदेशिक रोजगारीका लागि सीप तालिम लिनु राम्रो हुन्छ भन्ने जानकारी प्रदान गर्ने । सीप सिकेर जाँदा वैदेशिक रोजगारीमा जाने लागत कम हुनुको साथै राम्रो पारिश्रमिकका साथ सम्मानित, सुरक्षित र उपलब्धीमूलक बनाउँछ भन्ने जानकारी प्रदान गर्ने । कुनै पनि सीप नसिकी वैदेशिक रोजगारीमा जाँदा साधारण श्रमिक (लेबर)को काम गर्नुपर्ने हुन्छ । साधारण श्रमिक (लेबर)को काम अप्ठ्यारो र गाऱ्हो हुने भएकाले समस्या बेहोर्नु पर्ने हुन सक्छ र पारिश्रमिक पनि कम पाउने अवस्था रहन्छ ।

सुरक्षित आप्रवासन परियोजना (सामी) ले वैदेशिक रोजगारीमा जाने निर्णय गरिसकेका शारीरिक तथा मानसिक रुपमा योग्य व्यक्तिहरूलाई निःशुल्क व्यावसायिक सीपसम्बन्धी तालिमहरू दिइ सहयोग गर्दछ । जसमा तालिम अवधिभर तालिम शुल्क, खान र बस्न पैसा लाग्दैन । यो तालिम हाल काठमाडौंमा दिइन्छ ।

धेरै व्यक्तिहरू आफ्नो पासपोर्ट बन्नासाथ वैदेशिक रोजगारीमा जान हतारिन्छन्, दुई महिनाको तालिम लिएर सीप सिक्नु बेकार र समय खेर फाल्नु मात्र हो भन्ने ठान्छन् । अर्थात् दुई महिनाको तलव/पारिश्रमिक खेर जाने भयो भन्ने ठान्छन् । वास्तवमा यो सोचाइ ज्यादै त्रुटिपूर्ण छ, किनकी दुई महिना ढिला विदेश गए पनि सीप सिकेर जाने कामदारको कमाइ बढी हुन्छ ।

# घटना अध्ययन नं. : ३

## सीप सिक्नुको महत्व तथा फाइदाहरू:

**(सीप सिक्नेहरूले पाउने सुविधा र फाइदाबारे घटना अध्ययनबाट उदाहरणहरू दिने)**

खोटाङ जिल्लाका राम राइले विदेश जाने सोच बनाए। तर विदेश गएर पनि धेरै जना बरबाद भएका, ठगीमा परेका, भनेको काम तथा तलब नपाइ ऋण तिर्न नसकी घरबारसमेत गुमाएका घटना उनको छरछिमेकमा उनले देखेका थिए। कसरी सुरक्षित र भरपर्दो वैदेशिक रोजगारमा जाने भन्ने चिन्ताले उनलाई पिरोलिरहेको थियो। त्यसै बेला उनले रेडियोबाट सुरक्षित वैदेशिक रोजगारसम्बन्धी जानकारी दिन स्थापना भएको सूचना केन्द्र, त्यसका सेवाहरू तथा निःशुल्क सीप तालिमकाबारे थाहा पाएर सूचना लिन उनी सूचना केन्द्र भएको ठाउँ भवन गैरामा पुगे। सूचना केन्द्रमा उनले वैदेशिक रोजगारमा जाँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूबारे जानकारी पाउनुका साथै विदेश जानुअघि सीप तालिम लिदाँ हुने फाइदाहरूबारे पनि जानकारी पाए। सीप तालिमको महत्व थाहा पाएपछि सीप सिक्ने निर्णय गरे। सूचना केन्द्रबाट निःशुल्क सीप तालिम दिने संस्था, त्यसको ठेगाना र सम्पर्क नम्बर लिइ उनी तालिम लिन घरसल्लाह गरी काठमाडौं हिँडे। उनले स्काफोल्डीङको दुईमहिने तालिम पनि सम्पन्न गरे। तालिम अवधिमै उनको अन्तरवार्ता लिन धेरै विदेशी कम्पनी र वैदेशिक रोजगार कम्पनीहरू तालिम केन्द्रमा आए। आएका कम्पनीहरूमध्ये उनले सबैभन्दा राम्रो सुविधा दिने कम्पनी छानी सोहीमार्फत् साउदी अरेबिया जानका लागि छनोट पनि भए। उनले स्काफोल्डीङ कामको लागि मासिक रु २०,००० तथा निःशुल्क खाने र बस्ने सुविधासहित जाने निर्णय गरे। तालिम केन्द्रले रामलाई विदेश जान गर्नै पर्ने श्रम स्वीकृतिका प्रक्रियाहरू पूरा गर्न सहयोग गऱ्यो। उनले विदेश जानका लागि रोजगार कम्पनीलाई ५० हजार रुपैयाँ बुझाएका थिए। उक्त रकम खाडी मुलुकमा काम गर्न जान नेपाल सरकारले तोकेको न्युनतम रकमभन्दा निकै थोरै थियो साथै एजेन्टमार्फत् विदेशमा काम गर्न जानेहरूको भन्दा पनि उक्त रकम निकै न्यून थियो।

विदेश जानुअघि उनले वैदेशिक रोजगारमा जाँदा तयार गरेका सम्पूर्ण कागजातहरूको एक-एक प्रति घर पठाएका थिए र आफ्नी पत्नीलाई ती कागजपत्रहरू सुरक्षित राख्न भनेका थिए। रामका अनुसार उनी कार्यरत साउदी अरबको कम्पनीमा सम्झौतामा उल्लेख भएबमोजिम तलब र अन्य सुविधाहरू उनले पाइरहेका छन्। उनी तलब र ओभरटाइमसमेत गरेर मासिक २८ देखि ३५ हजारसम्म कमाउँछन्। खानबस्न उनलाई रोजगारदाता कम्पनीले उपलब्ध गराएको छ। रामसँगै ७० जनाको हाराहारीमा त्यस कम्पनीमा काम गर्छन्। रामलगायत सीप सिकेर जानेहरूले ५० देखि ५५ हजार रुपैयाँ मात्र तिरेका छन् भने सीप नसिकी जानेहरूले ७५ देखि ९० हजार रुपैयाँसम्म तिरेको रामले टेलिफोनबाट सूचना केन्द्रलाई बताए। रामको भनाइअनुसार उनले सीप सिकेर गएका कारणले थोरै लागतमा विदेशमा काम गर्न जान पाए र उनको तलब पनि सीप तालिम नलिइ लेबर

काममा जाने साथीहरूको भन्दा धेरै थियो । रामकै अनुसार सीप सिकेर जानेलाई त्यहाँ ट्रेंड र सीप नसिकी जानेलाई हेल्पर भन्छन् । हेल्परको तलब ट्रेंडमा जानेभन्दा ६ देखि ८ हजारसम्म कम हुन्छ । हेल्परलाई जहाँसुकै पनि र जे पनि काम गर्न पठाइन्छ भने  ट्रेंडमा जानेले निश्चित काम गर्नुपर्छ । विदेशमा काम गर्न जाने सोच बनाएका व्यक्तिहरूले विदेश जानुअघि सीप तालिम लिएर जाँदा राम्रो हुन्छ । यसै कारणले, उनी आफूलाई सीप सिकेर विदेशमा काम गर्न गएकोमा भाग्यमानी र बुद्धिमान ठान्छन् । रामकी पत्नीका अनुसार रामले साउदी अरब जाँदा वैदेशिक रोजगार कम्पनीलाई बुझाएको रकम साहुबाट ऋण लिएका थिए । रामले कमाएर पठाएको रकमबाट सो ऋण ३ महिनामा नै चुक्ता गरिसकेका छन् । अब कमाइको केही रकम घर खर्च गर्ने र बाँकी रकम बचाउने विचारमा छन् उनीहरू । हाल उनले विदेश जान लागेका छिमेकीहरूलाई भरपर्दो सूचना र सीप लिएर जान सुझाव दिन थालेकी छन् ।

## मुख्य सन्देशहरू

- सकिन्छ भने स्वदेशमा नै काम गरौं । यदि विदेश नै जाने सोच छ भने पनि सीप, तालिम लिएर मात्र जाऔं ।
- यदि विदेश नै जाने सोच बनाएका व्यक्तिहरूलाई सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना केन्द्रमा गइ सुरक्षित वैदेशिक रोजगार प्रक्रियाहरू, ध्यान दिनुपर्ने कुराहरू तथा निःशुल्क सीप तालिमसम्बन्धी जानकारी लिन सुझाव दिने ।

रामले सीप सिकेर गएका कारण थोरै लागतमा विदेशमा काम गर्न जान पाए र उनले तलब पनि सीप तालिम नलिइ लेबर काममा जाने साथीहरूको भन्दा धेरै पाए ।

# घटना अध्ययन नं. : ४

## सामूहिक प्रयासको प्रतिफल मिठो र बढी हुन्छ



**फोटो स्रोत : अनौपचारिक क्षेत्रको सीप विकास तथा रोजगार परियोजना (SEIS/HELVETAS Nepal)**

सर्लाही जिल्लाको लालबन्दीमा 'युवराज वर्कसप' नामको मोटरसाइकल मर्मत केन्द्र छ। मर्मत केन्द्रमा चार जना मिस्त्रीहरूलाई भ्याइ नभ्याइ काम छ। किनकी मर्मत गर्ने मोटरसाइकलहरू पालो पर्खेर लाइनमा बसिरहन्छन्। यो मर्मत केन्द्र धेरै पुरानो होइन र एकदम अनुभवी मिस्त्रीहरूले चलाएका पनि होइनन्। हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालको अनौपचारिक क्षेत्रको सीप विकास तथा रोजगार परियोजना (SEIS) को सहयोगमा सञ्चालित मोटरसाइकल मर्मत तालिमका ४ जना सफल प्रशिक्षार्थीहरूले सञ्चालन गरेको नयाँ मर्मत केन्द्र हो यो।

सर्लाही जिल्लाका ८ कक्षा उत्तिर्ण गरेका ४ जना युवाहरू श्री तेजनारायण श्रेष्ठ, श्री लालबाबु महतो, श्री रामपुकार महतो र श्री रविन्द्र महतो सामान्य खेतीपातीमा सहयोग गर्दै बेरोजगारका रुपमा गाउँमा भौंतारिइरहेका थिए। अवसरको खोजीमा रहेका ती युवाहरूले जब तालिमबारे स्थानीय रेडियोबाट सुने, तुरुन्त उद्यम विकास तथा रोजगार सृजना केन्द्र प्रा.लि. हरिवनमा सम्पर्क गरे। तीमध्ये अगुवा श्री तेजनारायण श्रेष्ठसँग साइकल मर्मतको सामान्य अनुभव भएकोले मोटरसाइकल मर्मतमा विशेष अभिरुची थियो। तालिममा छनोट भएपश्चात् उनीहरूले ३९० घण्टे मोटरसाइकल मर्मत तालिम र सातदिने उद्यमशिलता विकास तालिम लिए।

तालिमका दौरान छलफल हुँदा चारै जनाको अभिरुचि मेल खायो। र उनीहरू मिलेर मोटरसाइकल मर्मत केन्द्र खोल्ने निधो गरे। सोहीअनुरुप उनीहरूले रानीगञ्जमा मर्मत केन्द्र खोल्ने योजना बनाएका थिए। तर तालिम प्रदायक संस्थाले तालिमका दौरान तयार पारेको वर्कसप नै उनीहरूलाई दिने निर्णय गरेकाले उनीहरूले त्यही ठाउँमा ठाउँमा वर्कसप सञ्चालन गरे। उनीहरूले मासिक ३ हजार रुपैयाँ घरभाडा तिरेका छन् भने कमाएको रकमबाट वर्कसपमा थप औजार र आवश्यक अरु उपकरण तथा सामग्री थप्दै गएका छन्। मासिक आम्दानी कस्तो छ भनि प्रश्न गर्दा उनीहरूको उत्तर थियो- महिनाको करिब ४५ हजार कमाइ हुन्छ। जसमा खर्च कटाएर खुद नाफा ३० हजार गरेका छन्। भविष्यमा पनि

लगानीको समस्या नहोस् भनि उनीहरूले दैनिक ५० रुपैयाँ सहकारीमा जम्मा गर्ने गरेका छन् । खाजा, खाना र मासिक पकेट खर्चवापत् १ हजार मात्र लिइ बाँकी आम्दानी रकम मेसिन तथा उपकरण खरिदमा लगानी गरिरहेका छन् । त्यसैगरि जटिल किसिमको मर्मतको काम आए अनुभवी मिस्त्री तथा प्रशिक्षक बोलाइ मर्मत गराउने र त्यसै बेला आफूले सिक्नेसमेत गरेका छन् । त्यस्तै चार जना मिलेर मर्मत केन्द्र चलाएको चार महिनामा कुनै झै झगडा भएको छैन र सामूहिक प्रयासको प्रतिफल मिठो पाएका छौं भन्छन् उनीहरू । भविष्यको योजनाबारे उनीहरूको सामूहिक धारणा लगानी बढाउने र मोटरसाइकलका पार्टपुर्जाको पसल पनि राख्ने, सीप परीक्षण तह २ र ३ को जाँच दिने र वर्कसप ठूलो बनाउने रहेको छ । यसरी ४ जना प्रशिक्षार्थीहरू आफैं मिस्त्री र मालिकका रुपमा काम गरी व्यवसाय राम्रो सुरुवात र सञ्चालन गरेका छन् । उनीहरूसामु व्यवसायको निरन्तरता र गुणात्मक सेवा प्रदान गर्न चुनौती भने अवश्य छन् । उनीहरूबीच द्वन्द हुनबाट बचाउनका लागि आर्थिक अनुशासन र आपसी सद्भावले मुख्य भूमिका निर्वाह गर्छ । साथै समयसापेक्ष सीपको स्तर वृद्धि र प्राविधिक ज्ञान राख्नु पनि उत्तिकै महत्वपूर्ण छ । स्वदेशमा पनि अवसरहरू छन् । सीप तालिम लिएर स्वदेशमा नै मेहनत गरेर काम गर्न सकिन्छ । विदेशै जानुपर्छ भन्ने छैन ।

## मुख्य सन्देशहरू

- स्वदेशमा पनि अवसरहरू छन् । सीप तालिम लिएर स्वदेशमा नै मेहनत गरेर काम गर्न सकिन्छ । विदेशै जानुपर्छ भन्ने छैन ।
- सीप भयो भने नेपालमा होस् वा बिदेशमा, जहाँ भए पनि काम लाग्छ ।

नोट– यस निर्देशिकामा उल्लेख गरिएका घटना अध्ययन विवरण परामर्शदाताको बुझाइका लागि विस्तृत रुपमा उल्लेख गरिएको छ । परामर्शदाताले सूचना लिन आएका व्यक्तिहरूलाई आवश्यकताअनुसार छोटकरीमा यस्ता घटना र सवालबारे प्रष्ट हुने गरी जानकारी दिनु पर्छ ।

## वैदेशिक रोजगारीमा जान पर्याप्त जानकारी लिई सहि निर्णय लिन अनुरोध गर्ने:

वैदेशिक रोजगारीमा जानेहरूले सीप/तालिम सिकेर सम्बन्धित रोजगारदाता कम्पनीले पठाएका प्रतिनिधिहरूद्वारा आयोजित अन्तर्वार्तामा उत्तीर्ण भइ वैदेशिक रोजगारमा जानु उत्तम तरिका हो। यसरी वैदेशिक रोजगारीमा गएमा सम्झौताअनुसार काम, तलब र अन्य सुविधाहरू पाइने सम्भावना धेरै हुन्छ। यसो भए रोजगार व्यवसायीहरूले पनि राम्रो काम र तलब उपलब्ध गराउन सक्छन् र आफैंले पनि सबैभन्दा राम्रो कामको छनोट गर्न पाउने अवस्था हुन्छ। जसबाट कुनै एजेन्टको भर पर्नु पर्दैन साथै एजेन्टले लिने रकम जोगिँदा वैदेशिक रोजगारीमा जाने खर्च कम लाग्छ।

साथै आफ्ना साथीहरू/छिमेकी/नातेदारहरूलाई पनि सूचना तथा परामर्श केन्द्रको जानकारी दिनुहोस्। यदि तपाईंका साथीहरूलाई फुर्सद छैन भने पनि उनीहरूलाई बताइदिनुहोस् कि टेलिफोन सम्पर्कबाट पनि सीप सिकाइ र वैदेशिक रोजगारीसम्बन्धी सूचना र जानकारी पाउन सकिन्छ र दिइएका हातेसामग्रीहरू पनि अध्ययन गर्न अनुरोध गर्नुहोस्। प्राप्त जानकारीहरू आफ्नो परिवारलाई पनि बताउनुहोस् भनि अनुरोध गर्नुहोस्।

सेवाग्राहीले जे-जस्तो विचार वा निर्णय गरे पनि थप जानकारी र सेवाका लागि सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रमा आउन अनुरोध गर्नुहोस् ।

## ६.३ पासपोर्ट बनाउने प्रक्रियामा रहेको अवस्था:

### उद्देश्य:

वैदेशिक रोजगारीका लागि पासपोर्ट बनाउने प्रक्रियामा रहेका व्यक्तिहरूको लागि आवश्यक महत्वपूर्ण जानकारी तथा परामर्श उपलब्ध गराउनु।

### विधि:

छलफल, अन्तर्क्रिया, सम्भव भएसम्म सफलताका कथा, सन्दर्भ सामाग्रीहरूको प्रदर्शन।

### यस अवस्थाका व्यक्तिहरूलाई प्रदान गर्नु पर्ने न्यूनतम सूचना, जानकारी र परामर्शहरू

- सकेसम्म स्वदेशमा नै रोजगारी गरौं। स्वदेशमा पनि रोजगारीका प्रशस्त अवसरहरू छन्।
- सीप सिक्नुको फाइदाहरु : विदेश जाने नै भए सूचना, सीप तालिम लिएर मात्र जाऔं।
- इजाजतपत्रवाला रोजगार व्यवसायीमार्फत् जाँदाका फाइदाहरू र व्यक्तिगत सम्पर्क तथा प्रयासबाट मात्र जाँदा हुने सम्भावित जोखिमहरू।
- इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम।

## आवश्यक सामग्रीहरू:

- सीप सिक्नुका फाइदाहरू
- रकम बुझाउँदा लिनुपर्ने रसिद तथा भरपाईको नमूना फारम
- व्यक्तिगत भिषामा जाँदाका जोखिमपूर्ण अवस्थाहरू
- वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकमसम्बन्धी जानकारी ।

## प्रक्रिया:

यस अवस्थाका व्यक्तिहरू पासपोर्ट बनाउने प्रक्रियामा रहेका हुन्छन् र उनीहरूले विदेश जाने निर्णय गरिसकेका हुन्छन् । उनीहरूका लागि आवश्यक सूचना, जानकारी तथा परामर्शको आवश्यकता पहिचानपश्चात् पनि छलफल प्रक्रिया सुरु गर्न उनीहरूसँग निम्न प्रश्नहरू राखेर सुरु गर्न सकिन्छ:

## छलफलका लागि सम्भावित प्रश्नहरू:

- तपाईंले यो सूचना केन्द्रबारे कहाँबाट जानकारी पाउनुभयो ?
- मलाई थाहा छ, तपाईंले वैदेशिक रोजगारीको क्षेत्रमा आफ्नो गाउँमा भएका ठगीका घटना, मोटो रकम बुझाएर पनि यहाँ वाचा गरेअनुसारको काम र पारिश्रमिक विदेशमा नपाएर ठगिएका घटनाहरू सुन्नु र देख्नु भएको होला । वैदेशिक रोजगारीमा जाने क्रममा यस्ता ठगी तथा समस्याहरूबाट जोगिन सहयोग गर्ने उद्देश्यले हामी तपाईंको सहयोगको लागि यो सूचना केन्द्रमा छौं । यसै प्रसंगमा म तपाईंसँग केही प्रश्न सोध्न चाहन्छु, हुन्छ ?
- तपाईं के काम गर्न, कुन देशको कुन शहरमा जाँदै हुनुहुन्छ, पहिल्यै थाहा छ कि ?

(यदि थाहा छैन भन्ने उत्तर आएमा, परामर्शदाताले अदक्ष र अर्द्धदक्ष काम तथा प्रतिफलको भिन्नताबारे विषय उठान गरी छलफल शुरु गर्न सक्नु हुनेछ)

## सकेसम्म स्वदेशमा नै रोजगारी गरौं । स्वदेशमा पनि रोजगारीका प्रशस्त अवसरहरू छन् । विदेश जाने नै भए सूचना, सीप तालिम लिएर मात्र जाऔं ।

यस विषयसँग सम्बन्धित विवरणहरू अघिल्लो अवस्थामा नै उल्लेख गरिसकेको हुँदा सोही विषयवस्तुहरूलाई नै आवश्यकता र चासोअनुसार सूचना तथा परामर्श प्रदान गर्नुहोला ।

## इजाजतपत्रवाला रोजगार व्यवसायीमार्फत् जाँदाका फाइदाहरू र व्यक्तिगत सम्पर्क र प्रयासबाट मात्र जाँदा हुने सम्भावित जोखिमहरू बारे जानकारी दिने ।

वैदेशिक रोजगारी वा आप्रवासनका आधारभूत प्रकृयागत सूचनामूलक जानकारीहरू

आप्रवासन/वैदेशिक रोजगारीमा जानका लागि धेरै प्रकारका प्रकृयाहरू छन् :

जस्तै :

- आफन्त वा नातेदारहरू मार्फत भिषाप्राप्त गरेर,
- रोजगार व्यवसायीको प्रत्यक्ष सम्पर्कबाट

सूचना लिन आएको व्यक्तिले कस्तो प्रकृया अवलम्बन गरेर वैदेशिक रोजगारीमा जाने योजना बनाइरहेको छ, निजबाटै पत्ता लगाउने तथा आवश्यकता र चासोअनुसारका सम्बन्धित सूचनाहरू उपलब्ध गराउने ।

## घटना अध्ययन नं. : ५

### अवैधानिक (दर्ता नभएका) एजेन्टले कसरी ठग्छन् ? वा धोका दिने गर्छन् भन्ने एउटा उदाहरण

### एजेन्टको विश्वास गर्दा पैसा डुब्यो र ऋण माथि ऋण थपियो

खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलनजिकै बस्ने दिलिप खत्री (नाम परिवर्तन) फलफूल टिप्ने काम भनेर तनहूँको सिताराम भन्ने एजेन्टमार्फत् मलेसिया गएका थिए । यसका लागि उनले सयकडा ३ का दरले साहुबाट ऋण लिइ ७२ हजार रुपैयाँ एजेन्टलाई बुझाएका थिए । रकम बुझाउँदा कुनै भरपाई वा रसिद केही पनि लिएका थिएनन् । किनकी उनलाई एजेन्टमाथि पूर्ण विश्वास थियो र भरपाई लिनुपर्छ भन्ने पनि थाहा थिएन ।  भरपाईको के कुरा उनलाई सिताराम भन्ने एजेन्टको थरसमेत थाहा थिएन, ठेगानाको नाममा तनहुँ भन्ने मात्र थाहा थियो । त्यत्तिमात्र होइन, कुन रोजगार व्यवसायी कम्पनीबाट जान लागेको भन्ने पनि उनलाई थाहा थिएन । दिलिपले सम्पूर्ण कागजपत्र मलेसिया पुग्नासाथै एजेन्टले भने बमोजिम मालिकलाई नै बुझाएका थिए ।

मलेसिया पुगेपछि उनले फलफूल टिप्ने कामको सट्टामा फलाम चुट्ने काम पाए । उनले मेरो काम फलफूल टिप्ने हो भनि कम्पनीमा निवेदन गरे पनि कम्पनीले तिमीलाई यही कामको लागि बोलाएको हो, यही काम गर्नुपर्छ भनिरह्यो । भनेको काम नपाएपछि उनले यसबारे घरमा फोन गरी जानकारी दिए । सूचना तथा परामर्श केन्द्रबारे रेडियो र छिमेकीबाट थाहा पाएपछि उनकी आमा सूचना तथा परामर्श केन्द्रमा आइन् र दिलिपको अवस्था बताइन् । सूचना तथा परामर्श केन्द्रले दिलिपकी आमासँग दिलिप जाँदाका कागजपत्रहरू भिषा, सम्झौता पत्र, करार, नागरिकता, पासपोर्टको फोटोकपी, रकम तिरेको भरपाईको फोटोकपी माग्यो । तर कुनै पनि कागजपत्र घरमा नभएकाले आमाले दिनसक्ने कुरा नै भएन । केन्द्रले त्यसपछि दिलिपलाई फोन गरेर मगाउन भन्यो तर दिलिपसँग पनि कुनै कागजपत्र नभएकाले पठाउन सकेनन् ।

हस्ताक्षर गरेको सम्झौता पत्रमा उल्लेख भएको भन्दा फरक काम तथा तलब दिए परिवारले कामदारका हकमा वैदेशिक रोजगार विभागमा उजुरी दिन सक्छ । कामदार विदेशबाट फर्केको एक वर्षभित्र वैदेशिक रोजगार विभागमा एजेन्ट वा रोजगार व्यवसायी कम्पनीविरुद्ध उजुरी दिई क्षतिपूर्ति दाबी गर्न सकिन्छ । यस्ता ठगीका मुद्दामा वैदेशिक रोजगार सम्बन्धी सूचना केन्द्रमार्फत् काठमाडौंस्थित साझेदार सस्थाहरूको समन्वयमा निःशुल्क कानुनी सहयोग प्राप्त गर्न सकिन्छ । स्वयं ठगीमा परेको व्यक्ति नेपाल आए पनि आवश्यक कागजात तथा प्रमाणहरू नभएको र एजेन्ट आफ्नो साथीले चिनेको साथी भएर उ विरुद्ध मुद्दा हाल्न गाह्रो भएकाले दिलिप मलेसिया जाँदा लागेको खर्च वालुवामा पानी हालेझैं भयो । त्यत्ति मात्र होइन उनकी आमाले भनेअनुसार उनीहरूले यो सबै रकम साहुबाट सयकडा ३ का दरले ऋण लिएका थिए । यसको व्याज र सावाँ चुक्ता गर्न झन् गाह्रो भएको छ ।

दिलिप फेरि विदेश गएर पैसा कमाएर ऋण तिर्ने पक्षमा छन् । तर अब विदेश जाँदा इजाजतवाला रोजगार व्यवसायी कम्पनीमार्फत् नै जाने, रकम तिरेको रसिद/भरपाई लिने, एक प्रति सबै कागजपत्र (डकुमेन्ट)को फोटोकपी (पासपोर्ट, भिषा, सम्झौतापत्र, श्रम स्वीकृति, रकम तिरेको भरपाई, बीमाको कागज, मेडिकल रिपोर्ट) आफूसँग एक प्रति लाने र परिवारलाई एक प्रति छोड्ने साथै सीप तालिम सिकेर मात्र जाने निर्णय गरेका छन् । एजेन्ट तथा रोजगार व्यवसायी कम्पनीले च्यातेर फाल्नु भनेका कागजहरू पनि लुकाएर तथा जोगाएर राख्नुपर्छ, । समस्या परेका बेलामा ती च्यातेर फाल्नु भनेका कागजहरूले दरिलो प्रमाणको रुपमा सहयोग पुऱ्याउँछन् ।

### मुख्य सन्देशहरू

- विदेश जाँदा इजाजतवाला रोजगार व्यवसायी कम्पनीमार्फत् वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जाने ।
- रकम दिँदा भरपाई माग्ने ।
- सबै कागजपत्रको एक प्रति फोटोकपी (पासपोर्ट, भिषा, सम्झौतापत्र, श्रम स्वीकृति, रकम तिरेको भरपाई, बीमाको कागज, मेडिकल रिपोर्ट) आफूसँग एक प्रति लाने र परिवारसँग एक प्रति छोड्ने
- सीप तालिम लिएरमात्र विदेश जाने ।
- एजेन्ट तथा वैदेशिक रोजगार व्यवसायी कम्पनीले च्यातेर फाल्नु भनेका कागजहरू पनि लुकाएर तथा जोगाएर राख्नुपर्छ, । समस्या परेका बेलामा ती फाल्नु भनेका कागजहरूले दरिलो प्रमाणको रुपमा सहयोग गर्छन् ।
- वैदेशिक रोजगारका क्रममा ठगीमा परे वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श केन्द्रमा जाने । वैदेशिक रोजगारका क्रममा ठगीमा परेका मुद्दाहरूमा सूचना तथा परामर्श केन्द्रले सम्बन्धित निकायसम्म पुग्न सहयोग गर्छ ।

## यस चरणमा जान्नुपर्ने महत्वपूर्ण कुराहरू:

१. को मार्फत् वैदेशिक रोजगारीमा जान लागेको थाहा हुनु अत्यन्त जरुरी र महत्वपूर्ण छ । रोजगार व्यवसायी कम्पनी वा एजेन्टबारे जानकारी लिनुपर्छ ।
२. नातेदार वा एजेन्टमार्फत् जाँदा पनि ठगिने सम्भावनाहरू बढी नै देखापर्ने गरेका छन् । (खासगरी यहाँ नेपालमा भनेअनुसार अथवा विश्वास दिलाएअनुसार तलब र काम नहुने तथा जाने खर्च बढी असूल गर्ने)
३. कामबाट हुने लाभ र जाँदा लाग्ने लागतको विश्लेषण गर्नु आवश्यक छ । (आफू जाँदा लाग्ने खर्च, विदेशमा गएर हुने कमाइ, आफूले ऋण लिँदा तिर्नुपर्ने ब्याज जस्ता कुराको हिसाब गर्नु आवश्यक छ)
४. परिवारका सदस्यहरूसँग पनि छलफल गर्न आवश्यक छ ।

## इजाजतवाला रोजगार व्यवसायी (म्यानपावर कम्पनी) मार्फत् वैदेशिक रोजगारीमा जाँदा हुने फाइदाहरू:

१. श्रम स्वीकृतिलगायत सम्पूर्ण प्रकृयाबारे व्यवसायीले जिम्मा लिन्छ ।
२. रोजगार व्यवसायीले नेपालमा भनेअनुसार विदेशमा काम, कम्पनी र तलब (पारिश्रमिक) फरक पार्न मिल्दैन । यदि त्यस्तो भए समस्या समाधान गर्ने जिम्मेवारीलगायत क्षतिपूर्ति दिने जिम्मासमेत वैदेशिक रोजगारीमा पठाउने वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिने व्यवसायीकै हुन्छ । ठगिएको वा पीडित कामदारले आफू गएको मुलुकको नेपाली राजदूतावास/नियोग र वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गर्न सक्छन् ।

## व्यक्ति वा अवैधानिक एजेन्टमार्फत् वैदेशिक रोजगारीमा जाँदाका जोखिमहरू:

१. नेपालमा बताएअनुसार विदेशमा काम र पारिश्रमिक (तलब) नपाउने बढी सम्भावना ।
२. एजेन्ट र सहायक एजेन्टहरूको संलग्नताले गर्दा आप्रवासन खर्च बढ्ने ।

३. एजेन्टको सहयोगबाट जाँदा भाग्य/दुर्भाग्य दुवै हुनसक्छ । तर समस्या आइपर्दा सहयोग गर्ने कोही नहुन पनि सक्छ । नेपालमा बताएअनुसार विदेशमा तलब सुविधा नपाए पनि मलेसिया र खाडी क्षेत्रका मुलुकहरूमा पुगेपछि एउटा कम्पनी छोडी अर्को कम्पनीमा काम गर्न निषेध छ । कुनै कारणले कम्पनी बदलेमा गैरकानुनी कामदार भइन्छ । जुन कम्पनीमा काम गर्न गएको हो, तोकिएको करार अवधिभर त्यसैमा काम गर्न बाध्य भइन्छ । यसरी विदेशमा काम गर्न जाने धेरैजसो कामदारले उच्च व्याज दरमा ऋण लिएर जाने भए पनि झुक्याइएको अवस्थामा धेरै समस्यासँग मुकाबिला गर्नुपर्ने हुन्छ । अनियमित वा गैरकानुनी कामदार भएर लुकेर काम गर्नु ज्यादै खतरनाक हुन्छ । यस्तो अवस्थामा डिटेन्सन क्याम्पमा कैद, सजाय भोग्नुपर्ने हुनसक्छ । बीमा र स्वास्थ्य सुविधा नपाइ कामदार बिरामी परे उपचारको अभावमा विदेशमै मृत्यु पनि हुनसक्छ । नेपाल फर्कन पनि सजायसहित मोटो रकम तिर्नुपर्ने पनि हुनसक्छ ।

गन्तव्य मुलुकमा पुगिसकेपछि भनेको काम तथा तलब सुविधा पाइएन भनेर नेपाल फर्कनु परे धेरै कठिन छ । पासपोर्ट रोजगारदाताले नै राख्छन् र रोजगारदाताले घर फर्कन पाउने वहिर्गमन प्रवेशाज्ञा (Exit Visa) नबनाइदिएसम्म घर फर्कन पाइँदैन ।

५. वैदेशिक रोजगारीमा जाने विषयमा जोसुकैमाथि पूर्ण रूपमा विश्वास गर्नसक्ने अवस्था छैन । आफ्नै नातेदार व्यक्तिहरूले भनेको काम, तलब र सुविधाहरू (उनीहरूले पनि अरुबाट सुनेको भरमा भन्ने भएकाले) उपलब्ध गराउँछु भनेको काम र प्रवेशाज्ञाको पनि भरोसा नहुन सक्छ । त्यसैले आफ्नै नातेदारसँग पनि धेरै प्रश्नहरू राखी कुरा बुझ्न जरुरी हुन्छ । जस्तै– यो कामबारे कसरी जानकारी प्राप्त भयो ? काम दिने एजेन्ट वा रोजगारदाताबारे पहिलेदेखि थाहा छ ? विश्वास लाग्छ ? तलब, पारिश्रमिक र सेवा सुविधा के के छन् ? कुन विमानस्थलको बाटो जानुपर्ने हो ? (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वा अन्य बाटो), वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति/स्टिकर प्राप्त भएको छ/छैन ? यी सबै प्रश्न गरिसकेपछि हाम्रो सूचना केन्द्रमा आएर थप जानकारी, सल्लाह र परामर्श लिन सक्नुहुन्छ ।

दुर्भाग्यको कुरा, हामीले यस्ता धेरै घटनाहरू सुनेका छौं । वैदेशिक रोजगारीमा जानलागेका वा गएका कैयौं नेपाली कामदारहरू आफ्नै आफन्त वा नातेदारबाट पनि ठगिएका छन् ।

६. वैदेशिक रोजगारीका क्षेत्रमा झूटा आश्वासन दिने, ठग्ने, घटनाहरू प्रशस्त भेटिन थालेका र खासगरी व्यक्तिगत प्रयासमा जानलागेका वा गएका व्यक्तिहरूले यस्ता समस्या बढी भोग्नुपरेको धेरै घटनाहरू/सूचनाहरू प्राप्त भएबाट वैदेशिक रोजगार विभागले व्यक्तिगत प्रयासबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई निरुत्साहित गर्न केही कडाइ गर्दै आएको छ र नियम-निर्देशिकाहरू पनि त्यसैअनुरूप बनाएर लागू गरेको छ ।

## वैदेशिक रोजगारीमा जान तिर्नुपर्ने रकमको अधिकतम सीमा

नेपाल सरकारले मुख्य श्रम गन्तव्य मुलुकहरूमा जान कामदारले बेहोर्नुपर्ने खर्च अथवा रोजगार व्यवसायीले लिन पाउने अधिकतम रकमको सीमा निर्धारण गरिदिएको छ । कतिपय श्रम गन्तव्य मुलुकका रोजगारदाताले कामदारको हितलाई ध्यानमा राखी निःशुल्क भिषा र आतेजाते हवाइ टिकट खर्च पनि बेहोर्ने गर्छन् । त्यस्तोमा सो खर्च कटाएर रोजगार व्यवसायीले कामदारसँग रकम लिनुपर्छ र सोको आधिकारिक रसिद/भरपाई दिनुपर्छ । कामदारले पनि आफूले बुझाएको रकमको भरपाई लिनुपर्छ । यो रसिद नै क्षतिपूर्तिका लागि महत्वपूर्ण प्रमाण हो । नेपाल सरकारले निर्धारण गरेको अधिकतम शुल्क सीमा निम्नानुसार छ :

| | | |
|---|---|---|
| १. | मलेसियाका लागिः | रु. ८०,०००/- |
| २. | खाडीक्षेत्रका मुलुकहरूः (साउदी अरब, कतार, कुवेत, बहराइन, युनाइटेड अरब इमिरेट्स र ओमान) | रु. ७०,०००/- |

**नोट** : वैदेशिक रोजगारीमा जान तिर्नुपर्ने रकमको अधिकतम सीमाबारे विस्तृत जानकारीका लागि अध्यावधिक गरिएको हाते सामाग्रीको प्रयोग गर्नुहोला ।

**जुनसुकै तरिकाले जान लागेको भए पनि तल उल्लिखित प्रकृया अवलम्बन गर्न अत्यावश्यक छः**

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनु अनिवार्य छ ।
- इजाजतवाला रोजगार व्यवसायी एजेन्सीमार्फत् वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र जानुपर्छ ।
- रकम बुझाएको भरपाई/रसिद लिनुपर्छ (भरपाईको नमुना उपलब्ध गराइदिने) । यो रसिद/भरपाई अत्यन्त महत्वपूर्ण प्रमाण हो । यदि नेपालमा कबोल भएअनुसार विदेशमा काम र तलब/पारिश्रमिक नपाइ फर्कनु परेको अवस्थामा क्षतिपूर्ति लिन यो भरपाई/रसिद महत्वपूर्ण प्रमाण हुनेछ ।
- आफ्नो पासपोर्टको प्रतिलिपि, भिषाको प्रतिलिपि, बीमा गरेको कागजको प्रतिलिपि, वैदेशिक रोजगारीमा जान बुझाएको रकमको भरपाई/रसिदको प्रतिलिपि, स्वास्थ्य परीक्षण प्रमाण-पत्रको प्रतिलिपि, श्रम स्वीकृति-पत्रको प्रतिलिपि सबैको एक प्रति आफ्नो घर/परिवारका सदस्यलाई सुरक्षित राख्न लगाउने र एक प्रति आफ्नो साथमा लैजान नभुल्ने ।

## ६.४ एजेन्टको सम्पर्कमा रहेको अवस्थाः

### उद्देश्यः

वैदेशिक रोजगारीका लागि एजेन्टहरूमार्फत विदेश जाने सोचमा भएका वा निर्णय गरिसकेका व्यक्तिहरूका लागि आवश्यक महत्वपूर्ण जानकारी तथा परामर्श उपलब्ध गराउनु ।

### विधिः

छलफल, अर्न्तक्रिया, सम्भव भएसम्मका सफलताका कथा, सन्दर्भ सामग्रीहरूको प्रदर्शन ।

### यस अवस्थाका व्यक्तिहरुलाई प्रदान गर्नुपर्ने न्यूनतम सूचना, जानकारी र परामर्शहरु

- सरकारी इजाजतवाला रोजगार व्यवसायी संस्था तथा एजेन्टको पहिचान ।
- इजाजतवाला रोजगार व्यवसायीमार्फत् जाँदाका फाइदाहरू र व्यक्तिगत सम्पर्क र प्रयासबाट मात्र जाँदा हुने सम्भावित जोखिमहरू ।
- वैदेशिक रोजगारसँग सम्बन्धित एजेन्टलाई सोध्नैपर्ने महत्वपूर्ण केही प्रश्नहरू ।
- सीप सिक्नुका फाइदाहरू : विदेश जाने नै भए सूचना, सीप तालिम लिएर मात्र जाऔं ।
- वैदेशिक रोजगारीमा लाग्ने खर्च र आम्दानीको विश्लेषण ।
- इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम/शुल्क ।
- मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरी काम, तलब/सुविधा जाँच गर्ने तरिका ।

## आवश्यक सामग्रीहरू:

- सीप सिक्नुको फाइदाहरू
- रसिद/भरपाईका नमुना
- एजेन्टहरूमार्फत् वैदेशिक रोजगारीमा जाँदाका जोखिमबारे जानकारी
- वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम शुल्क सीमासम्बन्धी जानकारी
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

## प्रक्रिया:

यस अवस्थाका व्यक्तिहरू कुनै एजेन्ट वा व्यक्तिसँग प्रत्यक्ष अप्रत्यक्ष माध्यमबाट सम्पर्कमा आइसकेका हुन्छन् । विदेशमा गर्ने काम, तलब, सुविधा तथा लाग्ने खर्चबारे प्रारम्भिक जानकारीहरू थाहा भएको हुनसक्छ । परामर्श छलफल अगाडि बढाउन केही प्रश्नहरू राखेर छलफल तथा अन्तर्क्रिया सुरु गर्न सकिन्छ ।

## उदाहरणका लागि निम्न प्रश्न तथा संवादहरूको प्रयोग गर्न सकिन्छ :

- एजेन्टले कुन वैदेशिक रोजगार व्यवसायीमार्फत् जाने प्रकृया अगाडि बढाएको छ ? सूचनाग्राहीलाई सोध्ने ।
- रकम बुझाएको भए भरपाई/रसिद छ कि ?
- धेरैजसो अवस्थामा एजेन्टहरू आफ्नै नातेदार हुन्छन् । परामर्शदाताले सूचनाग्राहीलाई ऊ जान लागेको काम, पारिश्रमिक र अवलम्बन गरिरहेको प्रकृयाबारे सोध्न सक्छन् ।

## सरकारबाट इजाजतप्राप्त रोजगार व्यवसायी संस्था (म्यानपावर कम्पनी) तथा एजेन्टको पहिचान:

वैदेशिक रोजगारीका लागि विदेशमा जाने सही तरिका सरकारबाट इजाजतवाला रोजगार व्यवसायीमार्फत् वैदेशिक रोजगार विभागको श्रम स्वीकृति प्राप्त गरी जानु नै हो । रोजगार व्यवसायी (म्यानपावर कम्पनी) वैधानिक छ/छैन ? भन्ने कुरा वैदेशिक रोजगार विभागको वेबसाइट www.dofe.gov.np हेरेर पत्ता लगाउन सकिन्छ । सूचना केन्द्रले पनि रोजगार व्यवसायीको वैधताबारे बुझिदिन सक्छ ।

## वैदेशिक रोजगार व्यवसायी र एजेन्टको सम्बन्ध:

एजेन्टले स्थानीय व्यक्तिलाई रोजगार व्यवसायीकोमा पुऱ्याउँदा जुन रोजगार व्यवसायीबाट बढी रकम कमिसन पाउँछ उसैकोमा पुऱ्याउँछ । किनभने यस्ता स्थानीय एजेन्टहरूले काठमाडौंका धेरै रोजगार व्यवसायीहरूसँग कार्यगत सम्बन्ध बनाएका हुन्छन् । यिनीहरू कामदारका लागि राम्रो काम र पारिश्रमिक कसरी प्राप्त हुन सक्छ भन्ने चिन्ताभन्दा पनि आफूलाई बढी कमिसन कसरी प्राप्त हुन्छ भन्ने हिसाबले काम गर्छन् । अधिकांश एजेन्टहरू अवैधानिक रुपमा काम गरिराखेका छन् । वैदेशिक रोजगारमा पठाउन सक्ने आधिकारिक एजेन्टहरू कमै मात्रामा छन् । त्यस जिल्लामा आधिकारिक एजेन्ट भएको वा नभएकोबारे जानकारी दिने ।

## इजाजतवाला रोजगार व्यवसायीमार्फत् जाँदाका फाइदाहरू र व्यक्तिगत सम्पर्क र प्रयासबाट मात्र जाँदा हुने सम्भावित जोखिमहरु

यस विषयसँग सम्बन्धित विवरणहरू अघिल्लो अवस्थामा नै उल्लेख गरिसकेको हुँदा सोही विषयवस्तुहरूलाई नै आवश्यकता र चासोअनुसार सूचना तथा परामर्श प्रदान गर्नुहोला ।

### यदि एजेन्टमार्फत् वैदेशिक रोजगारीमा जाँदा हुने जोखिम थाहा पाएर पनि एजेन्टमार्फत् नै जाने हो भने निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्ने जानकारी दिने

- एजेन्टलाई रकम बुझाएको भए भरपाई/रसिद माग्ने, यदि रकम लिएर पनि रसिद/ भरपाई दिन आनाकानी गरे नियत सफा छैन भन्ने बुझिहाल्नु पर्छ । किनभने विदेशमा पुगेपछि भनेअनुसारको काम र पारिश्रमिक नपाएको अवस्थामा यो रसिद/ भरपाई नै क्षतिपूर्ति प्राप्त गर्नका लागि महत्वपूर्ण प्रमाण हुनेछ ।
- आफूले सम्पर्क गरेको एजेन्टको स्थानीय समुदायमा कस्तो इज्जत, प्रतिष्ठा र विश्वसनीयता छ, बुझ्न जरुरी छ । यसअघि त्यो एजेन्टले पठाएका कामदारका परिवारहरूको ऊप्रति धारणा कस्तो छ ? बुझ्न जरुरी छ ।
- एजेन्ट आफन्त नै हुनसक्छ, आफन्त भए पनि धेरै प्रश्नहरू सोधी बढि भन्दा बढि जानकारी लिनुपर्छ ।

### एजेन्टलाई सोध्नैपर्ने केही महत्वपूर्ण प्रश्नहरु निम्नानुसार हुन सक्छन्

- कुन देशमा जाने हो ? के काम हो ? पारिश्रमिक कति छ ? भिषा कसरी प्राप्त भयो ? कोमार्फत् प्राप्त भयो ? कति घण्टा काम गर्नुपर्छ ? अन्य सुविधाहरू के कति छन् ?
- एजेन्टले कुन रोजगार व्यवसायीमार्फत् पठाउने हो ?
- यो काममा जान कति रकम बुझाउनु पर्ने हो ? रकम बुझाएको भरपाई दिने हो/होइन ?
- त्रिभुवन विमानस्थलको बाटो लैजाने हो वा अन्य बाटो भएर जाने हो ?

यस प्रकारका विविध प्रश्न सोधी जानकारी लिनु आवश्यक छ । यसैले सूचना तथा परामर्श केन्द्रमा आएर जानकारी लिनुहोस् वा टेलिफोन गरेर पनि सहयोग प्राप्त गर्न सक्नुहुन्छ ।

## सीप सिक्नुका फाइदाहरु : विदेश जाने नै भए सूचना, सीप तालिम लिएर मात्र जाऔं ।

यस विषयसँग सम्बन्धित विवरणहरू अघिल्लो अवस्थामा नै उल्लेख गरिसकेको हुँदा सोही विषयवस्तुहरूलाई नै आवश्यकता र चासोअनुसार सूचना तथा परामर्श प्रदान गर्नुहोला ।

### वैदेशिक रोजगारीमा लाग्ने खर्च र आम्दानीको विश्लेषण

सीप, शिक्षा तथा अनुभव भएका केही सिमित व्यक्तिहरूले धेरै रकम कमाएको सुनेर वा देखेर विदेशमा त पैसाको रुख नै छ भन्ने मानसिकताबाट सूचना, ज्ञान, सीप तथा अनुभव बिनै मानिसहरू विदेश जान हौसिएका हुनसक्छन् । स्वदेशमा नै रोजगारीको अवसर हुँदाहुँदै पनि विदेशमा कमाउने आम्दानीलाई बढावा दिइरहेका हुन सक्छन् । तसर्थ यस्ता अवस्थाका व्यक्तिहरूलाई लाभ र लागतको आधारमा आम्दानीको विश्लेषण गर्नका लागि आवश्यक परामर्श उपलब्ध गराउनु पर्छ ।

विदेश जाँदा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा हुने खर्च र आम्दानीसहित लाभ र लागतको विश्लेषण गरि देखाउने । यसका

लागि जाँदा लाग्ने लागत र करार अवधिमा हुने कमाइसँग नेपालमा नै कुनै व्यावसाय गर्दा हुने कमाइबीच फरक देखाउन सकिन्छ । साथै परिवार तथा आफन्तबाट टाढा बस्नुपर्नेलगायत कुरा पनि जोड्न सकिन्छ ।

यस सम्बन्धमा थप प्रष्ट पार्नुपर्ने भए, विदेश जाँदा लाग्ने प्रत्येक खर्चको शिर्षक र रकमको सूची तयार गर्ने र अर्को पानामा प्राप्त हुने आम्दानी रकम लेख्ने र नेपालमा रहँदा कमाउन सक्ने न्यूनतम रकम जोडेर धेरै प्रकारका जोखिमहरूको सामना गर्दै अमूल्य समय गुमाउँदै प्राप्त हुने कुल रकम र आफ्नो देशमा बसी तुलनात्मक रुपमा बढी सुरक्षित भइ कमाउने रकम कुन बढी हुन्छ आम्दानी र खर्चको विवरणसहित प्रष्ट पारिदिने ।

## इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम

यस विषयसँग सम्बन्धित विवरणहरू अघिल्लो अवस्थामा नै उल्लेख गरिसकेको हुँदा सोही विषयवस्तुहरूलाई नै आवश्यकता र चासोअनुसार सूचना तथा परामर्श प्रदान गर्नुहोला ।

## मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरि काम, तलब जाँच गर्ने तरिका:

वैदेशिक रोजगार विभागबाट प्रदान भएको श्रम स्वीकृतिको जानकारी SMS बाट समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ । सोबाट वैदेशिक रोजगारमा जाने वा गएका व्यक्तिले नेपाल सरकारबाट श्रम स्वीकृति लिए नलिएको, जान लागेको देश, काम, कम्पनीबारे तत्काल जानकारी लिन सकिने छ ।

### जानकारी लिने तरीका:

१. आफ्नो मोबाइलको SMS एसएमएस पठाउने ठाउँमा PP टाइप गरी एक space (स्पेस) दिइ आफ्नो पासपोर्ट नम्बर टाइप गरी ४००१ मा SMS एसएमएस पठाउने ।

   उदाहरणका लागि : पासपोर्ट नं. ०६३२९७४६ को नमूना
   PP 06329746 टाईप गरिसकेर 4001 मा सेन्ड गर्ने ।

२. SMS एसएमएस पठाएको केही समयमा अभिलेखमा भएका व्यक्तिको देहायबमोजिमको जानकारी सहितको SMS एसएमएस तपाईको मोबाइलमा आउनेछ ।

**मोबाइलमा देखिने जानकारीको नमूना**
नाम: Man Bahadur Shrestha
पद: Blacksmith
पाउने तलब सुविधा : 800 Riyal
लाग्ने शुल्क : 70,000
काम गर्न जाने कम्पनीको नाम: Qatar Industry
काम गर्न जाने देश: Qatar
स्टिकर नं. : 002120642
निर्णय मिति : 2070-01-02
पठाउने कम्पनीको नाम : ABC Manpower Pvt.
Thank you
DoFE

# घटना अध्ययन नं. : ६

(नेपालबाट वैदेशिक रोजगारीमा पठाउनुअघि गरिएका वाचा भन्दा फरक तलब र काम, नेपाल फर्कँदा बिना आम्दानी फर्केका घटनासम्बन्धी केही उदाहरण

## एजेन्टको विश्वास गर्दा ठगीमा परेका घटना

रघु महतो आफ्नो ससुराली सर्लाही जिल्लाको अत्रौली गाविसको एक जना एजेन्टमार्फत् १ लाख १० हजार रुपैयाँ नगद तिरी मलेसियाको फाइबर कम्पनीमा काम गर्न गएका थिए । तर २ महिना काम गर्दा कुनै पारिश्रमिक/तलब नदिएर साहुले उल्टो तिमीसँग मेरो ५० हजार बाँकी छ, त्यो तिर्नुपर्छ, तिम्रो तलबबाट कट्टा गर्छौं भनेपछि रघुले एजेन्टलाई फोन गरे । फोन गर्दा एजेन्टले उल्टै धम्काए र अन्त्यमा एक पैसा पनि कमाउँदै नकमाइ दुई महिना ७ दिनमा कम्पनीको साहुले मेडिकलमा फेल भनी नेपाल फर्काइदिए । एजेन्टले उक्त मेडिकल रिपोर्ट लिए । पछि रघु एजेन्टसँग रकम र मेडिकल कागज माग्दा एजेन्टले उल्टै धम्काए । एजेन्टले उनको गरिबी र सोझोपनको फाइदा उठायो । एक दिन रघु सर्लाही मलंगवास्थित जिल्ला प्रशासन कार्यालयको गेटमा रोइरहेको बेला सुरक्षित आप्रवासन सूचना केन्द्रका कर्मचारीले भेट्टाए र के भयो किन रोएको भनि सोधे । रघुले आफूले पाएको दुःख बताएपछि उनलाई सूचना केन्द्रमा ल्याइयो र उनले आफ्ना सबै बृतान्त सुनाए । उनले भनेअनुसार पैतृक सम्पत्ति १ कठ्ठा, पन्जाबमा काम गरेर किनेको ५ कठ्ठा र मलेसियामा कमाएर ल्याएपछि पक्का घर वनाउने सपना चकनाचूर भइ पन्जाबवाट कमाएर जोडेको सम्पत्ति पनि बेच्नुपर्ने अवस्था थियो । रघुले १ लाख १० हजार साहुसँग ३६ प्रतिशत व्याज दरमा ऋण लिइ विदेश गएको र एक पैसा पनि नकमाइ स्वदेश फर्कनु परेको सबै सुनाए । कागजातबारे सोध्दा उनले मलेसियाबाट फर्कने बेलामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै एजेन्टले नै लिएर गएको, आफ्नै कोठामा राखी खाना खुवाएको र पछि सबै आवश्यक कागजातहरू लिएर उनलाई जे गर्न मनलाग्छ गर, जहाँ गएर मुद्दा हाल्न मन लाग्छ हाल, सर्वोच्च अदालतमा गए पनि केही गर्न सक्दैनस् भनि उनलाई गाउँ फर्काइ दिएको थियो । एक जना गरीबको यो कथा व्यथा साह्रै मार्मिक भए पनि आवश्यक कागजात नभएकाले सूचना केन्द्रले हालसम्म केही सहयोग गर्न नसक्ने अवस्थामा छ । तर कागजात नभए पनि सूचना केन्द्रले सम्बन्धित निकायसँग कारबाहीका लागि अनुरोध गरिरहेको छ ।

त्यसकारण वैदेशिक रोजगारमा जाने सर्वसाधारण कामदारले इजाजतवाला रोजगार व्यवसायी मार्फत् नै जानुपर्छ । रकम तिरेको रसिद/भरपाइ लिनै पर्छ, विदेश जाँदा एक प्रति सबै कागजातको फोटोकपी - भिषा, सम्झौतापत्र, श्रम स्वीकृति, पैसा तिरेको भरपाई, बीमाको कागज, मेडिकल रिपोर्ट) आफूसँग राख्ने र एक प्रति परिवारसँग छोड्नुपर्छ अन्यथा रघुजस्तै दुःख पाउनुबाहेक केही गर्न सकिँदैन । एजेन्ट तथा रोजगार व्यवसायीले च्यातेर फाल्नु भनेका कागजहरू पनि लुकाएर तथा जोगाएर राख्नुपर्छ, समस्या परेका बेलामा ती फाल्नु भनेका कागजहरूले दरिलो प्रमाणका रुपमा काम गर्छन् ।

## ६.५ कुनै व्यक्तिले वैदेशिक रोजगार व्यवसायी (म्यानपावर कम्पनी) भेटेपछिको अवस्था

### उद्देश्य

व्यक्तिले वैदेशिक रोजगार व्यवसायीसँग भेट भइसकेपछिका सम्भावित कामदार व्यक्तिहरूलाई आवश्यक महत्वपूर्ण सूचना तथा परामर्श उपलब्ध गराउनु ।

### विधिः

छलफल, अन्तर्क्रिया, सम्भव भएसम्म सफलताका कथा, सन्दर्भ सामाग्रीहरूको प्रदर्शन ।

### यस अवस्थाका व्यक्तिहरूलाई प्रदान गर्नुपर्ने न्यूनतम सूचना, जानकारी र परामर्शहरू

- रोजगार व्यवसायीको वैधानिकता पहिचानसम्बन्धी जानकारी ।
- कामदारले सम्झौता गर्नु पूर्व ध्यान दिनुपर्ने तथा सम्झौतापत्रमा हेर्नुपर्ने कुराहरुको जानकारी प्रदान गर्ने ।
- मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरि काम, तलब जाँच गर्ने तरिका ।
- कामदारले सम्झौता गर्नु पूर्व ध्यान दिनुपर्ने र सम्झौता पत्रमा हेर्नुपर्ने कुराहरूबारे जानकारी प्रदान गर्ने ।

### आवश्यक सामग्रीहरूः

- सीप तथा तालिम प्राप्त गर्नुको महत्व
- वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम/शुल्कसम्बन्धी जानकारी
- रसिद/भरपाईको नमूना
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

### प्रक्रियाः

### सोध्ने सम्भावित प्रश्नहरू

- तपाईंले कुन एजेन्सी वा रोजगार व्यवसायी कम्पनीसँग सम्पर्क राख्नुभएको छ ?
- त्यो रोजगार व्यवसायी सरकारबाट इजाजतवाला स्वीकृत रोजगार व्यवसायी हो/होइन जाँच्ने ?
  यदि वैदेशिक रोजगार व्यवसायी वैधानिक होइन भने कानुनी सहायता केन्द्रको सहयोग लिनुपर्छ ।

**सीपको महत्व (माथि उल्लेख भएबमोजिम)**

**इजाजतवाला रोजगार व्यवसायीको छनोट:**
वास्तवमा इजाजतवाला रोजगार व्यवसायीमार्फत् वैदेशिक रोजगारीमा जाँदा नै बढी सुरक्षित र भरपर्दो हुन्छ । वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनुपर्छ । रोजगार व्यवसायी इजाजतवाला हो वा होइन भनेर वैदेशिक रोजगार विभागको वेबसाइटमा हेर्न सकिन्छ साथै सूचना केन्द्रबाट पनि जानकारी लिन सकिन्छ ।

## यो अवस्थामा रहेका व्यक्तिहरूले जान्नुपर्ने महत्वपूर्ण कुराहरू:

१ वैदेशिक रोजगारीमा जान लागेको व्यक्तिले आफूले रोजेको रोजगार कम्पनी वा एजेन्सीलाई कम्तिमा यी कुराहरू सोध्नुपर्छ । जस्तै – जान लागेको देश, कम्पनी, काम, जम्मा कति खर्च लाग्छ ? ओभरटाइम पाइन्छ कि पाइँदैन ? रोजगार सम्झौता अवधि कति हो ? रोजगार सम्झौतामा सही गर्नुअघि आफैंले पढेर वा बुझेर मात्र सही गर्ने । कानुनमा भएको व्यवस्थाअनुरूप २०६८ साल माघदेखि नै सरकारले रोजगार करार (सम्झौता) नेपाली भाषामा पनि अनिवार्य हुनैपर्ने गरी कार्यान्वयनमा ल्याएको छ । यी सबै सूचनाहरू अभिमुखीकरण तालिममा सिकाइन्छ । नेपाल सरकारको नियमअनुसार यो तालिम कामदारले अनिवार्य लिनुपर्छ । वास्तविक तालिम नलिइ प्रमाणपत्र मात्र लिए कामदार सही सूचनाबाट वञ्चित भइ थप जोखिम सामना गर्नुपर्ने हुनसक्छ । यो तालिम प्राप्त गर्न ७०० सय रुपैयाँ लाग्छ । महिला कामदारको हकमा यो शुल्क वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट फिर्ता पाइन्छ ।

२ यदि कुनै वैदेशिक रोजगार एजेन्सीले एकभन्दा बढी रोजगार सम्झौतापत्रमा सही गराउँदैछ भने कामदारले विशेष सतर्कता र होशियारी अपनाउनुपर्छ । ती दुई थरी रोजगार सम्झौतामा के भिन्नता छ, थाहा पाउनु जरुरी छ । रोजगार व्यवसायी वा निजको कर्मचारी वा प्रतिनिधिले च्यातेर फाल्नु भनेका कागजपत्रहरू जेसुकै भने पनि आफू र आफ्नो परिवारसँग सुरक्षित राख्नुपर्छ, । पछि कुनै समस्या आए उजुरी गरी क्षतिपूर्ति माग गर्न ती कागजपत्र नै महत्वपूर्ण प्रमाण हुनसक्छन् ।

३ आफूले तिरेको रकमको रसिद/भरपाई माग्न बिर्सनु हुँदैन । वैदेशिक रोजगारसँग सम्बन्धित न्यूनतम आधारभूत कागजात आफूले प्राप्त नगरी रकम बुझाउनु हुँदैन । कतिपय रोजगार एजेन्सी आफूले वा उनका कर्मचारीहरू आफूले लिएको रकमको भरपाई दिन पनि मान्दैनन् वा आनाकानी गर्छन् । त्यसैले सरकारले कुन देश जाँदा कतिसम्म अधिकतम रकम बुझाउनुपर्छ भनि तोकेको सीमाबारे जानकारी लिइ अधिकतम सीमाभन्दा बढी रकम नतिर्ने । आफूले तिरेको रकमको भरपाई लिए मात्रै आफूलाई समस्या परेका बेला उजुरी गरी क्षतिपूर्तिसहित बुझाएको रकम फिर्ता गराउन ठूलो प्रमाण हुन्छ ।

## इजाजतवाला वैदेशिक रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम

यस विषयसँग सम्बन्धित विवरणहरू अघिल्लो अवस्थामा नै उल्लेख गरिसकेको हुँदा सोही विषयवस्तुहरूलाई नै आवश्यकता र चासोअनुसार सूचना तथा परामर्श प्रदान गर्नुहोला ।

## ६.६ भिषा पाइसकेको अवस्था

### उद्देश्य:

वैदेशिक रोजगारीका लागि कामदारले भिषा प्राप्त गरि सकेपछिको अवस्थाका कामदारहरूलाई आवश्यक महत्वपूर्ण जानकारी तथा परामर्श उपलब्ध गराउनु ।

### विधि:

छलफल, अन्तर्क्रिया, सम्भव भएसम्म सफलताका कथा, सन्दर्भ सामग्रीहरूको प्रदर्शन ।

### यस अवस्थाका व्यक्तिहरुलाई प्रदान गर्नुपर्ने न्यूनतम सूचना, जानकारी र परामर्शहरु

- भिषा पठाउने व्यक्ति/संस्थाको पहिचान गर्ने तरिका ।
- व्यक्तिगत सम्पर्क र प्रयासबाट मात्र जाँदा हुने सम्भावित जोखिमहरू ।
- मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरि काम, तलब जाँच गर्ने तरिका ।
- कामदारले सम्झौता गर्नु पूर्व ध्यान दिनुपर्ने तथा सम्झौतापत्रमा हेर्नुपर्ने कुराहरूको जानकारी प्रदान गर्ने ।
- कामदार जान लागेको गन्तव्य मुलुकबारे जानकारी प्रदान गर्ने ।
- आफ्नो कमाइको सुरक्षा र विप्रेषणसम्बन्धी जानकारी प्रदान गर्ने ।
- रोजगार सम्झौताअनुसार काम तथा सुविधाहरू उपलब्ध नभएमा उजुरी गर्ने प्रक्रियाबारे जानकारी प्रदान गर्ने ।

### आवश्यक सामग्रीहरु:

- व्यक्तिगत प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाँदा हुने जोखिमबारे जानकारी
- खाडी मुलुकको भिषा भएका कामदारलाई कफला प्रणालीबारे जानकारी दिने हाते सामग्री
- कामदार जान लागेको गन्तव्य मुलुकबारे जानकारी दिने हाते सामग्री
- गन्तव्य मुलुक तथा स्वदेशमा रहेका सहयोगी निकायबारे हाते सामग्री
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

### प्रक्रिया:

### भिषा पठाउने व्यक्ति/संस्थाको पहिचान

भिषा पाइसकेको अवस्थामा आएका सूचनाग्राहीलाई खास गरी भिषाको प्रकार, माध्यम, विशेषतः वैधानिकता, अवैधानिक भिषाबाट वैदेशिक रोजगारीमा जाँदा सामना गर्नुपर्ने सम्भावित जोखिमहरूको पहिचानका लागि निम्न प्रश्नहरूबाट परामर्श आरम्भ गर्न सकिन्छ ।

## कामदारलाई भिषा कसले उपलब्ध गराएको हो ?

आफन्त — वैदेशिक रोजगार व्यवसायी
नातेदार — (म्यानपावर कम्पनी)

– नजिकको नातेदार वा छिमेकी,
– आफ्नै परिवारका सदस्य छन् कि ? (जस्तै : आफ्नै दाजु, भाइ, आमा, बुवा, दिदी, बहिनी)

## भिषा व्यक्तिगत प्रक्रियाका माध्यमबाट आएको हो भने

भिषा पठाउने व्यक्ति एकाघरकै हो वा टाढाको नातेदार वा छिमेकी हो, पहिचान गर्ने ।

## व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाँदाका जोखिमहरू

- नेपालमा वाचा कबोल गरेअनुसारको काम र तलब सुविधा नपाउने अवस्था ।
- व्यक्तिगत श्रम स्वीकृतिसम्बन्धी प्रचलित निर्देशिकाअनुसार खाडी क्षेत्रका मुलुकमा कार्यरत आफन्तले मात्र पठाएको भिषा र रोजगार सम्झौता हुनुपर्छ । आफन्त भन्नाले– बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, पति वा पत्नीलाई मात्र जनाउँछ । यी बाहेकका व्यक्तिले पठाएको भिषाबाट व्यक्तिगत श्रम स्वीकृति पाइँदैन ।
- कारणवश, आप्रवासी कामदारले आफन्तलाई भिषा पठाउँदा भनेअनुसारको काम र तलब नपाएमा, कामदार अप्ठेरोमा पर्न सक्छन्, धेरै समस्याहरू भोग्नुपर्ने हुनसक्छ । कुनै आफन्तसँग पनि चाहेजस्तो सहयोग गर्ने सामर्थ्य नहुन सक्छ । यस्ता प्रकारका ठगी र धोकाधडीका घटनाहरू पनि प्रशस्त छन् ।
- नेपालबाट जाँदा भनेअनुसार काम र तलब नपाए पनि विदेशको कम्पनी वा घरधनीको मातहतमा गएर काम सुरु गरेपछि आफूखुसी काम बदल्ने, कम्पनी वा कामबाट भाग्ने अवस्था खाडीका मुलुकहरूमा र मलेसियामा हुँदैन । रोजगार करारमा तोकिएको अवधिभर काम गर्न बाध्य नै हुनुपर्छ । कम्पनी छाडे वा कामबाट भागे अनियमित, अवैधानिक अथवा गैरकानुनी कामदारको हैसियत हुनपुग्छ । यस्तो गर्नुलाई एउटा अपराधकै रूपमा लिइन्छ । अनियमित वा गैरकानुनी कामदार भएर बस्नैपर्ने अवस्थामा डिटेन्सन सेन्टर (थुनुवा गृह) वा जेलमा बस्नुपर्ने पनि हुनसक्छ । यस्तो अवस्थामा नेपाल फर्कन मोटो रकम जरिवाना तिर्नुपर्ने हुनसक्छ ।
- मलेसिया र खाडीका मुलुकहरूमा पुग्नासाथ रोजगारदाताले कामदारको पासपोर्टहरू कामदारबाट आफूले लिने गर्छन् । रोजगारदाताले देश छाड्ने प्रवेशाज्ञा (Exit Visa) नबनाइदिएसम्म घर फर्कन पाइँदैन ।
- आफन्तका विषयमा कुरा गर्दा: वैदेशिक रोजगार व्यवसायको क्षेत्रमा काम गर्ने जो कोहीमाथि पनि विश्वास गर्न गाह्रो छ । आफूले विश्वास गरेका आफन्तहरूले पनि धोका दिएका, ठगेका धेरै घटना र उदाहरणहरू भेटिन्छन् । त्यसैले कामदारले धेरै भन्दा धेरै प्रश्नहरू सोध्दा राम्रो हुन्छ । सूचना केन्द्रमा आइ सल्लाह तथा सुझाव लिँदा राम्रो हुन्छ । हामीले (परामर्शदाता) आफन्तहरूले पनि धोका दिने, ठग्ने गर्छन् भन्दा तपाईंहरूलाई नराम्रो लाग्ला । दुर्भाग्यको कुरा के छ भने हामीले आफन्तहरूले नै धोका दिने, ठग्ने गरेका धेरै घटना र उदाहरणहरू देखेका हुनाले तपाईंलाई सावधान गर्न खोजेका मात्र हौं ।
- यी विविध घटनाहरू, जसबाट नेपाली कामदारहरू ठगिने गरेका छन्, खास गरी व्यक्तिगत प्रयास र प्रकृयाबाट जाने कामदारको हितलाई ध्यानमा राखी सरकारले व्यक्तिगत श्रम स्वीकृतिको प्रकृया कडा बनाएको छ ।
- जानी जानी गलत कागजात बनाइ र भिजिट भिषामा जानु हुँदैन ।

## टाढाको नातेदार वा छिमेकी भएमा

निर्देशिकामा तोकिएको नातेदारबाहेक अन्य छिमेकीबाट वा टाढाको नातेदारबाट प्राप्त भएको भिषा स्वीकार्नु हुँदैन । यसरी स्वीकारिएमा श्रम स्वीकृति लिन मिल्दैन । गैरकानुनी काम गर्ने एजेन्टहरूले नक्कली कागजात तयार पारेर पठाउने प्रयास गर्न सक्छन् वा अन्य कुनै तरिकाले वा भारतीय बाटो पठाउन पनि सक्छन् तर त्यसबाट कुनै न कुनै समयमा धोका अवश्य नै हुन्छ, राम्रो हुँदैन । धेरै व्यक्तिहरू नेपालबाट श्रम स्वीकृति प्राप्त नगरी भारतीय बाटो हुँदै गएका पनि छन् । तर उनीहरूको जीवन बीमा गराइएको छैन, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको खातामा रु. १,०००/- रकम जम्मा नभएका कारण कुनै दुर्घटनामा परे वा मृत्यु भए पाउने क्षतिपूर्ति र सुविधा पाउँदैनन् ।

## कामदारसँग कामसम्बन्धी रोजगार सम्झौता छ ?

छ ?          छैन ?

## यदि रोजगार सम्झौता छैन भने

भिषा र रोजगार सम्झौतालगायत नेपाली राजदूतावास/नियोगले मागेका कागजातहरू पेस गरेपछि मात्र राजदूतावासबाट कागजात प्रमाणीकरण हुन्छ र यस्ता कागजात लिएर आएपछि मात्र विभागबाट श्रम स्वीकृति प्राप्त हुन्छ । अन्यथा प्रमाणीकरण हुँदैन ।

तपाईंको नजिकको नातेदार, आफ्नै दाजु, भाइले भिषा पठाए तापनि रोजगार करार सम्झौता पठाएको छैन वा पछि पठाउँछु भनेको अवस्थामा विदेश जानु अति जोखिमपूर्ण हुन्छ । धेरै नेपाली युवायुवतीहरू भिजिट भिषामा गएर विदेशमा अलपत्र परेका छन् । नेपालबाट जानुअघि भनिएका वाचाहरू पूरा भएका छैनन् र दुःख पाएका छन् ।

विदेशमा जब कुनै समस्या खडा हुँदा त्यस बेला सहयोग गर्ने कोही नहुन सक्छन् । अथवा कोसँग कसरी सहयोग लिने भन्ने थाहा नहुन सक्छ । त्यसैले एउटा प्रतिष्ठित र वैधानिक रोजगार व्यवसायी (म्यानपावर एजेन्सी)मार्फत् जान सल्लाह दिइन्छ ।

## भिषा संस्थागत प्रक्रियाको माध्यमबाट आएको हो भने

- रोजगार व्यवसायी (म्यानपावर एजेन्सी) वैधानिक छ/छैन ? भन्ने कुरा वैदेशिक रोजगार विभागको वेबसाइट www.dofe.gov.np हेरेर पत्ता लगाउने । सूचना केन्द्रले पनि रोजगार व्यवसायीको वैधताबारे बुझिदिने ।
- करारपत्र राम्रोसँग पढ्न, अनिवार्य रसिद लिनका लागि अनुरोध गर्नुहोस् ।
- कतार र बहराइनका हकमा भिषाको आधिकारिकता परीक्षण गर्न सकिन्छ ।

## कुनै व्यक्तिले भिषा पठाएको अवस्थामा रोजगार व्यवसायीमार्फत् जाने भए के-के गर्नुपर्ला ?

- कुनै व्यक्तिले भिषा पठाएको छ, तर त्यो भिषा प्रयोग गरी श्रम स्वीकृति लिनेबारे थाहा छैन भने स्वीकृतिप्राप्त वैदेशिक रोजगार व्यवसायी मार्फत् जान सकिन्छ । यस्तो अवस्थामा भरपर्दो रोजगार व्यवसायी कम्पनी खोजी गरि प्रकृया अगाडि बढाउनुपर्छ ।
- भिषा राम्रोसँग जाँच्नुपर्छ ।

## खाडी मुलुकको भिषा भएकाहरूका लागि कफला प्रणाली अन्तर्गतका केही महत्वपूर्ण जानकारी दिने ।

यदि कामदार श्रम गन्तव्य मुलुकहरूमा ( खासगरी खाडी मुलुकहरू) पुगेपछि रोजगारदाता/मालिक मन परेन, उसले तलब वा करारनामामा उल्लेख भएअनुसार सेवा सुविधाहरू दिएन, तपाईंमाथि दुर्व्यवहार भयो भने तत्काल सम्बन्धित निकायमा (नेपाली राजदूतावास/वाणिज्य दूतावास वा त्यहाँको श्रम कार्यालय वा अदालत) गइ उजुरी गर्नुपर्छ । तर पहिलो रोजगारदाता/मालिक छोडेर करार अवधि नसकिँदै अर्को रोजगारदाताकोमा जानु हुँदैन । यदि कम्पनी वा रोजगारदाता छाडी आफूखुसी भागेमा अनियमित अर्थात् गैरकानुनी कामदार भइन्छ । यस्तो अवस्थामा प्रहरीले पक्राउ गरे हिरासतमा बस्नुपर्छ । मुद्दा चलाएर जेल सजाय पनि भोग्नुपर्ने हुनसक्छ । खासगरी खाडीका मुलुकहरूमा यस्तो हुन्छ ।

आफ्नो रोजगारदाता/मालिकसँग असन्तुष्ट भएको कुरा अरु खराब नियत भएका साथीभाइले थाहा पाएको खण्डमा उनिहरूले कामदारलाई राम्रो काम र दामको प्रलोभन दिइ काम छोडेर भाग्न उक्साउन सक्छन् । धेरै नेपाली दाजुभाइहरू यस्तो उक्साहटमा भागेर पछि ठूलो कानुनी र आर्थिक समस्यामा परेका प्रशस्त उदाहरणहरू छन् । तसर्थ कसैको पनि उक्साहट वा प्रलोभनमा परेर आफ्नो रोजगारदाता/मालिकबाट भाग्ने गल्ती कहिल्यै गर्नु हुँदैन । गैरकानुनी कामदारलाई समस्या परेमा अथवा नेपाल फर्कनु परेमा धेरै कठिन हुन्छ ।

## मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरि काम, तलब जाँच गर्ने तरिका:

यस विषयसँग सम्बन्धित विवरणहरू अघिल्लो अवस्थामा नै उल्लेख गरिसकेको हुँदा सोही विषयवस्तूहरूलाई नै आवश्यकता र चासोअनुसार सूचना तथा परामर्श प्रदान गर्नुहोला ।

## कामदारले सम्झौता गर्नु पूर्व ध्यान दिनुपर्ने कुराहरू :

### करारपत्र

कामदारले विदेश जानुअघि आफू कुन देशमा, के कामका लागि, कति तलबमा,  कुन कम्पनीमा, दिनको कति घण्टा काम गर्नुपर्ने, ओभर टाइमको के व्यवस्था छ, करार अवधि कति छ भन्ने प्रश्नहरूको उत्तर थाहा पाउनु जरुरी छ । कामदारले राम्ररी पढेरमात्र करारपत्रमा हस्ताक्षर गर्नुपर्छ । हाल करारपत्र अनिवार्य रुपमा नेपाली भाषामा पनि हुनुपर्ने प्रावधान छ ।

यदि रोजगार व्यवसायीले एउटा भन्दा बढी करारपत्रमा हस्ताक्षर गर्न लगाएमा कामदारले ती करारपत्रहरूमा के भिन्नता छ भन्ने कुरा थाहा पाउनु जरुरी छ । साथै सबै हस्ताक्षर गरिएका कागजातहरू सुरक्षित राख्नुपर्छ । रोजगार व्यवसायीले वा एजेन्टले च्यातेर फाल्नु भनेका कागजातहरू पनि सुरक्षित राख्नुपर्ने र भनेको काम तथा सुविधा पाइएन भने ती च्यातेर फाल्नु भनेका कागजात नै क्षतिपूर्ति भराउनका लागि दरिलो प्रमाणका रुपमा काम लाग्छन् ।

कतार र बहराइनको भिषा नक्कली हो कि सक्कली हो भनेर जाँच गर्न सकिन्छ । गन्तव्य मुलुकमा पुगी काम गर्न थालेपछि नेपालमा भनेअनुसारको पारिश्रमिक, सेवा सुविधा नपाएका अवस्थामा रोजगार व्यवसायीविरुद्ध उजुरी गर्न सकिन्छ । यस्तो अवस्थामा पनि कामदारका परिवारका सदस्यहरूले यो सूचना तथा परामर्श केन्द्रमा आएर सहयोग लिनसक्ने साथै कानुनी सेवा र परामर्श पनि.पाउन सक्ने कुराको जानकारी दिने ।

## कामदार जान लागेको गन्तव्य मुलुकबारे जानकारी दिने:

कामदार जान लागेको मुलुकअनुसार त्यस देशको संस्कृति, भाषा, धर्म आदि विषयहरू समावेश गरि वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले विकास गरेका हाते सामग्रीमा उल्लेख भएअनुसार जानकारी प्रदान गरि हाते सामग्री पनि उपलब्ध गराउने ।

## आफूले कमाएको रकमको सुरक्षा तथा सुरक्षित विप्रेषण सम्बन्धी जानकारी

विदेशमा रोजगारीका लागि हामीले आर्थिक श्रोत तथा शारीरिक श्रम लगानी गरेका हुन्छौं । विदेशी भूमिमा पैसा कमाउन पक्कै पनि सजिलो छैन । धेरै दुःख गरेर कमाएको रकम हराउने, चोरी हुने, साथी तथा अन्य व्यक्तिहरूले खर्च गरिदिने, आफैंद्वारा पनि फजुल खर्च हुने र विभिन्न प्रलोभनमा परेर रकम दुरुपयोग हुने सम्भावना रहन्छ । त्यसैले विदेशमा पैसा कमाउनु जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण कमाएको रकमको सुरक्षा र सदुपयोग गर्नुमा पनि छ । आफूले कमाएको रकम के गर्ने, केमा खर्च गर्ने भन्ने विषय नितान्त व्यक्तिगत निर्णय भएता पनि रकम सुरक्षित पार्न सहयोग पुग्ने केही उपायहरू छन्, जुन उपायहरू अवलम्बन गर्दा सम्भावित जोखिमहरू कम सकिन्छ ।

## आफ्नो रकम सुरक्षित गर्ने केही उपायहरू:

क) वैदेशिक रोजगारीमा जानुपूर्व स्थानीय बैंकमा खाता खोल्ने र उक्त बैंक वा सहकारी संस्थाको सम्पर्क नम्बर आफूसँग राख्ने जसले गर्दा रकम आफ्नो खातामा जम्मा भए नभएको विदेशबाटै पनि सजिलै बुझ्न सकियोस् ।

ख) विदेशबाट पठाउने रकम मान्यताप्राप्त विप्रेषण सेवा प्रदायक संस्थाबाट प्राप्त गर्न आफ्नो परिवारको जिम्मेवार व्यक्तिलाई सो प्रक्रियासम्बन्धी जानकारी प्रदान गर्ने र सम्भव भएसम्म सम्बन्धित संस्थाको कार्यालयसमेत देखाउने ।

ग) विदेशमा रहँदा प्राप्त तलब रकम व्यक्तिगत रुपमा आफ्नो साथमा नराख्ने वा अन्य व्यक्तिहरूलाई राख्न नदिने । जति सक्दो चाँडो भरपर्दो विप्रेषण सेवा प्रदायक संस्थामार्फत् बैंक खातामा रकम जम्मा गर्न पठाउने ।

घ) हुन्डीको प्रयोग सुरक्षित नहुने हुनाले हुन्डीको प्रयोग नगर्ने र बैंक वा सुरक्षित विप्रेषण सेवाको प्रयोग गर्ने ।

ङ) सम्बन्धित व्यक्तिले खातामा रकम पुगेको वा नपुगेको जाँच गर्ने ।

च) रकमको हिसाबकिताबसँग सम्बन्धित सम्पूर्ण कागजपत्रहरू जतनसाथ सुरक्षित राख्ने ।

छ) प्राप्त रकमलाई सुरक्षित र वढी प्रतिफल दिने क्षेत्रमा लगानी वा बचत गर्ने ।

## ६.७ कुनै व्यक्ति सबै प्रक्रिया पूरा गरि विदेश जाने तयारीमा रहेको अवस्था

### उद्देश्यः

वैदेशिक रोजगारीका लागि कामदारको रुपमा विदेश जाने तयारीमा रहेका व्यक्तिहरूलाई आवश्यक महत्वपूर्ण जानकारी तथा परामर्श उपलब्ध गराउनु ।

### विधिः

छलफल, अन्तर्क्रिया, सम्भव भएसम्म सफलताका कथा, सन्दर्भ सामग्रीहरूको प्रदर्शन ।

### यस अवस्थाका व्यक्तिहरूलाई प्रदान गर्नुपर्ने न्यूनतम सूचना, जानकारी र परामर्शहरू

- कामदार जान लागेको गन्तव्य मुलुकबारे जानकारी प्रदान गर्ने ।
- वैदेशिक यात्रामा प्रयोग गर्नुपर्ने विमानस्थलको जानकारी प्रदान गर्ने ।
- विदेशमा रहँदा आवश्यक पर्ने सम्पर्क टेलिफोन नम्वर तथा ठेगानाहरूको तथ्यगत जानकारी प्रदान गर्ने ।
- रोजगार सम्झौताअनुसार काम तथा सुविधाहरू उपलब्ध नभए उजुरी गर्ने प्रक्रियाबारे जानकारी प्रदान गर्ने ।
- खाडी क्षेत्रका मुलुकको कफला प्रणालीको जानकारी प्रदान गर्ने ।
- मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरि काम, तलब जाँच गर्ने तरिका बताउने ।
- आफ्नो कमाइको सुरक्षा र विप्रेषणसम्बन्धी जानकारी प्रदान गर्ने ।
- विदेशमा कामदारको हैसियतमा रहँदा गर्न हुने र गर्न नहुने कुराहरू स्पष्ट पार्ने ।

### आवश्यक सामग्रीहरूः

- कफला प्रणालीका विशेषताहरू
- गन्तव्य मुलकबारे जानकारीहरू
- सहयोगी निकायहरूको विवरण
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

### प्रक्रियाः

सर्वप्रथम वैदेशिक रोजगार विभागबाट प्राप्त श्रम स्वीकृति आफ्नो साथमा छ/छैन ? भन्ने कुरा पत्ता लगाउने । छ भने ठिकै छ, तर छैन भने श्रम स्वीकृतिको महत्वबारे जानकारी दिने ।

कुन मुलुकको कुन सहरमा कुन रोजगारदाताको के-कस्तो काम र पारिश्रमिक सुविधा पाउने गरी जान लागेको हो, बुझेको छ/छैन ? एकिन गर्ने । साथै रोजगार करार, भिषालगायत कागजात छन्/छैनन् ? रोजगार करार (सम्झौता) को नेपाली अनुवादपत्र अनिवार्य छ, त्यसको समेत जानकारी दिने । रोजगार सम्झौतापत्र नेपाली भाषामा भएको अनिवार्य हुनुपर्छ ।

यदि वैदेशिक रोजगार व्यवसायी कम्पनीले दुई किसिमका रोजगार करार (सम्झौता) मा हस्ताक्षर गराउँछ भने, कामदार अत्यन्त होसियार र सतर्क हुनु आवश्यक छ । यी दुवै कागजातमा के अन्तर छ भन्ने कुरामा सतर्क हुनु आवश्यक छ । जान लागेको अन्तिम अवस्थामा त्यस्तो करारमा हस्ताक्षर गराउँछ भने दुवै किसिमका रोजगार करार (सम्झौता) पत्र आफूसँगै सुरक्षित राख्नुपर्छ । वैदेशिक रोजगार व्यवसायीले च्यातेर फाल्नु भनेका कागजात पनि सुरक्षित राख्नुपर्छ । किनभने श्रम गन्तव्य मुलुकमा पुगेपछि आफू साँच्चै नै ठगिएको महसुस भए उजुरी गर्दा ती कागजात पनि प्रमाणका रुपमा प्रयोग गर्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने तयारीका क्रममा आफूले तयार पारेका वा प्राप्त गरेका सबै कागजहरूको फोटोकपिहरूको एक एक प्रति आफ्नो घरमा सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

नेपालकै अन्तर्राष्ट्रिय विमानस्थलमार्फत् मात्र जाने, अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क हुन्छ । त्यहाँ आफ्नो सम्पूर्ण कागजपत्रहरू देखाउने र छाप लगाउने । नेपालबाहेक अन्य देशका विमानस्थलको प्रयोग गर्दा ठगी तथा बेचबिखनमा पर्ने जोखिम हुन्छ । भारतको बाटो जानुपर्ने भए वैदेशिक रोजगार विभागको स्वीकृति लिएको पत्र अनिवार्य रुपमा हुनुपर्छ ।

गन्तव्य मुलुक पुगेपछि भनेको काम, तलब र सुविधा नपाए वैदेशिक रोजगार व्यवसायी विरुद्ध उजुरी गर्न सकिन्छ र निःशुल्क कानुनी परामर्श तथा सहयोगका लागि कामदारका परिवारलाई आफ्नो जिल्लास्थित सुरक्षित आप्रवासनसम्बन्धी सूचना तथा परामर्श केन्द्रमा सम्पर्क राख्न अभिप्रेरित गर्ने ।

यदि गन्तव्य मुलुक पुगेपछि रोजगारदाताले अर्को नयाँ रोजगार करार बनाइ हस्ताक्षर गर्न लगाएर पहिलाको रोजगार करार फिर्ता लिन चाहेमा त्यस्तो कागजको मोबाइलले फोटो खिची तुरुन्त आफ्नो घरमा वा आफ्नो विश्वासिलो व्यक्ति वा सूचना केन्द्रमा पनि पठाउन सकिन्छ । पछि उजुरी हाल्नु परे यो पनि महत्वपूर्ण प्रमाण हुन्छ ।

यदि तपाईंलाई श्रम गन्तव्य मुलुकमा पुगेपछि रोजगारदाता/मालिक मन परेन, उसले करारनामामा उल्लेख भएअनुसार सेवा सुविधाहरू दिएन, तपाईंमाथि दूर्व्यवहार भयो भने तत्काल सम्बन्धित निकायमा (नेपाली राजदूतावास/वाणिज्य दूतावास वा त्यहाँको श्रम कार्यालय वा श्रम अदालत) गइ उजुरी गर्नुहोस् । तर पहिलो रोजगारदाता/मालिक छोडेर करार अवधि नसकिँदै अर्को रोजगारदाताकोमा नजानुहोस् । यदि कम्पनी वा रोजगारदाता छाडी आफूखुसी भागेमा अनियमित अर्थात् गैरकानुनी कामदार भइन्छ । यदि प्रहरीले पक्रेमा हिरासतमा रहनुपर्छ, । मुद्दा चलेर जेल सजाय पनि भोग्नुपर्ने हुन्छ । खासगरी खाडीका मुलुकहरू र मलेसियामा यस्तो हुन्छ । । ठूलो रकम जरिवाना तिर्नुपर्ने र नेपाल फर्कन लामो प्रकृया पूरा गर्नुपर्ने हुन्छ ।

तपाईं आफ्नो रोजगारदाता/मालिकसँग असन्तुष्ट भएको कुरा अरु खराब नियत भएका साथीभाइले थाहा पाएका खण्डमा उनीहरूले तपाईंलाई राम्रो काम र दामको प्रलोभन दिइ काम छोडी भाग्न उक्साउन सक्छन्। धेरै नेपाली दाजुभाइहरू यस्तो उक्साहटमा भागेर पछि ठूलो कानुनी तथा आर्थिक समस्यामा परेका प्रसस्त उदाहरणहरू छन्। तसर्थ कसैको पनि उक्साहट वा प्रलोभनमा लागेर आफ्नो रोजगारदाता/मालिकबाट भाग्ने गल्ती कहिल्यै गर्नु हुँदैन।

रोजगारीबाट कमाएको आम्दानीलाई व्यक्तिगत रुपमा वा अन्य कुनै माध्यमभन्दा बैंक वा रेमिट्यान्स कम्पनीमार्फत् मात्र पठाउनुपर्छ। व्यक्तिगत माध्यमबाट रकम पठाउँदा ठगिने र हराउने सम्भावना रहन्छ। विदेश पुगेपछि कसरी रकम घर पठाउने र घरपरिवारले कसरी सजिलै रकम प्राप्त गर्ने विषयमा परिवारमा सल्लाह गर्न अनुरोध गर्ने।

## मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरि काम, तलब जाँच गर्ने तरिका:

यस विषयसँग सम्बन्धित विवरणहरू अघिल्लो अवस्थामा नै उल्लेख गरिसकेको हुँदा सोही विषयवस्तुहरूलाई नै आवश्यकता र चासोअनुसार सूचना तथा परामर्श प्रदान गर्नुहोला।

# सूचना तथा परामर्श परीक्षण सूची




फोटो स्रोत : सामी परियोजना, सूचना तथा परामर्श केन्द्र, रामेछाप

# सुरक्षित आप्रवासनसम्बन्धी सूचना तथा परामर्श केन्द्रका परामर्शदाताहरूका लागि सहयोगी परीक्षण सूची

वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्ति आप्रवासनको कुन अवस्थामा छ, पहिचान गरि परामर्श सुरु गर्दा परामर्श कार्य व्यवस्थित गर्न, अवस्थाअनुसार महत्वपूर्ण सूचनाहरू नछुटाइकन दिन, समय व्यवस्थापन गर्न, महत्वपूर्ण न्यूनतम सूचनाहरू प्रदान गर्नमा सहयोग पुऱ्याउनका लागि यो परीक्षण सूची (चेकलिस्ट) तयार पारिएको हो । निर्देशिकाको पुस्तिका अगाडि राखेर सूचना तथा परामर्श दिँदा सहज नहुन सक्छ, तर महत्वपूर्ण सूचनाहरू नबिर्सि प्रदान गर्नुपर्ने हुँदा यो परीक्षण सूचीले सहयोग पुऱ्याउने आशा लिइएको छ ।

## क. वैदेशिक रोजगारीमा जाउँ वा नजाउँ भन्ने द्विविधाजनक अवस्था

१. स्वदेशमा रोजगारीका विकल्पहरूबारे छलफल गर्ने र वैदेशिक रोजगारीमा जाने वा नजाने भन्ने कुरामा फेरि एकपल्ट विचार गर्न अनुरोध गर्ने । पारिवारिक छलफल र सल्लाह गर्न पनि अनुरोध गर्ने ।

२. स्वदेशमा नै रोजगारीका प्रशस्त अवसरहरू छन् । सकिन्छ भने स्वदेशमा नै काम गरौं, विदेश नै जाने हो भने पनि सूचना, सीप तालिम लिएर मात्र जाऔं । लाभ लागतको विश्लेषण गर्न अनुरोध गर्ने ।

३. सीप सिक्नुको फाइदा (सीप प्राप्त गरेमा स्वदेशमा नै रोजगारी गरे पनि वा वैदेशिक रोजगारीमा गए पनि दुवै स्थितिमा फाइदा हुने जानकारी दिने । साथै, निःशुल्क सीप सिक्न पाइनेबारे जानकारी दिने ।

४. जुनसुकै अवस्थामा भए पनि कामदार, उनका परिवारका सदस्यहरूले जान्नैपर्ने महत्वपूर्ण कुराहरू जानकारी गराउने :

### उपलब्ध गराउनु पर्ने न्यूनतम ५ वटा सूचनाहरू

१) इजाजतवाला रोजगार व्यवसायी (यसको शाखा वा प्रतिनिधि एजेन्टको सहयोगमा) वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र जाने ।

२) सीप सिकेर वा तालिम लिएर जाने र सीप अथवा तालिमप्राप्त गर्नका लागि आवश्यक सूचनाहरू प्रदान गर्ने ।

३) रोजगार व्यवसायी कम्पनी वा एजेन्सीलाई पासपोर्ट दिँदा र रकम बुझाउँदा बुझिलिएको भरपाई अनिवार्य लिनुपर्ने जानकारी प्रदान गर्ने ।

४) विदेश जानुअघि प्राप्त भएका सबै कागजपत्रहरूको एक प्रति फोटोकपी घर परिवारमा र एक प्रति आफूसँग अनिवार्य राख्ने ।

५) सूचना तथा परामर्श केन्द्रलगायत अन्य सम्बन्धित सहयोगी निकायहरूको सम्पर्क नम्बर तथा ठेगाना उपलब्ध गराउने ।

५. विदेश जाने वा नजाने निर्णय गरिसकेपछि थप जानकारीका लागि सूचना तथा परामर्श केन्द्रमा आउँन आग्रह गरी सूचना तथा परामर्श केन्द्रको ठेगाना तथा सम्पर्क नम्वर नविर्सीकन दिने ।

## दिनु पर्ने हाते सामाग्री (Handouts)

- सीप सिक्नुको फाईदाहरू
- वैदेशिक रोजगारमा जाने कामदारले जान्नै पर्ने महत्वपूर्ण कुराहरू
- रसिद तथा भरपाईको नमूना फारम

## ख. पासपोर्ट बनाउने प्रक्रियामा रहेको अवस्था

१. स्वदेशमा रोजगारीका विकल्पबारे छलफल गर्ने र एक पटक फेरि विचार गर्न अनुरोध गर्ने ।
२. सीप सिक्नुको महत्व, फाइदा र निःशुल्क तालिमका अवसरबारे जानकारी दिने ।
३. वैदेशिक रोजगारीमा हुने जोखिमबारे जानकारी दिने (ठगीका घटना, खतराजन्य, अप्ठेरो र फोहरजन्य काम, चर्को घाम र गर्मीमा काम गर्नुपर्ने अवस्था) ।
४. इजाजतवाला वैदेशिक रोजगार व्यवसायीमार्फत् जाँदाका फाइदाहरू र व्यक्तिगत सम्पर्क र प्रयासबाट मात्र जाँदा हुने सम्भावित जोखिमहरूबारे जानकारी दिने ।
५. वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला वैदेशिक रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकमको सीमासम्बन्धी जानकारी दिने ।
६. जुनसुकै अवस्थामा भए पनि कामदार, उनका परिवारका सदस्यहरूले जान्नैपर्ने महत्वपूर्ण कुराहरू जानकारी गराउने :
    - इजाजतवाला वैदेशिक रोजगार व्यवसाय कम्पनीमार्फत् वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जानेबारे जानकारी दिने ।
    - रकम बुझाएपछि रसिद तथा बिल भरपाई लिने
    - विदेश प्रस्थान गर्नुअगाडि नै वैदेशिक रोजगारीमा जान प्राप्त गरेका सबै कागजातका प्रतिलिपिहरू (फोटोकपी) एक/एक प्रति घरमा र एक/एक प्रति आफ्नो साथमा सुरक्षित राख्नुपर्ने । कुनै पनि कागजात नच्यात्ने वा नफ्याँक्ने ।
७. वैदेशिक रोजगारीमा जाँदा आफ्नो साथमा हुनुपर्ने र घर परिवारमा छोड्नु पर्ने कागजातहरू, रकम बुझाएको रसिद वा भरपाई लिनुपर्ने बारे सम्झाइदिने ।
८. वैदेशिक रोजगारीका क्रममा कुनै पनि समस्या पर्दा सूचना तथा परामर्श केन्द्रमा आउन आग्रह गरी सूचना तथा परामर्श केन्द्रको ठेगाना र सम्पर्क नम्बर दिन नबिर्सने ।

## दिनुपर्ने हाते सामग्री (Handouts)

- सीप सिक्नुका फाइदाहरू
- वैदेशिक रोजगारमा जाने कामदारले जान्नैपर्ने महत्वपूर्ण कुराहरू
- व्यक्तिगत भिषामा जाँदाका जोखिमपूर्ण अवस्थाहरू
- रसिद/भरपाईसम्बन्धी नमुना
- वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला वैदेशिक रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम/शुल्क हदसम्बन्धी जानकारी दिने

## ग. एजेन्टसँग भेट भएको अवस्था

१. कुनै पनि एजेन्टले सोझै कुनै पनि व्यक्तिलाई विदेशमा काम गर्न किन पठाउन नसक्ने, उसले इजाजतवाला वैदेशिक रोजगार व्यवसायीमार्फत् मात्र पठाउन सक्ने कुरा र कस्ता एजेन्ट आधिकारिक एजेन्ट हुन् भन्ने कुरा स्पष्ट पार्ने । कामदारले चिनेको एजेन्ट आधिकारिक हो वा होइन जानकारी दिने ।
२. इजाजतवाला वैदेशिक रोजगार व्यवसायीमार्फत् जाँदा हुने फाइदा र एजेन्टहरूमार्फत् वैदेशिक रोजगारीमा जाँदा हुनसक्ने जोखिमबारे जानकारी दिने ।
३. यदि एजेन्टमार्फत् जाँदा हुने जोखिम थाहा पाएर पनि एजेन्टमार्फत् नै जाने हो भने कुन-कुन कुराहरूमा ध्यान दिनुपर्ने जानकारी दिने । एजेन्टलाई सोध्नै पर्ने प्रश्नहरूबारे जानकारी दिने ।
४. श्रम स्वीकृति लिइसकेपछि एजेन्टले भनेको र आफ्नो करारपत्रमा लेखिएको काम, तलब, सेवासुविधा, कम्पनीको नाम जाँच गर्न एसएमएसको प्रयोग गर्न सकिने कुराको जानकारी दिने ।
५. एजेन्टलाई रकम बुझाएको रसिद लिन किन जरुरी छ भन्नेबारे जानकारी दिने ।
६. वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम/शुल्कको हदसम्बन्धी जानकारी दिने ।
७. कुनै पनि रकम भुक्तानी गर्नुअघि भुक्तानी गर्नुपर्ने वा नपर्ने कुराको यकिन गर्न सूचना केन्द्रमा सम्पर्क गर्न अनुरोध गर्ने।
८. सीप सिक्नुको महत्व, फाइदा र निःशुल्क तालिमका अवसरबारे जानकारी दिने ।
९. वैदेशिक रोजगारमा जानुअघि घर परिवारमा छाड्नु पर्ने कागजातहरूबारे जानकारी दिने ।
१०. वैदेशिक रोजगारीसँग सम्बन्धित एजेन्टको सम्पर्क नंम्बर र सम्पर्क ठेगाना सम्भव भएसम्म लिन अनुरोध गर्ने ।
११. वैदेशिक रोजगारीका क्रममा कुनै पनि समस्या पर्दा सूचना तथा परामर्श केन्द्रमा आउन आग्रह गरी सूचना तथा परामर्श केन्द्रको ठेगाना र सम्पर्क नम्बर दिन नबिर्सने ।

## दिनुपर्ने हाते सामग्री (Handouts)

- सीप सिक्नुको फाइदाहरू
- रसिद/भरपाईसम्बन्धी नमुना
- अवैधानिक एजेन्टहरूमार्फत् वैदेशिक रोजगारीमा जाँदाका जोखिमबारे जानकारी
- वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम/शुल्कको हदसम्बन्धी जानकारी दिने
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

## घ. भिषा पाइसकेको अवस्था

१. भिषा पठाउने व्यक्ति/संस्थाबारे जानकारी लिने ।
२. भिषा संस्थागत प्रक्रियाको माध्यमवाट आएको हो वा व्यक्तिगत प्रक्रियाबाट आएको हो भन्ने कुरा परामर्शदाताले छुट्टयाउने ।
३. भिषा व्यक्तिगत प्रक्रियाबाट आएको हो भने व्यक्तिगत रुपमा वैदेशिक रोजगारीमा जाने प्रक्रिया (नाता प्रमाणित, रोजगार करार पत्रजस्ता कुरा) प्रष्ट्याइदिने ।
४. भिषा पठाउने व्यक्ति एकाघरैको हुनुपर्ने बारेमा जानकारी दिने । व्यक्तिगत प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाँदाका जोखिमबारे जानकारी दिने ।

५. भिषा संस्थागत प्रक्रियाको माध्यमबाट आएको हो भने भिषाको आधिकारिकताबारे परीक्षण (Check) गर्ने र रोजगार व्यवसायी स्वीकृत इजाजतवाला संस्था हो/होइन ? यकिन गर्ने। करार पत्र राम्रोसँग पढ्ने, अनिवार्य रसिद लिने कुराको जानकारी दिने।
६. श्रम स्वीकृति लिइसकेपछि आफ्नो करार पत्रमा भएको काम, तलब, सेवासुविधा, कम्पनीको नाम जाँच गर्नका लागि एसएमएसको प्रयोग गर्न सकिने कुराको जानकारी दिने।
७. वैदेशिक रोजगारीमा प्रस्थान गर्नुअघि प्राप्त सबै कागजातका प्रतिलिपिहरू एक/एक प्रति घरमा र एक/एक प्रति आफ्नो साथमा सुरक्षित राख्ने। कुनै पनि कागजात नच्यात्ने/नफ्याँक्नेबारे जानकारी दिने।
८. कामदार जान लागेको गन्तव्य मुलुकबारे जानकारी दिने।
९. खाडी देश र मलेसियामा पुगिसकेपछि कामदारलाई भने अनुसारको काम, तलब भएन, कम्पनी चित्त बुझेन भनेर कम्पनी छोड्न निषेध छ। कम्पनी छोडेर भाग्नेबित्तिकै कामदार अवैधानिक हुन्छ भन्ने कुराको जानकारी दिने। गन्तव्य मुलुकमा समस्यामा परे राजदूतावास तथा सहयोगी निकायहरूमा सम्पर्क गर्नुपर्ने कुराको जानकारी दिने।
१०. आफ्नो घरपरिवारका सदस्यहरूलाई पनि सूचना केन्द्र देखाउनु होला, ताकि तपाईंलाई विदेशमा परेका समस्या समाधानकालागि हाम्रो कार्यालयमा सजिलै आउन सक्नुहोस्।
११. वैदेशिक रोजगारीका क्रममा कुनै पनि समस्या पर्दा सूचना तथा परामर्श केन्द्रमा आउन आग्रह गरी सूचना तथा परामर्श केन्द्रको ठेगाना तथा सम्पर्क नम्बर दिन नबिर्सने।

## दिनुपर्ने हाते सामग्री (Handouts)

- व्यक्तिगत प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाँदाका जोखिमबारे जानकारी दिने हाते सामग्री
- वैदेशिक रोजगारमा जाने कामदारले जान्नैपर्ने महत्वपूर्ण कुराहरू
- खाडी मुलुकको भिषा लिएका कामदारका लागि कफला प्रणालीबारे जानकारी दिने हाते सामग्री
- कामदार जान लागेको गन्तव्य मुलुकबारे जानकारी दिने हाते सामग्री
- गन्तव्य मुलुक तथा स्वदेशमा रहेका सहयोगी निकायबारे हाते सामग्री
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

## ङ. इजाजतवाला वैदेशिक रोजगार व्यवसायी भेट भएको अवस्था

१. सीपको महत्वबारे जानकारी दिने।
२. वैदेशिक रोजगार व्यवसायी इजाजतवाला हो/होइन ? जानकारी लिन अनुरोध गर्ने।
३. वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम/शुल्कको हदसम्बन्धी जानकारी दिने।
४. श्रम स्वीकृति लिइसकेपछि आफ्नो करार पत्रमा भएको काम, तलब, सेवा सुविधा, कम्पनीको नाम जाँच गर्न एसएमएसको प्रयोग गर्न सकिने कुराको जानकारी दिने।
५. रकम बुझाएपछि सोको भरपाई/रसिद अनिवार्य लिने।
६. विदेश प्रस्थान गर्नुअघि वैदेशिक रोजगारीमा जान प्राप्त गरेका सबै कागजातका प्रतिलिपिहरू (फोटोकपी) एक/एक प्रति घरमा र एक/एक प्रति आफ्नो साथमा सुरक्षित राख्नुपर्ने। कुनै पनि कागजात नच्यात्ने वा नफ्याँक्ने।
७. वैदेशिक रोजगारीका क्रममा कुनै पनि समस्या पर्दा सूचना तथा परामर्श केन्द्रमा आउन आग्रह गरी सूचना तथा परामर्श केन्द्रको ठेगाना तथा सम्पर्क नम्बर दिन नबिर्सने।

## दिनुपर्ने हाते सामग्री (Handouts)

- सीप सिक्नुका फाइदाहरू
- रसिद/भरपाईसम्बन्धी नमुना
- वैदेशिक रोजगारीमा जाने कामदारहरूले इजाजतवाला वैदेशिक रोजगार व्यवसायीलाई तिर्नुपर्ने अधिकतम रकम/शुल्क हदसम्बन्धी जानकारी दिने हाते सामग्री
- वैदेशिक रोजगारमा जाने कामदारले जान्नैपर्ने महत्वपूर्ण कुराहरू
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

## च. सबै प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने तयारीमा रहेको अवस्था

१. देशगत सूचना र जानकारी दिने ।

२. कूटनीतिक नियोग र सहयोगी संस्थाहरूबारे जानकारी प्रदान गर्ने ।

३. खाडी मुलुक र मलेसियामा पुगिसकेपछि कामदारलाई भने अनुसारको काम, तलब भएन, कम्पनी चित्त बुझेन भनेर कम्पनी छोड्न निषेध छ । कम्पनी छोडेर भाग्नेबित्तिकै कामदार अलेखबद्ध वा अवैधानिक हुन्छ भन्ने कुराको जानकारी दिने । गन्तव्य मुलुकमा समस्या परे राजदूतावास तथा सहयोगी निकायहरूमा सम्पर्क गर्नुपर्ने कुराको जानकारी दिने ।

४. श्रम स्वीकृति लिइसकेपछि आफ्नो रोजगार करार पत्रमा भएको काम, तलब, सेवा सुविधा, कम्पनीको नाम जाँच गर्नका लागि एसएमएसको प्रयोग गर्न सकिने कुराको जानकारी दिने ।

५. विदेश प्रस्थान गर्नुअघि वैदेशिक रोजगारीमा जान प्राप्त गरेका सबै कागजातका प्रतिलिपिहरू (फोटोकपी) एक/एक प्रति घरमा र एक/एक प्रति आफ्नो साथमा सुरक्षित राख्नुपर्ने । कुनै पनि कागजात नच्यात्ने वा नफ्याँक्ने ।

६. गन्तव्य मुलुकमा पुगी काम गर्न थालेपछि नेपालमा भने अनुसारको पारिश्रमिक, सेवा सुविधा नपाएको अवस्थामा उजुरी गर्ने प्रक्रियाबारे जानकारी दिने ।

७. वैदेशिक रोजगारीका क्रममा कुनै पनि समस्या पर्दा सूचना तथा परामर्श केन्द्रमा आउन आग्रह गरी सूचना तथा परामर्श केन्द्रको ठेगाना तथा सम्पर्क नम्बर दिन नबिर्सने ।

## दिनुपर्ने हाते सामग्री (Handouts)

- वैदेशिक रोजगारमा जाने कामदारले जान्नैपर्ने महत्वपूर्ण कुराहरू
- खाडी मुलुकको भिषा लिएका कामदारका लागि कफला प्रणालीबारे जानकारी दिने हाते सामग्री
- कामदार जान लागेको गन्तव्य मुलुकबारे जानकारी दिने हाते सामग्री
- सहयोगी निकायबारे हाते सामग्री
- एसएमएसमार्फत् श्रम स्वीकृति जाँच गर्ने तरिका

## छ. महिला घरेलु कामदार वैदेशिक रोजगारमा जान लागेको अवस्था

**महिला परामर्श लिन आए पर्याप्त समय दिइ विस्तृत सूचना तथा परामर्श उपलब्ध गराउने ।**

१. घरेलु कामदारका रुपमा विदेश जानुअघि आफ्नो परिवारमा राम्रोसँग छलफल गरी लाभ लागत हिसाबपश्चात् मात्र वैदेशिक रोजगारीमा जाने निर्णय लिन अनुरोध गर्दै घरेलु कामको प्रकृतिबारे जानकारी प्रदान गर्ने ।

२. घरेलु काममा हुन सक्ने जोखिमहरूबारे जानकारी दिने
३. खाडी क्षेत्रका ४ वटा मुलुकहरू (साउदी अरब, कतार, कुवेत र युनाइटेड अरब इमिरेट्स) मा ३० वर्ष पुगेका महिला मात्र घरेलु महिला कामदारका रुपमा जान पाउने नियमबारे जानकारी दिने
४. घरेलु महिला कामदारका रुपमा जाने महिलाहरूले २१ दिने सीप तालिम लिएर जान किन अत्यावश्यक छ भन्नेबारे जानकारी दिने साथै नेपाल सरकारबाट स्वीकृत प्राप्त तालिम प्रदान गर्ने संस्थाहरूबारे जानकारी प्रदान गर्ने ।
५. खाडी मुलुकमा पुगिसकेपछि कामदारलाई भने अनुसारको काम, तलब भएन, काम गर्ने घर चित्त बुझेन भनेर घर छोड्न निषेध छ । घर छोडेर भाग्नेबित्तिकै कामदार अवैधानिक हुन्छ भन्ने जानकारी दिने ।
६. गन्तव्य मुलुकमा समस्यामा परे राजदूतावास तथा सहयोगी निकायहरूमा सम्पर्क गर्नुपर्ने जानकारी दिने । यदि समस्या परेमा नेपालमा रहेको आफ्नो परिवारलाई सूचित गर्ने र परिवारका सदस्यहरूलाई जिल्लास्थित सूचना तथा परामर्श केन्द्रमा सम्पर्क गर्न अनुरोध गर्ने ।
७. घरेलु महिला कामदारले वैदेशिक रोजगारीमा जान कुनै रकम बुझाउनु पर्दैन र किन रकम बुझाउनु पर्दैन भन्ने परामर्शदाताले प्रष्ट पारिदिने ।
८. महिलाहरूलाई घरेलु कामबाहेक अरु कामहरू जस्तै (क्लिनिङ, सेक्युरिटी आदि) पनि छन्, यी काम घरेलु कामभन्दा सुरक्षित छन् भन्ने जानकारी दिने । तर यी काममा जानका लागि लगानी गर्नुपर्ने हुन्छ । रकम खर्च भए पनि यो सुरक्षित हुनसक्छ । यससम्बन्धी सीपको तालिम विभिन्न तालिम प्रदायक संस्थाहरूले दिइरहेका छन् ।
९. वैदेशिक रोजगारीमा जाँदा नेपालकै अन्तर्राष्ट्रिय विमानस्थल (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल) बाटै जानुपर्ने कुरा, भारतको बाटो भएर जाँदा हुने जोखिमहरू र जानुपर्ने नै भए वैदेशिक रोजगार विभागको स्वीकृति लिएको पत्र हुनुपर्ने । यदि भारत वा अन्य देशको विमानस्थलको प्रयोग गरि विदेश गए बेचबिखनमा पर्ने जोखिम बढ्नुका साथै सहयोगी निकायहरूले पनि सहयोग गर्न कठिन हुन्छ ।
१०. वैदेशिक रोजगारमा जाने क्रममा तयार भएका सबै कागजात/प्रमाणको प्रतिलिपिहरू (फोटोकपि) दुई/दुई प्रति बनाइ एक/एक प्रति घरमा र एक/एक प्रति आफ्नो साथमा सुरक्षित राख्ने ।
११. विदेशमा पुगेपछि सहायता लिनपरे सम्पर्क गर्न सकिने संस्थाहरू – नेपाली राजदूतावास, श्रम सहचरी, गैरआवासीय नेपाली संघ संस्था आदि ।
१२. जाने नै सोच बनाएको छ भने नियमित/वैधानिक तवरले आधिकारिक वैदेशिक रोजगार एजेन्सी वा कम्पनीमार्फत् वैदेशिक रोजगार विभागको स्वीकृति लिएर मात्र जान जानकारी दिने
१३. आफ्नो घरपरिवारका सदस्यहरूलाई पनि सूचना केन्द्र देखाउनु होला, ताकि तपाईंलाई विदेशमा पर्ने समस्या समाधानका लागि हाम्रो कार्यालयमा सजिलै आउन सक्नुहोस् ।
१४. वैदेशिक रोजगारीका क्रममा कुनै पनि समस्या पर्दा सूचना तथा परामर्श केन्द्रमा आउन आग्रह गरी सूचना तथा परामर्श केन्द्रको ठेगाना तथा सम्पर्क नम्बर दिन नबिर्सने ।

## दिनुपर्ने हाते सामग्री (Handouts)

- खाडी मुलुकको भिषा लिएका कामदारका लागि कफला प्रणालीबारे जानकारी दिने हाते सामग्री
- सहयोगी निकायबारे हाते सामग्री
- वैदेशिक रोजगारमा जाने कामदारले जान्नैपर्ने महत्वपूर्ण कुराहरू
- घरेलु महिला कामदारहरूले बुझ्नुपर्ने कुराहरू

# हाते सामाग्रीहरू

## १.१ वैदेशिक रोजगारमा जाने कामदारले जान्नैपर्ने महत्वपूर्ण कुराहरू

सकिन्छ स्वदेश मै रोजगारी गरौं, विदेश जाने नै भए सीप सिकौं र तलका कुरा ख्याल राखौं ।

### १. श्रम स्वीकृति

- जुनसुकै प्रक्रियाबाट वैदेशिक रोजगारमा गएता पनि विदेशमा काम गर्न जानका लागि वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनु अनिवार्य छ । अन्यथा तपाईं समस्यामा पर्दा सहयोग पाउन गाह्रो हुनेछ ।
- श्रम स्वीकृति लिनु तपाईंको सुरक्षाको लागि ज्यादै महत्वपूर्ण छ ।

### २. सीप तालिम

- वैदेशिक रोजगारमा जाने नै हो भने पनि सीप सिकेर मात्र जाऔं । सीप सिकेर विदेश जाँदा तलब र सुविधामा अन्तर पर्छ । धैरैजसो विदेशी महिला तथा पुरुषले त्यही काम गरे पनि सीप तालिम लिएर जाने हुँदा नेपालीलेभन्दा बढी तलब र सुविधा पाउने गरेका छन् ।
- सीप तालिम लिँदा खर्च र समय लाग्ने भनेर टार्ने, नक्कली प्रमाण पत्र बनाएर लाने, आफूले नजानेको काम जान्दछु भनेर जानु हुँदैन । तालिमबाट प्राप्त सीपले वैदेशिक रोजगारको राम्रो प्रतिफल दिन्छ । सीप नसिकेमा लेबर र धेरै जोखिमपूर्ण काम गर्नुपर्ने हुनसक्छ ।
- निःशुल्क सीप तालिम दिने संस्थाहरूबारे जानकारी लिन सुरक्षित आप्रवासन सूचना केन्दमा सम्पर्क राखौं ।

### ३. भरपाई

- इजाजतवाला वैदेशिक रोजगार व्यवसायी (म्यानपावर कम्पमी) सँग मात्र आर्थिक कारोवार गरौं ।
- कारोबार गर्दा रकम तिरेको रसिद वा भरपाई अवश्य मागौं ।
- ठगीमा परे वा, भनेको काम र तलब नपाए क्षतिपूर्ति लिन यो आवश्यक हुन्छ ।

### ४. कागजातको सुरक्षा र प्रतिलिपीको व्यवस्था

- वैदेशिक रोजगारमा जाँदा आवश्यक सबै कागजपत्र (जस्तै पासपोर्ट, भिषा, सम्झौता पत्र, श्रम स्वीकृति, रकम तिरेको भरपाई, बीमाको कागज, मेडिकल रिपोर्ट) सम्हालेर राखौं । यी कागजपत्रको प्रतिलिपी एक प्रति आफूसँग राखौं र अर्को प्रति घर परिवारलाई अनिवार्य छाडौं ।
- वैदेशिक रोजगार व्यवसायीले च्यातेर फाल्नु भनेका कागजहरू पनि लुकाएर र जोगाएर राख्नुपर्छ, समस्या परेका बेला ती च्यातेर फाल्नु भनेका कागजहरूले पनि दरिलो प्रमाणका रुपमा सहयोग गर्छन् ।
- गैरकानुनी भए पनि खाडी मुलुक र मलेसियामा कामदार पुग्ने बित्तिकै कम्पनीले कामदारको पासपोर्ट लिन्छ । पछि कुनै बेला समस्या परे पासपोर्टको प्रतिलिपि चाहिने हुदाँ विदेशमा पासपोर्टको एक प्रति प्रतिलिपि आफूसँग राखौं र एक प्रति घर परिवारलाई अनिवार्य छाडौं ।

## ५. नेपालको विमानस्थलबाट प्रस्थान

- नेपाल सरकारको नियमअनुसार वैदेशिक रोजगारमा जाँदा काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट जानुपर्छ । भारतको बाटो जाँदा ठगी, अलपत्र पर्ने र महिला छ भने वेश्यालयमा पुऱ्याउने जस्ता जोखिम र समस्यामा पर्ने सम्भावना धेरै हुन्छ ।
- कथम् कदाचित भारतबाट जानैपर्ने भए रोजगार व्यवसायी कम्पनीले वैदेशिक रोजगार विभागको स्वीकृति लिए नलिएको बुझ्नु पर्छ । वैदेशिक रोजगार विभागले स्वीकृति दिए मात्र अन्य देशको विमानस्थल प्रयोग गरी वैदेशिक रोजगारमा जान पाइन्छ ।

## ६. सहयोगी निकायबारे

- गन्तव्य मुलुकको नेपाली राजदूतावास, गैरआवासीय नेपालीहरूका संस्था, कामदारहरूका संगठित सामाजिक संस्थाहरू आदिको ठेगाना र सम्पर्क फोन नम्बर सधैं आफ्नो साथमा राख्नुपर्छ ।

## ७. पुनः श्रम स्वीकृति

- खाडी मुलुकका लागि सामान्यतया दुई वर्ष, मलेसियाका लागि ३ वर्षको करार अवधी हुन्छ । सो करार अवधीभन्दा बढी बस्नु परे स्वदेश फर्किएर फेरि श्रम स्वीकृति लिएर जानुपर्ने हुन्छ । किनभने गन्तव्य मुलुकमा वैधानिक भएर वा भिषाको म्याद बढाएर बसे पनि नेपाल सरकारले स्वीकृत गरेको करार अवधीभन्दा बढी समय बसे नेपालका तर्फबाट अवैधानिक तथा गैरकानुनी ठहरिन्छ र विदेशमा दुर्घटना वा मृत्यु भए नेपालको वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट पाइनसक्ने राहत, क्षतिपूर्ति र बीमा रकम प्राप्त गर्न सकिँदैन ।

**थप जानकारीका लागिः** सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रमा सम्पर्क गर्नुहोला ।

## १.२ घरेलु कामदारका रुपमा खाडी मुलुक जान चाहने महिलाले ध्यान दिनैपर्ने कुराहरू

- नेपाल सरकारको निर्णयअनुसार घरेलु कामदारका रुपमा खाडी क्षेत्रका ४ वटा मुलुकहरू (साउदी अरब, कतार, कुवेत र युनाइटेड अरब इमिरेट्स) मा काम गर्न जाने महिलाको उमेर ३० वर्ष पूरा भएको हुनुपर्छ।
- नक्कली कागजपत्र बनाएर, उमेर बढाएर, भिजिट भिषामा काम गर्न विदेशमा जानु हुँदैन। यसरी जाँदा समस्यामा परिन्छ र उल्टै जेल पर्ने सम्भावना बढी हुन्छ।
- विदेश पुगिसकेपछि रोजगारदाता मन परेन, भने अनुसार काम तथा तलब भएन भनेर करार अवधी नसकि नेपाल फर्कन धेरै गाह्रो छ। करार अवधीभित्र नेपाल फर्कन रोजगारदाताको अनुमति चाहिने भएकोले कामदारले चाहेको बेला नेपाल फर्कन धेरै गाह्रो छ । त्यसैले विदेश जानुअघि नै सबै कुरा बुझेर, इजाजतवाला रोजगार व्यवसायी एजेन्सी वा कमपनीमार्फत् वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर र स्वदेशी विमानस्थलबाट मात्र जानुपर्छ।
- विदेशमा घरेलु काम पनि प्रायः मेसिन तथा उपकरणले गर्नुपर्छ र ती उपकरणहरू सञ्चालन गर्ने सीप तालिम अनिवार्य रुपमा लिनुपर्छ। नक्कली प्रमाण पत्र बनाएर लाने, नजानेको काम जान्दछु भनेर विदेशमा काम गर्न जानु हुँदैन। यसले आफैंलाई समस्या पर्छ।
- महिला घरेलु कामदारमा पठाउने रोजगार व्यवसायीलाई गन्तव्य मुलुकको रोजगारदाताबाट पहिल्यै रकम प्राप्त भएको हुन्छ, कुनै पनि शुल्क रकम बुझाउनु पर्दैन।
- भारतको बाटो वा अन्य देशको विमानस्थल भएर जानु हुँदैन। अन्यथा ठगी, हिंसा तथा बेचबिखनमा परिने जोखिम हुन्छ।
- घरेलु काममा काम गर्ने निश्चित समय नहुने, हप्तामा एक दिन पनि बिदा नपाउने, घरबाट बाहिर निस्कन नपाउने कारणहरूले श्रम शोषण तथा विभिन्न प्रकारका हिंसामा पर्ने जोखिम बढी हुन्छ। तसर्थ घरेलु कामभन्दा अरु कामहरू जस्तै क्लिनिङ, फ्याक्ट्रीको काममा जाँदा वैदेशिक रोजगारी बढी सुरक्षित तथा उपलब्धीमूलक हुन्छ।
- सबै कागजातहरूको जस्तै पासपोर्ट, भिषा, सम्झौता पत्र, श्रम स्वीकृति आदिको एक प्रति प्रतिलिपि आफूसँग राख्ने र एक प्रति परिवारमा छोड्नु पर्छ।
- नेपाली राजदूतावासको र नेपाल तथा सम्बन्धित देशका सहयोगी निकायहरूको टेलिफोन नम्बर साथमा राख्नुपर्छ।
- वैदेशिक रोजगारीमा जाने प्रक्रियामा वा पुगिसकेपछि समस्या परे कामदार वा परिवारले हाम्रो सूचना केन्द्रमा सम्पर्क राख्नुहोस्।

## १.३ अवैधानिक एजेन्टमार्फत् वैदेशिक रोजगारीमा जाँदा हुनसक्ने जोखिमहरू

- नेपालमा बताइए अनुसारको काम र पारिश्रमिक (तलब) नपाउने बढी सम्भावना ।
- गन्तव्य मुलुकमा पुगिसकेपछि नेपालमा बताइए अनुसारको काम तथा तलब नपाए नेपाल फर्कन धेरै कठिन हुन्छ । रोजगारदाताले नेपाल फर्कन पाउने बहिर्गमन प्रवेशाज्ञा (Exit Visa) नबनाइदिएसम्म नेपाल फर्कन पाइँदैन ।
- कसैगरि अनुमति नलिइ काम बदलेमा गैरकानुनी मानिन्छ । जुन कम्पनीमा पुगेको हो, त्यसैमा तोकिएको करार अवधीभर काम गर्न बाध्य हुनुपर्छ ।
- गैरकानुनी कामदारका रुपमा काम गरे नेपाल फर्कन पनि सजायसहित मोटो रकम तिर्नुपर्ने हुन्छ ।
- आफ्नै नातेदार व्यक्तिहरूले उपलब्ध गराइदिन्छु भनेको काम, तलब र सुविधाहरू उनीहरूले पनि अरुबाट सुनेको भरमा भन्ने भएकाले काम र तलबको भरोसा नहुन पनि सक्छ ।

यी विविध प्रश्नहरू सोधिसकेपछि हाम्रो सूचना केन्द्रमा आएर वा टेलिफोन गरेर पनि थप जानकारी, सल्लाह र परामर्श लिन सक्नुहुन्छ ।

### कामदारले एजेन्टहरूसँग सोध्नैपर्ने महत्वपूर्ण प्रश्नहरू

- एजेन्टलाई रकम बुझाएको भए भरपाई/रसिद माग्ने, यदि रकम लिएर पनि रसिद/भरपाई दिन आनाकानी गरे नियत सफा छैन भन्ने बुझिहाल्नु पर्छ । किनभने विदेशमा पुगेपछि भनेअनुसारको काम र पारिश्रमिक नपाएको अवस्थामा यो रसिद/भरपाई नै क्षतिपूर्ति प्राप्त गर्नका लागि महत्वपूर्ण प्रमाण हुनेछ ।
- आफूले सम्पर्क गरेको एजेन्टको स्थानीय समुदायमा विश्वसनीयता कस्तो छ ? यसअघि त्यो एजेन्टले पठाएका कामदारका परिवारहरूको धारणा ऊप्रति कस्तो छ ? बुझ्न जरुरी छ ।
- के काम हो ? कति पारिश्रमिक छ ? सोध्नुपर्छ । सो कुरा करार पत्रमा कहाँ लेखिएको छ भनी प्रश्न सोध्नुपर्छ ।
- यो एजेन्टले कुन रोजगार व्यवसायी कम्पनीमार्फत् कुन देश र कम्पनीमा पठाउने हो ? साथै रोजगार व्यवसायी कम्पनीमा पनि गएर बुझ्नुपर्छ ।
- अरु कसैलाई नभन नत्र बिग्रिन्छ भनेमा एकदमै बढी शंका गर्नुहोस् र झन बढी प्रमाण संकलनतर्फ ध्यान दिनुहोस् नत्र ठगीमा पर्ने सम्भावना धेरै हुन्छ ।

## १.४ व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाँदा हुने जोखिमहरू

- नेपालमा वाचा कबोल गरेअनुसारको काम र तलब सुविधा नपाउने अवस्था,
- व्यक्तिगत श्रम स्वीकृतिसम्बन्धी प्रचलित निर्देशिकाअनुसार खाडी क्षेत्रका मुलुकमा कार्यरत आफन्तले मात्र पठाएको भिषा र रोजगार सम्झौता हुनुपर्छ । आफन्त भन्नाले– बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, पति वा पत्नीलाई मात्र जनाउँछ । यीबाहेक अन्य व्यक्तिले पठाएको भिषाबाट व्यक्तिगत श्रम स्वीकृति पाइँदैन ।
- कारणवश, आप्रवासी कामदारले आफन्तलाई भिषा पठाउँदा भने अनुसारको काम र तलब नपाए, कामदार अप्ठेरोमा पर्नसक्छ, साथै धेरै समस्याहरू समेत भोग्नुपर्ने हुनसक्छ । कुनै आफन्तले चाहेर पनि सहयोग पुऱ्याउने सामर्थ्य नहुनसक्छ । यस्ता किसिमका ठगी र धोकाधडीका घटनाहरू पनि प्रसस्त छन् ।
- नेपालबाट जाँदा भने अनुसारको काम र तलब नपाएपछि, विदेशको कम्पनी वा घरधनीकोमा गएर काम सुरु गरेपछि आफूखुसी काम बदल्ने, कम्पनी वा कामबाट भाग्ने काम गर्नु हुँदैन । रोजगार करारमा तोकिएको अवधीभर काम गर्न बाध्य नै हुनुपर्छ । कम्पनी छाडे वा कामबाट भागे अनियमित, अवैधानिक अथवा गैरकानुनी कामदारको हैसियतमा पुगिन्छ र यस्तो कार्य विदेशमा एउटा अपराधकै रूपमा लिन्छन् । अनियमित वा गैरकानुनी कामदार भएर बस्नैपर्ने अवस्थामा डिटेन्सन सेन्टर (थुनुवा गृह) वा जेलमा बस्नुपर्ने हुनसक्छ । यस्तो अवस्थामा नेपाल फर्कन मोटो रकम जरिवाना तिर्नुपर्ने हुनसक्छ ।
- मलेसिया र खाडीका मुलुकहरूमा त्यहाँ पुग्नासाथ रोजगारदाताले कामदारको पासपोर्ट कामदारबाट आफूले लिने गर्छन् । रोजगारदाताले देश छाड्ने बहिर्गमन प्रवेशाज्ञा (Exit Visa) नबनाइदिएसम्म घर फर्कन पाइँदैन ।
- वैदेशिक रोजगार व्यवस्थाका क्षेत्रमा काम गर्ने जोसुकै माथि विश्वास गर्न गाऱ्हो छ । आफूले विश्वास गरेका आफन्तहरूले पनि धोका दिने, ठग्ने गरेका धेरै घटना र उदाहरणहरू भेटिन्छन् । त्यसैले कामदारले धेरै भन्दा धेरै प्रश्नहरू सोध्दा राम्रो हुन्छ । सूचना केन्द्रमा आइ सल्लाह र सुझाव लिँदा झन् राम्रो हुन्छ । हामीले तपाईंलाई आफन्तहरूले धोका दिने, ठग्ने गर्छन् भन्दा नराम्रो लाग्नसक्छ । दुर्भाग्यको कुरा के छ भने हामीले आफन्तहरूबाट धोका पाएका र ठगिएका धेरै घटना र उदाहरणहरू देखेका हुनाले तपाईंलाई सावधान गर्न खोजेका मात्र हौं ।
- यी विविध घटनाहरू, जसबाट नेपाली कामदारहरू ठगिने गरेका छन्, खासगरि व्यक्तिगत प्रयास र प्रक्रियाबाट जाने कामदारको हित ध्यानमा राखी सरकारले व्यक्तिगत श्रम स्वीकृतिको प्रक्रिया अलि कडा बनाएको छ ।

## १.५ वैदेशिक रोजगार व्यवसायीले दिने भरपाईको नमूना

पान नं.................... ( छाप ) इजाजतपत्र नं.............

रसिद नं......

**एबिसी म्यानपावर सप्लाई प्रा.लि.**
तिनकुने, काठमाडौं

श्री ........................बाट रु.......................अक्षरेपी ...................रुपैयाँ प्राप्त भयो ।

रुपैयाँ तिर्नेको सहि रुपैयाँ बुझ्नेको सहि

## १.६ रकम दिँदा लिनुपर्ने भरपाईको नमुना

### रुपैयाँ बुझिलिएको भरपाई

| रुपैयाँ लिनेको | रुपैयाँ दिनेको |
|---|---|
| बाजेको नाम :................................. | बाजेको नाम :................................. |
| बुवाको नाम :................................. | बुवाको नाम :................................. |
| रुपैयाँ लिनेको ठेगाना :......................... | रुपैयाँ दिनेको ठेगाना :........................... |
| स्थायी ठेगाना :................................. | स्थायी ठेगाना:................................. |
| अस्थाइ ठेगाना:................................. | अस्थाइ ठेगाना :................................. |
| रुपैयाँ लिनेको नाम, थर, उमेर :............... | रुपैयाँ दिनेको नाम, थर, उमेर :............. |
| ................................................. | ................................................. |

तपाईं साहुलाई ...................... देशको....................... सहरको.................................. ....... कम्पनीमा ................................पदमा मासिक पारिश्रमिक प्रति महिना.................. रिङ्गेट/रियाल/नेपाली रुपैया अक्षेरुपी रु ...............................................मात्र प्राप्त हुने गरी वैदेशिक रोजगारमा पठाउने शर्तमा तपाईं...........................................बाट आजको मितिमा रु................... अक्षेरुपी..................... ......................... मात्र लिएको ठिक साँचो हो । आजको मितिले .........................भित्र तपाईंलाई उल्लेखित काममा वैदेशिक रोजगारमा पठाउने छु । उक्त भाखाभित्र वैदेशिक रोजगारमा पठाउन नसके वैदेशिक रोजगार ऐन, २०६४ वमोजिम कानुनी कार्यवाही गरी मेरो घरघरान जायजेथाबाट असुलउपर गरी लिएमा मेरो मञ्जुरी छ भनी मेरा मनोमान राजीखुशीसँग तपसिलका साक्षीको रोहवरमा यो वैदेशिक रोजगारका लागि रुपैयाँ बुझेको भरपाई कागज गरी दायाँबायाँ सहीछाप गरी तपाईं साहुलाई दिएँ ।

**तपसिल**

साक्षीको सही

......... जिल्ला...........गा.बि.स./न.पा. वडा नं. बस्ने बर्ष .....को ................ १

........जिल्ला...........गा.बि.स./न.पा. वडा नं. बस्ने बर्ष .....को ................... १

फारमभर्ने .........जिल्ला...........गा.बि.स./न.पा. वडा नं. बस्ने बर्ष .....को ............

मिति २०... साल .......महिना........गते रोज.....शुभम् .........................................

| रुपैयाँ लिनेको | | रुपैयाँ दिनेको | |
|---|---|---|---|
| दायाँ | बायाँ | दायाँ | बायाँ |
| | | | |

## १.७ पासपोर्ट दिँदा लिनुपर्ने भरपाईको नमूना

### पासपोर्ट बुझिलिएको भरपाई

| पासपोर्ट लिनेको | पासपोर्ट दिनेको |
|---|---|
| बाजेको नाम :.................................. | बाजेको नाम :.................................. |
| बुवाको नाम :.................................. | बुवाको नाम :.................................. |
| पासपोर्ट लिनेको ठेगाना :............................. | पासपोर्ट दिनेको ठेगाना :......................... |
| स्थायी ठेगाना :.................................. | स्थायी ठेगाना:.................................. |
| अस्थाई ठेगाना:.................................. | अस्थाई ठेगाना :.................................. |
| पासपोर्ट लिनेको नाम, थर, उमेर :................ ................................................ | पासपोर्ट दिनेको नाम, थर, उमेर :............. ................................................ |

तपाईं साहुलाई ..................... देशको....................... सहरको......................................... कम्पनीमा ................................पदमा मासिक पारिश्रमिक प्रति महिना.................. रिङ्गेट/रियाल/नेपाली रुपैया अक्षेरुपी रु ............................................ मात्र प्राप्त हुने गरी वैदेशिक रोजगारमा पठाउने शर्तमा तपाईं .......................................... बाट आजको मितिमा तपाईंको पासपोर्ट नं. .................... भएको पासपोर्ट बुझिलिएको ठिक साँचो हो । आजको मितिले ......................... भित्र तपाईंलाई उल्लेखित काममा वैदेशिक रोजगारमा पठाउने छु । उक्त भाखाभित्र वैदेशिक रोजगारमा पठाउन नसके वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कानुनी कार्यवाही गरी लिएमा मेरो मञ्जुरी छ भनी मेरा मनोमान राजीखुशीसँग तपसिलका साक्षीको रोहवरमा यो वैदेशिक रोजगारका लागि पासपोर्ट वुझेको भरपाई कागज गरी दायाँबायाँ सहीछाप गरी तपाईं पासपोर्ट धनीलाई दिएँ ।

**तपसिल**

साक्षीको सही

....... जिल्ला............गा.बि.स./न.पा. वडा नं. बस्ने बर्ष .....को ... .............. १

........ जिल्ला............गा.बि.स./न.पा. वडा नं. बस्ने बर्ष .....को ................. १

फारम भर्ने ..........जिल्ला............गा.बि.स./न.पा. वडा नं. बस्ने बर्ष .....को ............

मिति २०... साल .......महिना........गते रोज.....शुभम् ..........................

| पासपोर्ट लिनेको | | पासपोर्ट दिनेको | |
|---|---|---|---|
| दायाँ | बायाँ | दायाँ | बायाँ |
| | | | |

## १.८ वैदेशिक रोजगारमा जाने कामदारको अधिकतम लागतसम्बन्धी सूचना

**नेपाल सरकार**
**श्रम तथा रोजगार मन्त्रालय**
**वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय**
**२०६४**

### वैदेशिक रोजगारमा जाने कामदारको अधिकतम् लागत सम्बन्धी सूचना

वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुले इजाजत प्राप्त व्यवसायीहरुलाई तिर्नु पर्ने रकमको अधिकतम् हद देहाय बमोजिम निर्धारण भएकोले सो भन्दा बढी रकमको लेनदेन गर्नु गैरकानुनी हो । वैदेशिक रोजगारमा पठाउने क्रममा इजाजत प्राप्त व्यवसायी तथा वैदेशिक रोजगारीमा जाने व्यक्तिले तोकिएको भन्दा बढी रकम नलिन र नदिन सूचित गरिन्छ ।

इजाजत नै नलिएका अनधिकृत व्यक्ति तथा संस्थाहरुले समेत वैदेशिक रोजगारमा पठाइदिन्छु भनी भ्रममा पारी अनधिकृत रुपमा रकम लिने दिने गरेका घटनाहरु समेत प्रकाशनमा आईरहेका सन्दर्भमा इजाजत नपाएकाहरुसंग वैदेशिक रोजगार सम्बन्धी कुनै कारोवार नगर्न सर्वसाधारणलाई अनुरोध गरिन्छ । इजाजतप्राप्त संस्थाले वैदेशिक रोजगारको नाममा नेपाल सरकारले निर्धारण गरेको भन्दा बढी रकम माग गरेमा वा तोकिए बमोजिमको रकम लिएर पनि समयमा रोजगारमा नपठाएको अवस्थामा वैदेशिक रोजगार ऐन बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

नेपाल सरकारले विभिन्न मुलुकका लागि तिर्नुपर्ने अधिकतम लागत खर्च निम्नानुसार रहेको व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | मुलुकको नाम | कामदारले तिर्नु पर्ने अधिकतम् लागत खर्च | कैफियत |
|---|---|---|---|
| १ | पोर्चुगल | ६५,०००।- | |
| २ | मलेशीया | ८०,०००।- | |
| ३ | खाडी मुलुकहरु | ७०,०००।- (कतारमा फ्रि भिषा फ्रि टिकटमा रु.२०,०००।-) | |
| ४ | लिविया | ९०,०००।- | |
| ५ | मौरिसस | १९,९००।- | |
| ६ | अल्जेरिया | दक्ष कामदारको १,१८,०००।- र Staff & Indirect का लागि १,२३,०००।- | |
| ७ | इजरायल | कृषि क्षेत्रका लागि हवाइ टिकट बाहेक US$ ९१५ र केयर गिभरका लागि रु.७५,०००।- | |
| ८ | जापान | ५०,०००।- | |
| ९ | कोरिया | US$ ९७०।२० | |
| १० | रसिया | ८०,०००।- | |
| ११ | पोल्याण्ड | ८०,४००।- | |

वैदेशिक रोजगार बिभाग
तीनकुने, काठमाण्डौ ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
अनामनगर, काठमाण्डौ ।

स्रोत : ५ माघ २०६९ कान्तिपुर दैनिक

## १.९ मोबाइलको एसएमएसमार्फत् ४००१ को प्रयोग गरि काम, तलब जाँच गर्ने तरिका

वैदेशिक रोजगार विभागबाट प्रदान भएको श्रम स्वीकृतिको जानकारी SMS बाट समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ । सोबाट वैदेशिक रोजगारमा जाने वा गएका व्यक्तिले नेपाल सरकारबाट श्रम स्वीकृति लिए नलिएको, जान लागेको देश, काम, कम्पनीका बारेमा तत्काल जानकारी लिन सकिन्छ ।

### जानकारी लिने तरिका:

१. आफ्नो मोबाइलको SMS एसएमएस पठाउने ठाउँमा PP टाइप गरी एक space (स्पेस) दिइ आफ्नो पासपोर्ट नम्बर टाइप गरी ४००१ मा SMS एसएमएस पठाउने ।

   उदाहरणका लागि : पासपोर्ट नं. ०६३२९७४६ को नमुना
   PP 06329746 टाइप गरिसकेर 4001 मा पठाउने ।

२. SMS एसएमएस पठाएको केही समयमा नै अभिलेखमा भएका व्यक्तिको देहाय बमोजिमको जानकारी सहितको SMS एसएमएस तपाईंको मोबाइलमा आउँछ ।

**मोबाइलमा देखिने जानकारीको नमुना**

नाम: Man Bahadur Shrestha
पद: Blacksmith
पाउने तलब सुविधा : 800 Riyal
लाग्ने शुल्क : 70,000
काम गर्न जाने कम्पनीको नाम: Qatar Industry
काम गर्न जाने देश: Qatar
स्टिकर नं. : 002120642
निर्णय मिति : 2070-01-02
पठाउने कम्पनीको नाम : ABC Manpower Pvt.

Thank you
DoFE

## १.१० सीप सिकेर जाँदा हुने फाइदाहरू

"सकेसम्म स्वदेशमै रोजगारी गरौं विदेश जाने नै भए सीप तालिम लिएर मात्र जाऔं"

यदि वैदेशिक रोजगारीमा जाने निर्णय गरिसक्नु भएको छ भने तपसिलको सीप तालिम नि:शुल्क प्राप्त गर्न सकिन्छ

स्काफोल्डीङ, सटरिङ, कार्पेन्ट्री, आर्क वेल्डिङ, क्लिनर, वेटर, हाउस किपिङ,

स्टिलफिक्सचर, प्लम्बर, बिल्डिङ ईलेक्ट्रिसियन र सेक्युरिटी गार्ड

सीप सिकेर गएमा हुने फाइदाहरु :-

- तलब बढी पाउने सम्भावना हुन्छ ।
- गन्तव्य मुलुकमा आफूले गर्ने काम निश्चित हुन्छ ।
- काम निश्चित भएमा खतरा/जोखिम कम हुनसक्छ ।
- कार्यथलोमा सम्मान पनि प्राप्त गर्ने सम्भावना रहन्छ ।
- विदेशबाट फर्केपछि स्वदेशमा पनि सीपको उपयोग गर्न सकिन्छ ।
- सीप सिकेर दक्ष भएमा कम लागतमा जान सकिन्छ ।

विस्तृत जानकारीका लागि:
आप्रवासन सूचना तथा परामर्श केन्द्र
दिक्तेल भवनगौरा, खोटाङ
सम्पर्क फोन नं. ०३६-४२०६३५

सीप तालिम सिकौं, वैदेशिक रोजगारीलाई उपलब्धीमूलक बनाऔं ।

## १.११ विदेशमा रहेका नेपाली दूतावासको सम्पर्क ठेगानाहरू

### Malaysia

1. Embassy of Nepal, Malaysia
2. Embassy's phone no.: +60321645934,+60321649653
3. Embassy's direct line: +60321660653
4. Embassy's fax no.: +60321648659
5. Embassy's email: info@nepalembassy.com.my
6. Embassy's website: www.nepalembassy.com.my
7. Location of Embassy: Suite 13A,01,13th Floor, Wisma MCA, 163 Jalan Ampang 50450 Kaula Lumpur, Malaysia
8. Working Hours: Monday-Friday: 0900hrs-1700hrs

### Kuwait

1. Embassy of Nepal, Kuwait
2. Embassy's phone no. : 00965-25321603, 25321604
3. Embassy's fax no. : 00965-25321628, 25321601
4. Embassy's email : info@nepembku.org
5. Embassy's website: www.kuwait.mofa.gov.np
5. Location of Embassy : Al Jabriya Area , Block-8, Street- 13, Building no. 514, Kuwait.
6. Working hours : Sunday-Thursday: 0800 hrs – 1500hrs

### Qatar

1. Embassy of Nepal, Qatar
2. Embassy's phone : 974-44675681, +974-4675683
3. Embassy's fax : 974-44675680
4. Embassy's email : nembdoha@gmail.com
5. Embassy's website : www.nembdoha.com
6. Location of Embassy : Villa no. 13, Street no. 810, 42, Ibne Bajah, Doha Qatar, Post Box No. 23002
7. Working hous : Sunday – Thursday: 0800 hrs – 1400 hrs

### United Arab Emirates (UAE)

1. Embassy of Nepal, UAE
2. Embassy's phone : +971-2-6344767
3. Embassy's fax : +971-2-6344469
4. Embassy's email : info@nepalembassyuae.org
5. Embassy's website : nepalembassyuae.org
6. Location of Embassy : Villa No. 52/A, E-4/02, Madinat Zayed Area (Murror Road Side, behind the Etihad Building) Abu Dhabi.
7. Working Hours : Sunday to Thursday: 0930 hrs – 1700 hrs

## Saudi Arabia

1. Embassy of Nepal, Saudi Arabia
2. Embassy's phone : +966-14611108,4645170
3. Embassy's fax : +966-14640690,4651823
4. Embassy's email : info@neksa.org
5. Embassy's website : www.neksa.org
6. Location of Embassy : Sulymanieh, Urubah Street, Post Box No. 94384, Riyadh – 11693, Kingdom of Saudi Arabia
7. Working hours : Sunday – Thursday : 0800 hrs – 1400 hrs

## Oman

1. Embassy of Nepal, Oman
2. Embassy's phone : +968-24696177
3. Embassy's Fax: +968-24696772
4. Embassy's email : eonsmuscat@mofa.gov.np
5. Embassy's website : www.oman.mofa.gov.np

## Bahrain

1. Embassy of Nepal, Bahrain
2. Official Phone number: +973-17725583
3. Embassy's email : eonbahrain@mofa.gov.np, nepalembassy.bahrain@gmail.com
4. Embassy's website : www.eonbahrain.gov.np

## Israel

1. Embassy of Nepal, Israel
2. Embassy's phone : 00972-3-5100111, 5168085
3. Embassy's fax : 00972-3-5167965
4. Embassy's email : telaviv@mofa.gov.np, nepal.embassy@012.net.il, nepembtelaviv@gmail.com
5. Embassy's website : www.nepalembassy-israel.org
6. Location of Embassy : Textile Centre Building, 7th floor 2, Kaufman St., Tel Aviv 68012, Israel
7. Working hours : Sunday – Thursday : 0900 hrs – 1700 hrs

## Korea

1. Embassy of Nepal, Korea
2. Embassy's phone : 0082-2-37899770, 37899771
3. Embassy's fax : 0082-2-7368848
4. Embassy's email : seoul@mofa.gov.np, nepembseoul@yahoo.com, ino@nepembseoul.gov.np
5. Location of Embassy : 37-24, Sungbuk-dong, Sungbuk-gu, Seoul Republic of Korea.
6. Working hours : Monday – Friday : 0930 hrs – 1730 hrs

## १.१२ वैदेशिक रोजगारमा जाने कामदारका लागि सहयोगी सरकारी निकायहरू

### श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

Tel : +977-1- 4211889, 4211991

Fax : +977-1-4211877

Email: info@mole.gov.np

Website: www.mole.gov.np

### परराष्ट्र मन्त्रालय, काठमाडौं, नेपाल

Tel : +977-1- 4200182/83/84/85/86

Fax : +977-1-4200061 , 4200056

E-mail: adm@mofa.gov.np

Website: www.mofa.gov.np

### वैदेशिक रोजगार विभाग, तीनकुने, काठमाडौं, नेपाल

Tel : +977-1-4461299, 4461295

Hotline: +977-1-4112350

Fax : +977-1-4112473

Email : info@dofe.gov.np

Website: www.dofe.gov.np

### वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड, अनामनगर, काठमाडौं, नेपाल

Tel : +977-1-4102607, 4102710, 4102711

Fax : +977-1-4102709

E-mail : info@fepb.gov.np

Website: www.fepb.gov.np

Toll Free Number : 1660 01-50005 (आप्रवासी स्रोत केन्द्र, काठमाडौं)

### वैदेशिक रोजगार न्यायधीकरण, घट्टेकुलो, काठमाडौं, नेपाल

Tel : +977-1-4770281, 4770107, 4770078

## १.१३ सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रहरूको ठेगाना तथा सम्पर्क नम्वरहरू

| क्र.स. | जिल्ला | ठेगाना | सम्पर्क नं. | सूचना केन्द्रको इमेल |
|---|---|---|---|---|
| सामी परियोजना अन्तर्गत सञ्चालित सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रहरू | | | | |
| १. | खोटाङ | दिक्तेल | ०३६-४२०६३५ | samiprojectjssn@gmail.com |
| २. | नवलपरासी | कावासोती | ०७८-५४०९५७ | icchicodef@gmail.com |
| ३. | सर्लाही | हरिवन | ०४६ -५३०६६४ | hariwanicc@gmail.com |
| ४. | सर्लाही | मलंगवा | ०४६ -५२१५०२ | iccmalangwa@gmail.com |
| ५. | रामेछाप | मन्थली | ०४८-५४०३९८ | iccramechhap@gmail.com |
| ६. | कैलाली | धनगढी | ०९१-५२५३५१ | ccsdhn@gmail.com |
| ७. | कास्की | जिल्ला विकास समितिको कार्यालय, पोखरा | | |
| ८. | दाङ | जिल्ला विकास समितिको कार्यालय, घोराही | | |
| ९. | सिन्धुली | जिल्ला विकास समितिको कार्यालय, सिन्धुलीमाढी | | |
| १०. | उदयपुर | जिल्ला विकास समितिको कार्यालय, गाईघाट | | |
| ११. | सिन्धुपाल्चोक | जिल्ला विकास समितिको कार्यालय, चौतारा | | |
| आईओएमको सहयोगमा स्थापित सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्रहरू | | | | |
| १२. | इलाम | इलाम | ०२४-५२००५२ | |
| १३. | बर्दिया | बर्दिया | ०८४-४२०१३९ | |
| १४. | कपिलवस्तु | तौलिहवा | ०७६-५६००२७, ५६०००५ | |
| १५. | झापा | बिर्तामोड | ०२३-५४५६८३ | jhapa@pncc.org.np |
| १६. | चितवन | चितवन | ०५६-५३२४६३ | chitwan@pncc.org.np |
| १७. | काठमाण्डौं[४] | अनामनगर | टोल फ्रि नं. १६६००१५०००५ | info@fepb.gov.np |

४ काठमाण्डौंमा आप्रवासी श्रोत केन्द्र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा रहेको छ।

## १.१४ कफला प्रणालीबारे जानकारी दिने हाते सामाग्री

- नेपालमा भएका सहयोगी संस्थाहरू, नेपाली दुतावास वा त्यहाँको श्रम अदालत आदिको टेलिफोन नम्बर साथमा राख्नुहोस् ।
- त्यस देशको कानूनअनुरूप कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार हुन्छ ।
- राहदानी लगायतका कानुनी कागजातहरू विदेश पुग्ने वित्तिकै प्रायोजक वा मालिकले राख्दछ । तसर्थ, सो अगावै आफ्ना सम्पूर्ण कागजातहरूको छायाँप्रति गरी एकप्रति आफुसँग सुरक्षित राख्नुहोस् । सम्भव भएसम्म एकप्रति कागजातहरू नेपालमा आफ्नो परिवारमा समेत छोड्नुहोस् वा पठाउनुहोस् ।
- कम्पनी वा मालिकले राहदानी राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउनुपर्दछ ।
- रोजगारदातासँग गरेको करार अवधि ख्याल गर्नुपर्दछ । करार अवधि समाप्त भएपछि कि त पुन: करार गर्नुपर्दछ वा स्वदेश फर्कनुपर्दछ ।
- शुरूको करार अवधि सकिएपछि त्यही रोजगारीलाई निरन्तर गर्ने भएमा वैदेशिक रोजगार विभागवाट दिईएको श्रम स्वीकृतिको म्याद सकिएको हुनसक्छ । त्यस्तो अवस्थामा स्वदेश फर्की वैदेशिक रोजगार विभागबाट पुन: श्रम स्वीकृति लिएर मात्र काममा जानुपर्दछ । पुन: श्रम स्वीकृति नलिइ काममा बसेमा कुनै दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भएमा वैदेशीक रोजगार प्रवर्द्धन बोर्डबाट पाउने आर्थिक सहायता, राहत तथा वीमाको सुविधा पाइदैन । समस्यामा परेको खण्डमा उद्धार गर्न समेत समस्या हुन्छ ।

नेपाल सरकार
**श्रम तथा रोजगार मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल ।
फोन: +९७७-१-४२११८८९, ४२११९९१, फ्याक्स: +९७७-१-४२११८७७
ईमेल: info@moltm.gov.np, वेभसाइट: www.moltm.gov.np

SaMi
Safer Migration Project
**सुरक्षित आप्रवासन परियोजना (सामी)**
धोबिघाट, ललितपुर, नेपाल
पो.व.नं. ६८८, काठमाडौं, नेपाल
फोन: +९७७ १ ५५२१०६३, फ्याक्स: +९७७ १ ५५२५१२४
ईमेल: sami@helvetas.org.np, वेभसाइट: www.helvetas.org.np

Pravasi Nepali
PNCC
**प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी)**
जनपथमार्ग, अनामनगर, काठमाडौं, नेपाल
पो.व.नं. २०२१८, फोन: +९७७ १ ४७७०७७५
ईमेल: info@pncc.org.np, वेभसाइट: www.pncc.org.np

# वैदेशिक रोजगारका लागि खाडी मुलुकमा जाने कामदारहरूले जान्नैपर्ने कफला प्रणाली

# (Kafala System)



## वैदेशिक रोजगारका लागि खाडी मुलुकमा जाने कामदारहरूले जान्नैपर्ने कफला प्रणाली (Kafala System)

खाडी राष्ट्रहरू साउदी अरेविया बहराइन, कुवेत, कतार, संयुक्त अरब इमेरेट्स (यु.ए.ई), ओमान अतिरिक्त मध्यपूर्वका अन्य केही मुलुकहरूमा त्यहाँका कम्पनी तथा रोजगारदाताहरूले विदेशी कामदार मगाउने र काममा लगाई आफ्नो संरक्षणमा राख्ने प्रक्रियालाई कफालाप्रणाली भनिन्छ । यसलाई अर्को शब्दमा प्रायोजन प्रणाली (Sponsor System) पनि भनिन्छ । अरविक भाषामा कफला शब्दले "संरक्षकत्व प्रदान गर्नु" भन्ने अर्थ दिन्छ । यसरी संरक्षकत्व प्रदान गर्दै रोजगारी, औषधोपचार, खाना तथा बस्ने ठाँउ प्रदान गर्ने परम्पराको विकसित रूप नै कफाला प्रणाली हो । यस अन्तरगत रोजगारदाता वा कम्पनिले विदेशी कामदारहरूलाई करार अवधिको अन्त्य नभएसम्मको लागि प्रायोजन गरेर अनुबन्धित गर्ने गर्दछन् । तसर्थ यस प्रणाली अन्तर्गत काम गर्न जाने कामदारहरूले करार अवधिभर आफ्नो मालिक/कम्पनी/कपिल/अरबबाप बदल्न निषेध गरिएको छ ।

### कफला प्रणालीमा भएका मुख्य प्रवाधानहरू निम्नलिखित रहेका छन् :

- रोजगारदाता/मालिक बदल्न निषेध हुन्छ । तोकिएको रोजगारदाताले करार अवधिभर अनुबन्धित गर्दछ । करारमा तोकेको भन्दा फरक रोजगारदाताकोमा काम गरेको पाइएमा कानूनको उलंघन गरेको ठहरिन्छ र कानूनतः दण्डनीय हुने कानुनी व्यवस्था रहेको छ ।
- यो क्षेत्रमा स्थापित कानूनी अस्तित्व भएका कम्पनी, संस्था, निकाय वा स्थानीय नागरिकले प्रायोजन गरेको अवस्थामा मात्र आप्रवासी कामदारहरूले त्यस देशमा प्रवेशाज्ञा (भिषा) र आवास अनुमति प्राप्त गर्न सक्नेछन् । कानुनअनुसार कामदारको आवास खर्च सम्पूर्ण रूपमै रोजगारदाता/मालिकले बहन गर्नुपर्दछ ।
- राहदानी लगायतका कानुनी कागजातहरू प्रायोजक वा मालिकले राख्दछ र रोजदारदाता कम्पनीले आफूले करार गरेको अवधिभरी कामदारलाई पूर्ण नियन्त्रणमा राख्दछ । यसरी मालिक वा रोजगारदाता छाडि अर्कामा काम गर्न जानुलाई कफला प्रणाली अर्न्तगत गैरकानुनी मानिन्छ ।
- करार अवधी समाप्ति पछि रोजगारदाता/मालिकको अनुमति (exit clearance report) लिएर मात्र आफ्नो देश फर्किन पाइन्छ ।

धेरै नेपाली कामदारहरू विदेशमा पुगेपछि रोजगारदाता/मालिक मन परेन, उसले करारनामामा उल्लेख भएअनुसार काम, तलब तथा अन्य सेवा सुविधाहरू दिएन, दूर्व्यवहार भयो भनेर मालिक वा कम्पनी छाडी भागेर अन्य मालिक तथा कम्पनीमा काम गर्ने गरेको पाईन्छ । यसरी आफ्नो आधिकारीक रोजगारदाता छोडेर अन्यत्र काम गर्न जाँदा कफला प्रणाली तोडिएको मानिन्छ र त्यस्तो अवस्थामा कामदारहरूलाई निम्न समस्याहरू भोग्नुपर्ने हुनसक्छ :

### कामदारहरू एक कम्पनीबाट अर्को कम्पनीमा भागेर काम गर्दा भेल्नुपर्ने समस्याहरू:

- कुनै पनि बेला विरामी परेमा अस्पतालमा जँचाउन अप्ठेरो हुनका साथै कम्पनीबाट खर्च पाईदैन । दुर्घटना भएको अवस्थामा विमाबाट पाईने क्षतिपुर्ति पाईदैन किनकी विमा पहिलेको कम्पनीमा मात्र गरिएको हुन्छ ।
- मालिक वा कम्पनीबाट शारीरीक तथा मानसिक यातना पाई अप्ठेरो वा अलपत्र परेको वेलामा कानुनी सहायता पाईदैन ।
- काम गर्दा गर्दै वा अन्य कुनै कारणबाट मृत्यु भएको खण्डमा लास पठाउने जिम्मा मालिक वा कम्पनिले लिँदैन । साथै अङ्गभङ्ग भएको अवस्थामा पनि क्षतिपूर्ति पाईदैन । (भागेर काम गरेको कम्पनी तथा पहिला काम गरेको कम्पनी दुवैले जिम्मेवारी नलिने),
- मृतकको परिवारले भागेर काम गरेको कम्पनीबाट पाउनुपर्ने क्षतिपूर्ति पाउन नसक्ने (मृत्यू भएको खण्डमा)
- आफुसँग पासपोर्ट तथा परिचयपत्र (अक्कामा) नहुने हुनाले कुनैपनि बेला त्यहाँको प्रहरीले खानतलासी गरी समाउन सक्ने ।
- घर फर्कने समयमा अनिवार्य रूपमा जेल सजाय भोगेर मात्र फर्कन पाईने (जेल सजाय ६ महिनादेखि माथी रहने)
- कम्पनी मालिकलाई मन नपरेको खण्डमा चोरी वा भगौडाको आरोपमा प्रहरीमा उजुरी दायर गर्न सक्ने ।
- कानुनी आधार नहुनाले लामो समयसम्म काम गरेता पनि कम्पनी वा मालिकले विनातलब पनि काम गराई रहने (कम्पनी वा मालिक तलब दिन बाध्यकारी नहुने)

### कफाला प्रणाली अर्न्तगत कामदारहरूले अपनाउनु पर्ने सतर्कता :

- यदि तपाईंलाई रोजगारदाता/मालिक मन परेन, उसले तलब वा करारनामामा उल्लेख भएअनुसार सेवा सुविधाहरू दिएन, तपाईं माथि दूर्व्यवहार भयो भने तत्काल सम्वन्धित निकायमा (नेपाली दुतावास वा त्यहाँको श्रम अदालत) गई उजुरी गर्नुहोस् । तर पहिलो रोजगारदाता/मालिक छोडेर करार अवधि नपुग्दै अर्को रोजगारदाताकोमा नजानुहोस् ।
- विभिन्न कारणले रोजगारदाता/मालिक मन नपरेको खण्डमा स्वदेश फर्कने अर्को उपाय रोजगारदाता/मालिकसँग बारम्वार "कि त मलाई भने अनुसारको सुविधा दिनु हैन भने मलाई फिर्ता पठाइदिनु" भनी फिर्ता पठाउन बाध्य बनाउनु हो ।
- तपाई आफ्नो रोजगारदाता/मालिकसँग असन्तुष्ट भएको कुरा अरू खराब नियत भएका साथीभाईलाई थाहा भएको खण्डमा ऊनीहरूले तपाइलाई राम्रो काम तथा दामको प्रलोभन दिई भाग्नको लागि उक्साउन सक्छन् । धेरै नेपाली दाजुभाईहरू यस्तो उक्साहटमा परी भागेर पछि ठुलो कानूनी तथा आर्थिक समस्यामा परेका प्रशस्त उदाहरणहरू छन् । तसर्थ कसैको पनि उक्साहट वा प्रलोभनमा लागेर आफ्नो रोजगारदाता/मालिकबाट भाग्ने गल्ती कदापी गर्नुहुँदैन ।

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि

**European Union**

**HELVETAS** Swiss Intercooperation | **NEPAL**

**IOM · OIM**

**SaMi**
Safer Migration Project

**SAFE**
Safe Migration for Migrant Workers







**सुरक्षित आप्रवासन परियोजना (सामी)**
**हेल्भेटास स्वीस इन्टरकोओपरेसन नेपाल**
शान्तिमार्ग, सानेपा-२, ललितपुर
पो.ब.नं. ६८८, काठमाडौं, नेपाल
फोन : + ९७७ १ ५५२१०६३, ५५२१६५२
फ्याक्स : + ९७७ १ ५५२५१२४
इमेल : sami@helvetas.org.np
वेब : www.helvetasnepal.org.np

**अन्तर्राष्ट्रिय आप्रवासन संगठन नेपाल (आईओएम)**
७६८/१२ थिरबम सडक, बालुवाटार-५
काठमाडौं, नेपाल
फोन : + ९७७ १ ४४२६२५०
फ्याक्स : + ९७७ १ ४४३५२२३
पो.ब.नं. : २५५०३
इमेल : iomnepal@iom.int
वेब : www.nepal.iom.int